नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार भदौ २, २०७५ | Saturday, August 18, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलाथ्व ८ | वर्ष २४, अंक २२० | पृष्ठ १२ | मूल्य रु १०/–



२ { ९१ वर्षका सबैका दाइ

५ { प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग बाझिएका कानुन परिवर्तन गर्न जोड

७ { साँफे-मार्तडी सडक खण्ड क्षतविक्षत

९ { देवानी संहिता लागू नहुँदै विरोधका स्वर सुनिनु राम्रो संकेत होइन : कमल थापा




ललितपुर छ्याबहालस्थित पानी जमेको ढुंगे धारामा पानी भर्दै बालिका। वर्षायाम शुरू भएसँगै ललितपुर क्षेत्रका विभिन्न ढुंगे धाराहरूमा पानी आउन थालेको छ।
तस्वीर : उजोल डंगोल/काठमाडौं

# सुस्तायो कांग्रेस

रामकृष्ण चापागाईं, काठमाडौं

स्थानीय, प्रान्तीय र संघीय निर्वाचनबाट राष्ट्रिय राजनीतिमा कमजोर सावित भएको नेपाली कांग्रेस पार्टीको आन्तरिक गतिविधिमा पनि सुस्ताउँदै गएको छ।

तीनै तहको निर्वाचनमा लज्जासपद हार बेहोरेपछि प्रमुख प्रतिपक्षको भूमिकामा रहेको कांग्रेसले पार्टी संरचनालाई सशक्त ढंगले अघि बढाउन सकेको छैन। शीर्ष नेताहरू मात्र हैन केन्द्रदेखि गाउँ तहसम्म गुट-उपगुटमा नेता कार्यकर्ताहरू विभाजित हुनु कांग्रेस सुस्ताउँदै जानुको मुख्य कारण देखिएको छ।



कांग्रेसभित्र मौलाउँदै गएको गुट-उपगुटको कारण पार्टीको सशक्त भ्रातृ संगठन नेपाल तरुण दल, नेपाल विद्यार्थी संघ र नेपाल महिला संघसमेत प्रभावकारी ढंगले अघि बढ्न सकेको छैन।

तरुण दललाई शीर्ष नेताहरूले भागवण्डा गरेपछि नेतृत्वका आकांक्षाका साथ चुनावी मैदानमा रहेका अन्य नेताहरूले तत्कालीन समयमा अध्यक्ष शेरबहादुर देउवा, उपाध्यक्ष कृष्णप्रसाद सिटौला, महासचिव रामचन्द्र पौडेल र कोषाध्यक्ष खुमबहादुर खड्काको भागमा परेको भन्दै पोखराबाट राजधानी फर्किएका थिए।

पोखरामा सम्पन्न महाधिवेशनमा सहमतिमा नेतृत्व चयन नहुने पक्का भएपछि पार्टीका शीर्ष नेताहरूले दुई दिन लम्ब्याएर भए पनि आफ्नो पक्षका नेताहरूलाई पदाधिकारीमा चयन गरेका थिए। महाधिवेशनमा अध्यक्षमा सभापति शेरबहादुर देउवा पक्षका जितजंग बस्नेत, उपाध्यक्षमा नेता कृष्णप्रसाद सिटौला पक्षका उत्तम चापागाईं, महासचिवमा पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका भूपेन्द्रजंग शाही र कोषाध्यक्षमा खुमबहादुर खड्का पक्षका नेता विधान गुरुङलाई चयन गरिएको घोषणा गर्दै कार्यसमितिका बाँकी सदस्य पछि चयन गर्ने भन्दै महाधिवेशन सम्पन्न भएको थियो। तरुण दलको संशोधित विधानअनुसार खुलातर्फ २३, प्रदेशबाट २८, महिलाबाट ८, आदिवासी जनजाति मधेसबाट ४/४ जना, दलित अल्पसंख्यकबाट ३/३ जना तथा थारू मुस्लिमबाट १/१ जना निर्वाचित हुनुपर्नेछ। संशोधित विधानमा अध्यक्षले २ सचिवसहित १६ जना मनोनित गर्ने व्यवस्था गरिएको छ।

नेपाल विद्यार्थी संघभित्रको विवाद चरम उत्सर्गमा पुगेको छ। निर्धारित समयभित्र अधिवेशन हुन नसकी नेविसंघ भंग हुने अवस्थामा पुगिसकेको छ। नेविसंघको अधिवेशन गर्ने म्याद आज शनिबार सकिँदै छ। कांग्रेसभित्र सक्रिय ३ गुटमध्ये रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला गुट नेविसंघभित्र अहिले एकजुट भएका छन्।

सभापति शेरबहादुर देउवा पक्षका अध्यक्ष नैनसिंह महरले नेविसंघलाई विधि विधानबाट भन्दा पनि एकलौटी ढंगले सञ्चालन गरेको आरोप लागिरहेको छ।

नेविसंघको विवाद मिलाई महाधिवेशन गराउन कांग्रेस सहमहामन्त्री डा. प्रकाशशरण महतलाई जिम्मेवारी दिइएको छ। आजदेखि महाधिवेश गर्ने समय सकिने भएपछि ३ महिना म्याद थप गरेर भए पनि अधिवेशन गर्न पौडेल र सिटौला पक्षका विद्यार्थी नेताहरूले दाबाब दिइरहेका छन्। नेविसंघका सहमहामन्त्री माधव ढकाल भन्नुहुन्छ- 'आफ्नो गुट हार्ने डरले नेविसंघ अध्यक्ष महर र महाधिवेशन गराउने जिम्मेवारी लिएका पार्टीका सहमहामन्त्री महतले लोकतान्त्रिक पार्टीको सबैभन्दा ठूलो संगठन नेविसंघलाई अनिर्णयको बन्दी बनाइरहेका छन्।' महिला संघभित्रको विवादले पनि पार्टीको भ्रातृ संगठनभित्र गुट उपगुट कति मौलाएको छ भन्ने स्पष्ट सन्देश दिइरहेको छ। महिला संघको विवाद मिलाउन केन्द्रीय सदस्य एनपी साउदलाई जिम्मेवारी दिइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

धरहरा पुनर्निर्माण अन्योलमा

# लगातार पाँचौंपटक स्थगित

ईश्वरराज ढकाल, काठमाडौं



धरहरा पुनर्निर्माण गर्न आहवान गरिएको आर्थिक प्रस्ताव खोल्ने मिति पाँचौंपटक स्थगित भएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले शुक्रबार प्रस्ताव खोल्ने मिति तय गरेको थियो। प्राविधिक प्रस्ताव पास भएका पाँच कम्पनीमध्ये कुनै एकको कागजात शंकास्पद भएको जनाउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उजुरी परेको थियो।

सो उजुरी छानबिनका क्रममा रहेकाले शुक्रबार तय गरेको मितिमा प्रस्ताव खोल्न नसकिएको प्राधिकरणका सहसचिव राजुमान मानन्धरले जानकारी दिनुभयो।

प्राधिकरणले पुनः ५ गते प्रस्ताव खोल्ने नयाँ मिति तय गरेको छ। 'कसको विरुद्धमा उजुरी दिएको हो भन्ने विषयमा प्राधिकरणलाई जानकारी नहुँदा समस्या परेको हो', उहाँले भन्नुभयो- 'उजुरी परेको कम्पनीबारे जानकारी भएको भए समयमै छानबिन भएर टुङ्गो लाग्ने थियो।' प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले शंकास्पद कम्पनीको विषयका बारेमा छानबिन गरिरहेको उहाँले जानकारी दिनुभयो।

लगातार सूचना निकाल्दै म्याद थप गरिरहँदा टेन्डर दिएका कम्पनीलाई समेत समस्या परेको छ। सार्वजनिक खरिद नियमावलीअनुसार लगातार सय दिनसम्म टेन्डर खोल्न नसकेपछि पुनः टेन्डर गर्नुपर्ने हुन्छ। बिड भ्यालिडिटी पिरियड सय दिनको हुने भएकाले पुनः सूचना निकाल्न मिल्ने प्राधिकरणले जनाएको छ। सूचना निकाल्दै प्रस्ताव खोल्ने मिति स्थगित गरेको करिब दुई महिना बितिसकेको छ। प्राधिकरणले पहिलोपटक वैशाख ३१ गते सूचना जारी गरी प्रस्ताव आहवान गरेको थियो। लगत्तै असार २० गते सूचना जारी गरी असार २६ गते आर्थिक प्रस्ताव खोल्ने मिति सार्वजनिक गरेको थियो।

त्यसपछि लगातार चौथो पटकसम्म स्थगित भएको छ। अब भदौ ५ गते कुनै पनि हालतमा प्रस्ताव खोल्ने गरी तयारी भइरहेको सहसचिव मानन्धरले जानकारी दिनुभयो। 'प्रधानमन्त्री कार्यालयको समेत चासो बढेपछि शंस्कास्पद उजुरी छानबिन गरी ५ गते नै प्रस्ताव खोल्ने तयारी गरेका छौं।' -उहाँको भनाइ छ।

धरहरा पुनर्निर्माणका लागि जेइक-लामा जेभी, सीआर ५ सीईसी-स्वच्छन्द जेभी, कुमार-सीएफईसी जेभी, जीआईईटीसी-रमनजेभी, सीआईसीओ कालिका-रसुवा जेभीले प्रस्ताव पेस गरेका थिए।

(क्रमशः पृष्ठ ९ मा)

## इमरान खान प्रधानमन्त्रीमा निर्वाचित

इस्लामावाद, (एजेन्सी)



पाकिस्तानको नेसनल एसेम्बलीले शुक्रबार सदनमा भएको निर्वाचनद्वारा पाकिस्तान तहरिक-ए-इन्साफ (पीटीआई) प्रमुख इमरान खानलाई देशको २२औं प्रधानमन्त्रीमा चुनेको छ। उनको विरोधमा पीएमएल-एनका तर्फबाट प्रत्यासी बनेका शाहबाज सरिफलाई पराजित गर्दै इमरान खान प्रधानमन्त्रीमा निर्वाचित भएका हुन्।

गत जुलाई २५ मा सम्पन्न चुनावमा इमरानको पार्टी सबैभन्दा ठूलो पार्टी बनेको हो। इमरानले शनिबार प्रधानमन्त्रीको शपथ लिनेछन्।

जियो न्युजका अनुसार पीएमएल-एन र अन्य विपक्षी पार्टीलाई साथ दिइरहेका पीपीपीले शाहबाज सरिफको उम्मेदवारीलाई समर्थन गर्न हात झिकेका थिए। पाकिस्तान पिपल्स पार्टी (पीपीपी) का सांसदहरू मतदानमा अनुपस्थित रहेका थिए। जमात-ए-इस्लामीका एक सदस्यले पनि मतदानमा भाग लिएनन्।

(क्रमशः पृष्ठ ९ मा)

# कोटेश्वर जाम घटाउन वैकल्पिक सडक

मधुसूदन रायमाझी, काठमाडौं

कोटेश्वर चोकमा दैनिकरूपमा बढ्दो ट्राफिक जामलाई व्यवस्थापन गर्न दुईवटा वैकल्पिक सडक सञ्चालनमा ल्याइने भएको छ। दैनिकरूपमा घण्टौं जाम हुने क्रम बढेपछि सडक विभागले दुईवटा वैकल्पिक सडक र सर्भिस ट्र्याक सञ्चालनमा ल्याउने काम अगाडि बढाएको हो।

काठमाडौं प्रवेश गर्ने मुख्य नाकाका रूपमा रहेको कोटेश्वरमा वैकल्पिक सडक निर्माण नहुँदा एम्बुलेन्ससमेत जाममा पर्ने गरेका छन्। सडक विभागअन्तर्गत काठमाडौं डिभिजन कार्यालयले सडकको दायाँबायाँ सर्भिस ट्र्यास सञ्चालनमा ल्याउनका लागि गृहकार्य अगाडि बढाएको छ। डिभिजन कार्यालयले मनहरा खोलामा अस्थायी बेलिब्रिज निर्माण गरेर कोटेश्वर हुँदै चक्रपथतर्फ सञ्चालन हुने सवारीसाधनलाई मनहरा खोलाबाट बालकुमारीको पुलतर्फ सञ्चालन गर्ने भएको छ। डिभिजन कार्यालयले करिब डेढ किलोमिटर सडकमा नयाँ ट्र्याक निर्माण गरेर केही समयभित्र नै सञ्चानल गर्ने गरी काम अगाडि बढाएको छ।

डिभिजन कार्यालयका निमित्त डिभिजन प्रमुख सुशीलराज भण्डारीले वैकल्पिक सडक निर्माणका लागि स्थलगत अध्ययन सम्पन्न भइसकेको बताउँदै केही समयभित्र नै सञ्चालनमा ल्याइने बताउनुभयो। हाल निर्माण भइरहेको मनहरा कोरिडोर हुँदै करिब डेढ किलोमिटर वैकल्पिक सडकका रूपमा सञ्चालन गर्न लागिएको हो', उहाँले भन्नुभयो- 'मनहरा खोलालाई आँखा अस्पताल हुँदै बालकुमारीसँग सात मिटर चौडाइ भएको सडकका रूपमा सञ्चालनमा ल्याउँछौं।'

(क्रमशः पृष्ठ ९ मा)

# विप्लवलाई सुरक्षा थ्रेट

## छुट्ने आदेशलगत्तै प्रकाण्ड पक्राउ

प्रशान्त वली, काठमाडौं

विप्लव नेतृत्वको नेकपालाई प्रहरीले कडा निगरानीमा राखेको छ। सो पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'लाई समेत प्रहरीले पक्राउ पुर्जी जारी गरेको छ। हाल विप्लवलगायत उनको नेतृत्वको नेकपाका केन्द्रीय नेताहरू भूमिगत छन्।

सो पार्टीका एक उच्च नेताले विप्लव कहाँ छन् भन्नेबारे आफूलाई जानकारी नभएको बताए। यसै क्रममा केही दिनअघि प्रहरीले नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'लाई चन्दा असुली गरेको आरोपमा काठमाडौंस्थित टौदहबाट पक्राउ गरेको थियो। विशेष सूचनाका आधारमा प्रहरीले प्रकाण्डलाई पक्राउ गरी अनुसन्धान गरेको हो।

सो पार्टीका प्रवक्ता प्रकाण्डलाई शुक्रबार सर्वोच्चबाट छुट्न आदेश दिएलगत्तै महानगरीय प्रहरी परिसरले सर्वोच्चको गेट अगाडिबाटै पुनः पक्राउ गरेको छ। सर्वोच्चका न्यायाधीशद्वय चोलेन्द्रशमशेर राणा र तेजबहादुर केसीको संयुक्त इजलासले शुक्रबार रिहा गर्न आदेश दिएको थियो। सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार राजन भट्टराईको रोहबरमा छाड्न आदेश भएको हो।

(क्रमशः पृष्ठ ९ मा)

# समूहगत रूपमा कर्मचारी खटाउने तयारी

सुनील महर्जन, काठमाडौं

केन्द्र सरकारले प्रदेशमा समूहगत रूपमै कर्मचारी खटाउने तयारी गरेको छ।

केन्द्रले व्यक्ति, व्यक्तिको दरबन्दी तोकेर कर्मचारी पठाइरहेकामा अहिले आएर समूहगत रूपमा प्रदेश सरकारलाई कर्मचारी पठाउने तयारी गरेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ।

केन्द्रले प्रदेशमा एकमुष्ट कर्मचारी पठाएपछि मात्र प्रदेश मातहतका कार्यालयमा खटाउने जिम्मेवारी प्रदेश सरकारलाई दिएको हो। प्रदेशमा सचिवस्तरको कर्मचारी खटाउने अधिकार भने केन्द्र आफैले नै राखेको छ।

प्रदेश सरकारमा केन्द्रका सहसचिव नै सचिव हुने प्रावधान छ। प्रदेश मातहत दरबन्दी सिर्जना गरिएका राजपत्रांकित दोस्रो श्रेणी 'उपसचिव' र उपसचिवभन्दा मुनिका कर्मचारी अब एकमुष्ठरूपमा प्रदेश सरकारलाई पठाउने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ।

अहिले केन्द्रबाट खटाइएका कर्मचारीलाई प्रदेशको निर्देशनालय तथा सो स्तरको कार्यालयमा खटाउने जिम्मा अबदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिइएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। 'अब केन्द्रले प्रदेश सरकारका लागि एकमुष्ट कर्मचारी पठाउँछौं', प्रवक्ता अधिकारीले भन्नुभयो- 'अनि मुख्यमन्त्रीको कार्यालयले आवश्यक पर्ने ठाउँमा कर्मचारी पठाउँछ।'

कर्मचारी समायोजन ऐन २०७४ अनुसार तीन तहमा कर्मचारी समायोजन नभएसम्मका लागि सम्बन्धित प्रदेशका मुख्यमन्त्री र मन्त्रिपरिषद्को कार्यालयले नै कर्मचारी खटाउने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

खटाइएका कर्मचारीको अध्ययन र असाधारण बिदाबाहेक अन्य बिदा काज स्वीकृत गर्ने, पुरस्कृत वा विभागीय कारबाही गर्नुपर्ने भए सिफारिस गर्नुपर्नेजस्ता अधिकार प्रदेश प्रमुख सचिवलाई प्रदान गरिएको छ। संगठन संरचनाअनुसार सातवटै प्रदेशमा १६ हजार ५ सय ७० कर्मचारी रहनेछन्।

संघले कर्मचारी समायोजन कानुनअन्तर्गत आफूलाई चाहिने कर्मचारी राखेर फाजिल कर्मचारी प्रदेश र स्थानीय तहमा पठाएको छ। आवश्यकतालाई विचार गरेर नपठाइएको सम्बन्धित प्रदेशका पदाधिकारीको भनाइ रहेको छ।

महिनौं बितिसक्दा पनि सरकारले प्रदेशमा कर्मचारी खटाउन नसकेपछि प्रदेशका अधिकारीहरूले प्रदेश मन्त्रिपरिषद्बाट निर्णय गरेर भए पनि कर्मचारी पदपूर्ति गर्ने चेतावनी दिएको थियो। सरकारले स्वैच्छिक अवकाश लिन चाहने कर्मचारीहरूको समस्या हल गर्न नसक्नु, दल निकट कर्मचारीलाई बढी प्राथमिकतामा राख्नुले समायोजनमा समस्या देखिएको कर्मचारीहरूको बुझाइ रहेको छ।

# महानगर

राजधानी लोडसेडिङले आक्रान्त भएको यो समयमा हुम्लाका तिनै जीवनले फोन गरेर भैरवलाई हिटर बालेर भात खाँदै छु भन्दा भैरव यता अघाएजस्तै भए।


Go Ahead

# ९१ वर्षका सबैका दाइ

कमल ढकाल
dhakal_kamal@hotmail.com

'१२ छोरा १३ नाति बुढाको धोक्रो काँधैमाथि' बुढापाकालाई संकेत गरेर भनिने यो उखान कति वर्षको उमेरलाई काम लाग्ला? औसत आयु ६४ पुगेको यो मुलुकमा त्योभन्दा माथिको वर्ष त पक्कै बुढोमा गनिने हो। मान्छेको सोचले पो मान्छेलाई बुढो बनाउने रहेछ। काम गर्न सक्छु भनेर हिँड्यो भने २० वर्षे युवाले ९० वर्षको मान्छेलाई हजुरबा होइन दाइ भन्ने रहेछ।

लगन छ भने सफल हुनलाई लगानी चाहिँदैन। यसकै उदाहरण हुन् भैरव रिसाल। २ दिनअघि मात्र आफैले लेखेको किताब विमोचन गरेर जन्मदिन मनाएका भैरव 'राम्रो सोच मात्र उमारे पुग्ने रहेछ, पैसा त त्यत्तिकै आउँदो रहेछ' भन्छन्।



विसं १९८५ मा भक्तपुरको गुन्डुमा जन्मेका भैरवले आकारमा भैरव नभए पनि कामले महाभैरवको रूप धारण गरेका छन्। आमाको मायाको अभाव सानैमा भएर पनि होला भैरवमा देशप्रेम बिछट्टै रहेछ। ४ वर्ष हुँदा आमा गणेशकुमारीको मृत्युसँगै बाबु गोवर्द्धनका पनि २ वटी श्रीमती नै बिते। सानैमा बाबुआमा मर्ने, बैंसमा स्वास्नी मर्ने यो अभागी ठाउँ नै नफापेर पो हो कि क्या हो भनेर बाबु गोवर्द्धनले भक्तपुरको दधिकोटमा बसाइ सरे।

लुभुमा संस्कृत खारेका रिसाल ब्राह्मण परिवारका भएकाले बाबुले जजमानी गरोस् र वाचक होस् भन्ने चाहना गरेका थिए। तीनधारा संस्कृत प्रधान पाठशालाबाट संस्कृतमा आचार्य गरेपछि हालखबर दैनिकमा २०१३ सालमा काम गरे। त्यो हुँदै रासस्मा काम गरेका उनी लामो समय त्यहीं बिताए। जिन्दगी नै पत्रकारितामा बिताएका रिसाल अहिले पनि रेडियो सगरमाथामा कार्यक्रम चलाउँछन्।

समयअनुसार बदलिएको प्रविधिको प्रयोग गर्दै सफलतासँगै बदलिएको घर अनामनगरमा फोनमै सगरमाथाको कुरोकन्थो चलाउँछन् भैरव। उहिले बाजेका पालामा रेकर्डेड हुने गरेको छ भने कार्यक्रम खुला मञ्च चलाउन सगरमाथाको स्टेसनमै पुग्छन् उनी। वातावरण पत्रकार समूहको कार्यालय थापाथलीमा भेटिएका भैरव निकै रसिक छन्। ४ पुस्तासँगै बसेको अनामनगरको घरमा भैरव दम्पती, उनका एक बुहारी, नातिका साथै भैरवकी सासूआमा पनि छिन्। उमेरभन्दा निकै योङ लाग्ने र नाति उमेरले पनि दाइ भन्ने भैरव अनामनगरबाट थापाथली हिँडेरै आउने रहेछन्।

बिहान ५ देखि सवा ५ सम्ममा बिस्तरा छाडिसक्ने भैरवको गत पुसदेखि केही दिनचर्या फेरिएको छ। साधारण व्यायाम र योग गर्ने भैरवलाई ढाड र घुँडा दुख्न थालेपछि आजकल थेरापीतिर लागेका छन्। पहिले चिया आफै बनाउने भैरवलाई बिमारी भएपछि ढाडको हाड र नसाको समस्याले देब्रे तिघ्राको पछिल्लो भागमा समेत असर पर्‍यो। उभिन र हिँड्न नहुने भयो, त्यसैले घरपरिवारले धेरै धपेडी नगर्न भनेपछि आजकलै कसैलाई दु:ख नदिई आफै चिया पकाउने उनको मन खुम्चिएको छ।

पत्रकार भनेकै पढलेखमा रमाउने जात हो। उसलाई सूचनाको दुनियाँबाट टाढा राख्यो भने पानीबिनाको माछाजस्तो हुन्छ। घटनासँग अभ्यस्त भएर २/४ जनासँग विश्लेषणात्मक कुरा गर्न पाएन भने पत्रकारलाई भित्रदेखि खरो भएर आउँछ। भैरव पनि पत्रकार भएको आधा शताब्दी नाघ्यो। त्यही भएर बिहानको चियापछिको उनको समय पत्रपत्रिका पढ्ने र रेडियो सुन्ने नै हो। घरमा आउने दैनिक पत्रिका, रेडियो र बीबीसी भैरवका बिहानका ब्रेकफास्ट हुन्। त्यहीबीचमा कहिलेकाहीं जिन्दगीमा कमाएको मान्छे र पेसाको फोन आउँछ। त्यसले पनि उनलाई अम्मलीले खैनी पाएजस्तो काम गर्छ।

राष्ट्रिय पत्रकारिता पुरस्कार, गोविन्द वियोगी पत्रकारिता पुरस्कार, जगदम्बा श्री पुरस्कार, अब्राहम कन्जरभेसनलगायत थुप्रै पुरस्कार जितेका भैरव दाइले श्रीमतीलाई माया गर्न सिकाउँदै 'सुशीला भैरव' नामक एक पुस्तक निकालेका छन्।

उमेरभन्दा धेरै काम गरेका भैरव नभेटी नहुने मान्छे रहेछन्। पत्रकारिता, विकास, अन्वेषण, विश्लेषण र इतिहासका पोका उनी जे कुरा गर्‍यो त्यसमै धाराप्रवाह बोल्न सक्ने खुबी राख्छन्। पुरस्कारको भकारी भैरव कसैले केही समस्या भन्यो कि त्यसमा फोकस भएर काममा लाग्न खोजिहाल्ने रहेछन्। उनको स्वभावले उनलाई सफल बनाउँदै लगेको रहेछ। राणाकालदेखिको इतिहासका साक्षी उनी आफ्नो उमेर बिर्सेर सधैं नयाँ-नयाँ काममा लागिरहन्छन्। नयाँ र अनौठा काममा रुचि देखाउने भैरव दाइले बुहारी पढाउने छात्रवृत्ति आफ्नै गाउँमा खोलेका थिए। आलु बीउ विकास कार्यक्रममा आएको एक स्विसले भैरवलाई ४ हजार दिँदै भन्यो- 'ल भैरव कति आलुको विकासमा मात्र काम गर्छौ, यो आलुबाहेक जेमा खर्च गर्छौ गर।' घर बनाउँदै गरेका भैरवको दिमागले क्याल्कुलेसन गर्दा ४ हजारको १७ बोरा सिमेन्ट आउँथ्यो। घरमै हालौं कि जस्तो पनि भयो। शिक्षामा केही गर्न पाए भन्दै कल्पेको मनले सिमेन्टभन्दा कडा जम्ने काम गर्न खोज्दै थियो। एक साथीले छोरी त पढिहाल्छन् नि बुहारीलाई पढाउनु पो राम्रो भनेको सुने। तत्काले भैरवले बुहारी छात्रवृत्ति राखे। नि:शुल्क पढाउन पाउने भएपछि जाऊ न पढ भनेर सासूले बुहारीलाई पढाउन पठाए, जुन कामले भैरवलाई सम्झँदा आनन्द दिने रहेछ।

नयाँ जनगणना आएको छैन। पुरानो जनगणनालाई हेर्ने हो भने नेपालमा ४२ प्रतिशत मान्छेसँग रेडियो छैन। चेपाङलाई रेडियो सुनाउन गल्ली चहार्ने भैरव पछिल्ला दिनमा मान्छेलाई सुसूचित बनाउन चेपाङ र सबैका लागि रेडियो बाँड्दै हिँडेका छन्। १ हजार ४ सय २० घरमा रेडियो बाँडिसकिएको उनले बताए। मकवानपुर, चितवन, धादिङ, नवलपरासी, पाल्पा, ताप्लेजुङ र सप्तरीका कम्युनिटी एफएमलाई उनीहरूकै गीत र कथा भनेर दिनुस् भनेर रेडियो बाँडेको कुराले प्रफुल्ल बन्दा रहेछन् भैरव।

४ हजार भए हुम्लाको १ घरमा बत्ती बाल्न पाइन्थ्यो भनेर हुम्लाकै जीवनबहादुर शाहीले भनेपछि बत्ती बाल्न दाइजोका रकम माग्नेलगायतका काम गरी २२ लाख उठाए भैरवले। जसका कारण सोलारबाट ५ सय घरमा बत्ती बलेको छ अहिले। राजधानी लोडसेडिङले आक्रान्त भएको यो समयमा हुम्लाका तिनै जीवनले फोन गरेर भैरवलाई हिटर बालेर भात खाँदै छु भन्दा भैरव यता अघाएजस्तै भए।

जिन्दगीभर असल काम गर्न खोज्ने भैरवले मरेपछि पनि आफ्नो शरीर दधिचीको हाडजस्तै बनोस् भनेर शव दान गरिसकेका छन्। बीपी मेमोरियलबाहेक अरूले सहजै शव लिन नमान्ने भएकाले कानुनी कागज मिलाउन वकिल राखेका छन्। उनको वकिलले भनेका छन्- 'मालपोतमा पास गराएर दिनुपर्छ। सहजै शव लिन नमान्ने अस्पतालका कुन कुरा ठीक कुन कुरा बेठीक उनले छुट्याउन सकेका छैनन्।'

गतहप्ता जन्मदिन मनाएर ९१ वर्ष पुगेका भैरव रिसाललाई जन्म दिवसको कार्यक्रममा सबैले भन्दथे- 'भैरव दाइ भैरव दाइ यसो गर्नुस्, उसो गर्नुस्, त्यसो गर्नुस्।' भैरव पनि ९१ उल्टाएर १९ वर्षे ठिटोझैं सबैका कुरा सुनेर गमदारी हुँदै भन्दथे- 'हो यसो गर्नुपर्छ, उसो गर्नुपर्छ, त्यसो गर्नुपर्छ।' भैरव दाइलाई नेपाल समाचारपत्रका तर्फबाट र पंक्तिकारका तर्फबाट शुभकामना!

गतहप्ता जन्मदिन मनाएर ९१ वर्ष पुगेका भैरव रिसाललाई जन्म दिवसको कार्यक्रममा सबैले भन्दथे- 'भैरव दाइ भैरव दाइ यसो गर्नुस्, उसो गर्नुस्, त्यसो गर्नुस्।' भैरव पनि ९१ उल्टाएर १९ वर्षे ठिटोझैं सबैका कुरा सुनेर गमदारी हुँदै भन्दथे- 'हो यसो गर्नुपर्छ, उसो गर्नुपर्छ, त्यसो गर्नुपर्छ।' भैरव दाइलाई नेपाल समाचारपत्रका तर्फबाट र पंक्तिकारका तर्फबाट शुभकामना!

# लोकगीतमा कलाको कमाल





रश्मी थापा

यतिखेर नेपाली गीतसंगीतमा हिन्दू नारीहरूको पर्व तीजको प्रभाव छ। नेपाली लोक गीतसंगीत तीजमय बनेको छ। यो मौसममा तीज गीतहरूको बाढी नै आइरहेको छ। लोक तथा दोहारी गीतको क्षेत्रमा १ दशकदेखि रहेकी गायिका कला लम्साल पनि तीज गीत *महारानी* म्युजिक भिडियोसहित लिएर दर्शक, स्रोतामाझ आएकी छिन्। जसमा उनलाई अर्की गायिका शीतल शर्मा र शिव हमालले साथ दिएका छन्। गीतमा शब्द र लय शिव हमालको रहेको छ। अघिल्ला तीजमा पनि *छड्के तीलहरी, छड्के तीलहरी-२* गरी विभिन्न तीज गीत ल्याएकी कला आफूमा गीत गाउने कला जन्मजात नै आएको बताउँछिन्।

तनहुँ जिल्लाको थर्पुमा जन्मेकी कला आमा लीलादेवी लम्साल र बुबा लीलामणि लम्सालकी कान्छी सन्तान हुन्। लोकगीतको उर्वर भूमि तनहुँको हावापानी तथा कोमल वली, लक्ष्मी न्यौपानेजस्ता गायिकाहरूको गीत रेडियोमा सुन्दै हुर्केकी कला सानैदेखि आफूमा गीत गाउने रहर भएको र विद्यालयमा हुने विभिन्न कार्यक्रम तथा स्पर्धाबाट आफू गीतसंगीतसँग नजिकिँदै गएको बताउँछिन्।

तनहुँबाट एसएलसीसम्मको पढाइ पूरा गरी पोखरास्थित पीएन क्याम्पसबाट इन्टर गरेकी उनी ब्याचलर पढ्न काठमाडौं आएसँगै गीतसंगीतसँग अझ नजिकिन पुगिन्। गीतसंगीतमा प्रवेश गर्ने क्रममा आफ्नै लय शब्दमा पहिलो लोकदोहोरी एल्बम *मर्न पाए खुसी हुन्थे म* बाट २०६५ सालमा गीतसंगीतको क्षेत्रमा औपचारिकरूपमा प्रवेश गरेकी उनले हालसम्म *छड्के तीलहरी, छड्के तीलहरी-२, वनैमा फुलेको चमेली, दही जमाउने ठेकी फूलको डाली* जस्ता गीतसहित ९ एल्बम बजारमा ल्याएकी छिन्। यी गीतमा उनलाई शिव हमाल, रामजी खाण, खुमन अधिकारी, तेजेश अधिकारी, प्रीति आलेमगर, शीतल शर्माजस्ता गायक गायिकाले साथ दिएका छन्।

'पहिलो एल्बम निकालेको समयमा सीडी बिक्री हुन्थे। रेडियो, एफएममा गीत बज्थे। अग्रज कलाकारले त क्यासेट बेचेरै घर, गाडी पनि किन्थे। तर नयाँ कलाकारको गीत भने मिडियाले बजाउन अप्ठेरो मान्थे', कलाको अनुभव छ- 'अहिले त्यस्तो छैन। अहिले गीत सुन्नेभन्दा पनि हेर्नेको जमात बाक्लो छ। कलाकारले आफ्नै युट्युब च्यानलमार्फत गीत अपलोड गरेर युट्युब भ्युजबाट इनकम प्राप्त गर्न सम्भव भएको छ। चलेका कलाकारलाई स्पेसल्ली स्टेज कार्यक्रमले नामसँगै दाम कमाउने अवसर दिएको छ।'

नेपाल प्रहरीमा ६ वर्ष गायिकाको रूपमा काम गरेकी उनी प्रहरी गीत गाउनुको साथै शब्द पनि लेख्ने गर्थिन्। प्रहरीको जागिरबाट राजिनामा दिएपछि गीतसंगीतमा नै समय बिताइरहेकी कलाले नेपालका विभिन्न स्थानमा हुने मेला महोत्सवदेखि रसिया, युएई, भारतलगायतका देशमा हुने विभिन्न सांगीतिक कार्यक्रममार्फत आफ्नो गायनकला देखाइकेकी छिन्। तीज कार्यक्रमका लागि छिट्टै बेलायत जाने तयारीमा रहेकी उनी कार्यक्रममै सहभागी हुनका लागि जापानलगायत देशहरूको भिसाको प्रतिक्षामा छिन्।

नेपाली गीतसंगीतमा सेन्सर निकाय तथा मापदण्ड नभएका कारण नै लोकगीतको क्षेत्रमा विकृति भित्रिएकाले संगीत क्षेत्रका राम्रा र मौलिक गीत गाउने कलाकारलाई पनि अप्ठेरो परेको कलाको धारणा छ। 'कुनै मेला महोत्सवमा जाँदा त्यहाँ विभिन्न किसिमका गीत गाउने गायक गायिकाको सहभागिता हुन्छ। उच्छृंखल प्रस्तुति दिइरहेका कलाकारको प्रस्तुति नै धेरै दर्शकले मन पराइरहेका हुन्छन् भने मिडियामा पनि उनीहरूकै क्रियाकलापलाई बढी महत्त्व दिएर प्रस्तुत गरिन्छ', कलाको गुनासो छ- 'जसले गर्दा राम्रो गर्न खोज्ने कलाकार छायाँमा परेका छन्। त्यस्ता गीत गाउने कलाकारलाई दर्शक तथा मिडियाले नै स्थान नदिए विकृति नै आउँदैन। यसकारण लोकगीतमा विकृति भित्रनुमा सबैको दोष छ।' कार्यक्रममा प्रस्तुति दिँदा नेपाली गुन्यु चोलीमा प्रस्तुत हुने उनी पछिल्लो समय आफ्ना गीतमा आफै अभिनय गरेर आफ्नो कलाको दायरा अझ फराकिलो बनाइरहेकी छिन्। लाइभ दोहोरीमा राम्रो प्रस्तुति दिने उनी पढाइसँगै गीतसंगीतलाई पनि अगाडि बढाउने सोचमा छिन्।



## आमा बन्ने तयारी

अमेरिकामा रहँदै आएकी अभिनेतृ युना उप्रेतीले फेसबुकमा पोस्ट गरेको गर्भवती अवस्थाको तस्वीर।

PAGE3

## हेयर केयर

गायक युवराज चौलागाई हेयर स्टाइलका लागि ब्युटिसियनका साथ राजधानीको फेसियल हाउसमा।



# नर्वेमा मन मगनसँगै गोरी काली सानी मोरी



तस्वीर : मनोहर प्रधान


नर्वेको ओस्लोमा नेपाली गीत संगीत घन्किएको छ। पप गायक दीपक बज्राचार्य, गायिका नलिना चित्रकार तथा रिदम ब्यान्डका बिकी शाक्य, रिकी शाक्य र रौनक कायस्थले युरोपका विभिन्न देशमा कन्सर्ट गर्ने क्रममा हालै नर्वेको ओस्लोमा पहिलो कन्सर्ट गर्दै नेपाली गीत संगीत घन्काएका हुन्।

कन्र्सटको शुरूमा नलिनाले आफ्नो चर्चित गीत गोरी *काली सानी मोरी* गाएर दर्शक नचाएकी थिइन्। आफ्ना नयाँ तथा पुराना गीत गाउने क्रममा उनले आफ्ना समकालीन तथा अग्रजका गीत पनि प्रस्तुत गरेकी थिइन् ।कन्सर्टको अर्को आकर्षण गायक दीपक बज्राचार्य थिए। उनले रिदम ब्यान्डसँग संयुक्त प्रस्तुति दिएका थिए। लाइभ प्रस्तुतिका क्रममा उनले आफ्नो चर्चित गीत *ओ अमिरा*को साथमा *कालीकाली हिस्सी परेकी*लगायतका नयाँ पुराना गीत गाउँदा दर्शकले नाचेर साथ दिएका थिए। त्यस्तै नेपालका विभिन्न समुदायको संस्कृतिलाई समावेश गरी तयार पारिएको पछिल्लो गीत *मनमगन* प्रस्तुत गरेर झुमाएका थिए भने यही गीतमा नर्वेका स्थानीय कलाकारले नेपालको सांस्कृतिक लाखे नाच र पुली किसी प्रस्तुत गरेको थियो।

कन्सर्टमा गायक विष्णु छेत्री र सीताराम पोखरेलको पनि प्रस्तुति रहेको थियो। उनीहरूले आफ्ना चर्चित गीत प्रस्तुत गर्दा दर्शकले प्रशंसा गरेका थिए। करिब २ सय दर्शकको सहभागिता रहेको कन्सर्ट हाम्रो इभेन्ट, ओस्लोले आयोजना गरेको नर्वेबाट *नेपाल समाचारपत्र*का सहयोगी द्वारिका महर्जनले जानकारी गराएका छन्।



# रणवीर र दीपिकाको बिहे पक्का



केही वर्षयता प्रेम सम्बन्धमा रहेका बलिउड नायक रणवीर सिंह र दीपिका पादुकोणको विवाह हुने चर्चा लामो समयदेखि चलिरहेको छ। अब भने उनीहरू विवाह बन्धनमा बाँधिने पक्का भएको छ।

भारतीय सञ्चार माध्यमका अनुसार उनीहरू नोभेम्बर २० तारिखमा विवाह बन्धनमा बाँधिने भएका छन्। दीपिकाको मन पर्ने देश इटालीमा हुने विवाहमा उनीहरूका निकट र आफन्तको सहभागिता रहने समाचारमा जनाइएको छ। बिहे गरेर फर्केपछि दुवैले आफन्त र साथीलाई मुम्बई र दीपिकाको जन्मस्थान बैंग्लोरमा छुट्टाछुट्टै ग्र्यान्ड रिसेप्सन दिनेछन्। उनीहरू र उनीहरूको पारिवारिक पक्षबाट भने विवाहका बारेमा आधिकारिक जानकारी बाहिरिएको छैन। अभिनेता कवीर बेदीले भने सामाजिक सञ्जालबाट यी दुईको विवाह तय भएको जानकारी दिएका छन्। समाचारअनुसार हाल दुवैका परिवार विवाहको तयारीमा जुटेका छन्। दीपवीर नामबाट दर्शकमाँझ चिनिएको यो जोडीले *रामलीला, बाजिराव मस्तानी, पद्मावत*लगायत फिल्ममा एकैसाथ काम गरेका छन्।

# अमेरिकी गायिका अरिथाको निधन



प्रसिद्ध अमेरिकी गायिका अरिथा फ्रान्कलिनको ७६ वर्षको उमेरमा निधन भएको छ। उनको अमेरिकाको डेट्रोइटस्थित आफ्नै घरमा निधन भएको थियो। उनको निधनको खबर उनका पारिवारिक सदस्यले दिएका थिए।

गायनमार्फत १७ पटक *ग्रामी अवार्ड* जितेकी उनी पेटको क्यान्सरबाट ग्रसित थिइन्। क्विन अफ सौल (आत्माकी रानी) को उपनामले पनि चिनिने उनी शास्त्रीय र जनताका गीत गायनमा दख्खल थिइन्। सन् २०१० मा उनलाई क्यान्सर भएको पत्ता लागेको थियो भने केही दिनदेखि अस्वस्थ थिइन्।





सर्वत्र बजारमा उपलब्ध

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू

» आयुष्मान + प्रियंका = आयंका
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

» कति चाँडै तीजको लहर !
तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

» सेलाउँदै सिनेमा
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

» सफलतासँगै असफलता
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

» शेयर वृद्धि राहत, बक्स अफिस आहत !
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरूले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरूले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

» आमाअघिको नेपाली सिनेमा
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

» ब्युटी पेजेन्ट र मोडलिङ परिवेश
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयां।

आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्

# साहित्य

कविता अनुभूतिले रंग्याएको बुद्धि हो।
- विल्सन

अज्ञानको ग्रन्थि नष्ट हुनु नै मुक्ति हो।
- शिव-गीता

व्यक्तिवृत्त

## कलाका सुन्दर रङ्ग के.के. कर्माचार्य

मोहन दुवाल

पुर्ख्यौली घर पनौती रहेकैले कान्छाकुमार कर्माचार्य सन्दर्भमा काभ्रेको माया गर्छन्। मैले पनि नजिकले उनलाई चिनेकै कारणले के.के.प्रति मेरो मनमा मात्र होइन व्यवहारमा पनि नजिकको सामीप्यता रहेको म महसुस गर्छु। १४ वर्ष भयो जनमतले मन पराएरै 'जनमत-कलाकार सम्मान' ले के.के.लाई सम्मान गर्न पाएको पनि। मृदुभाषी के.के. कलाकारका माझमा आफ्नो छुट्टै पहिचान देखाउन सफल कलाकार हुन्। कान्छाकुमारका नाममा कम चिनिएका के.के. कर्माचार्यको जन्म २००४ साल चैत्र ८ गते फागुन शुक्ल एकादशीका दिन काठमाडौंमा भएको हो। धेरै सङ्घर्षबाट खारिएका कलाकार के.के. कर्माचार्यले दुई छोरी र एक छोरा रीना कर्माचार्यको सहयोगमा हुर्काएर कर्मपथमा लगाउन पाएका छन्।

ज्यादै अभाव र कष्टका बीच जीवन-क्रमहरू गुजारेका यिनका परिवार पनौतीबाट काठमाडौं सरेपछि पनि धेरै वर्षसम्म डेरामा नै बसे। २०३८ सालमा मात्र काठमाडौंमा घर बनाउन सके। आजभोलि यिनी आफ्नै आर्जनमा बनाइएको गौशालाको साधनागल्लीमा बसोबास गर्छन्। वरिष्ठ कलाकार अर्थात् सफल कलाकारका रूपमा देश-विदेशमा चिनिएका के.के. कर्माचार्य सानै उमेरका छँदादेखि चित्र लेख्न थालेका हुन्। कलाप्रति चाख भएकै कारणले यिनी कलाकारितामा जम्न सके। जहाँ गए पनि, जहाँ बसे पनि कला कोर्न खोज्ने, कसैको कला देखेपछि आफूले पनि त्योभन्दा सुन्दर कला कोर्न खोज्ने जाँगरले नै कान्छाकुमार कलाकार बन्न सफल भए। कागज, कुची, कलम र रंग आदि केही प्रयोग गर्न नपाउँदा पनि आफ्नै बर्कत र तागतले भ्याएअनुसारका सामग्रीहरूकै माध्यमबाट कला कोर्न थालेका यिनी अभावसँग कहिल्यै पनि हारेनन्। चित्रकारितामा निरन्तर लागिरहेकै कारणले र कलालाई आत्मसात् गर्न जानेकै कारणले यिनी सफल कलाकारका रूपमा आफूलाई व्याप्त गर्न सफल रहे।

जुद्धकला पाठशालामा यिनी २०१४ सालमा भर्ना भएको देखिन्छ र २०२१ सालमा यिनले कलाप्रवीणको प्रमाणपत्र प्राप्त गरे। कला सिर्जनामा आफ्नो छुट्टै पहिचान बनाउन सफल कलाकार कर्माचार्य यथार्थवादी कलाकारका रूपमा चिनिएका छन्। यिनी मूर्त र अमूर्त कलाकै समन्वयकर्ता अर्थात् दोभानजस्तो देखिँदो कलाकार हुन्। उनको छुट्टै खालको आफ्नै ढङ्गको कला विशेषता रहेकोले टाढैबाट यिनको कला चिन्न सकिन्छ। जीवन-क्रममा यिनी २०२४ साल जेठ ३ गतेदेखि हुलाक सेवामा जागिरे भए। हलाक टिकटका डिजाइनरका रूपमा पछि यिनी प्रख्यात रहे। ३७ वर्ष ९ महिना हुलाक सेवामा जीवन बिताएका यिनले करिब ४ सयवटा जति हुलाक टिकट डिजाइन गरेको देखिन्छ। उनले साहित्यकारहरू सोमनाथ सिग्द्याल, ज्ञान दिलदास, सिद्धिदास अमात्य, पहलमानसिंह स्वाँर, जयपृथ्वीबहादुर सिंह, बालकृष्ण सम, सूर्यविक्रम ज्ञवाली, युद्धप्रसाद मिश्रका सुन्दर मुहारहरू हुलाक टिकटमा सजाइदिएका छन्। गायक नारायणगोपाल गुरुवाचार्य, कलाकार चन्द्रमान मास्के, नेताहरू बी.पी. कोइराला, गणेशमान सिंह, मनमोहन अधिकारीजस्ता व्यक्तित्वहरूको मुहार खिचेर यिनले हुलाक टिकटमा आफ्नो सुन्दर कलाकारिताको क्षमता देखाएका छन्।

चित्रकारिता मात्र होइन बालसाहित्यमा पनि यिनको लगाव शक्तिशाली ढङ्गले सम्प्रेषित छ। शान्तदास मानन्धर, जनकप्रसाद हुमागाईं र गोपालराज मैनालीको सक्रियतामा प्रकाशित भएको 'बालपोष' बालसाहित्यिक पत्रिकाका पनि यिनी बाल चित्रकार हुन्। थुप्रै बालसाहित्यकारहरू राजीव, जनकप्रसाद हुमागाईं, रामबाबु सुवेदी, शान्तदास मानन्धर, माधव घिमिरे, दुर्गालाल श्रेष्ठ, कृष्णप्रसाद पराजुली, ध्रुवकृष्ण दीप, शाश्वत पराजुली आदिका बालरचना कृतिहरूमा यिनले आफ्नो कला भरिदिएका छन्। नेपाल बाल साहित्य समाजबाट चारपटकसम्म उत्कृष्ट चित्र पुरस्कार प्राप्त गरिसकेका यिनी 'उत्कृष्ट हुलाक डिजाइनर' का रूपमा फिलाटेलिक सोसाइटीबाट पनि सम्मानित भइसकेका छन्। पिकासोको कलाबाट बढी प्रभावित कलाकार के.के. कर्माचार्यले कालीदास श्रेष्ठ, तेजबहादुर चित्रकार, जीवरत्न शाक्य र चन्द्रबहादुर मानन्धरलाई आफ्नो चित्रकारिताका गुरु मान्दछन्। रेम्ब्रान्ट, सेजाँ, भ्यान गग, डे कुनिङ, हन्डर्ड वारस, ज्याक्सन पोलाक यिनले मन पराएका कलाकारहरू हुन्।

नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानका सदस्य-सचिवसम्म रहेर आफ्नो छवि देखाउन सफल यिनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल कलाकार समाज, नेपाल बाल साहित्य समाज, त्रिमूर्ति निकेतन, आर्टिष्ट सर्कल, सिर्जना कलेज एन्ड फाइन आर्ट, नेपाल ललित कला संस्था, बाल वाङ्मय अनुसन्धान केन्द्रमा समेत सक्रिय रहेर सेवा पुऱ्याइसकेका वरिष्ठ कलाकार हुन्। यिनले जर्मनी, दक्षिणकोरिया, बेइजिङ, भारत, बंगलादेश, जापानमा पनि आफ्नो कलाक्षमता एकल कलाप्रदर्शनी गरेर, समूह चित्र समूहमा सामेल भएर, इन्डिया त्रिवर्षीय कला प्रदर्शनीमा रमेर, एसिया आर्ट वाइनियलमा सक्रिय रहेर, एसिया आर्ट सोमा आफूलाई देखाएका छन्। नेपालमा पनि थुप्रै पटक एकल कला प्रदर्शनी गरेर सक्रिय कलाकारका रूपमा यिनले आफूलाई चिनाएका छन्।

सरल जीवनशैलीका उदाहरणीय व्यक्तित्व के.के. कर्माचार्य 'कला समाजको दर्पण' का रूपमा कलालाई मापन गर्छन्। कलाका कर्मयोगिनी



कलामा नै जीवन रमाउन पाउँदा गौरव गर्छन्। थुप्रै साहित्यकारहरूका प्रसिद्ध कृतिका गाता शृङ्गारक रहेर गातामा पनि आफ्नो परिचय देखाउन सफल कलाकार कर्माचार्यले सन्दर्भमा कलाबारे आफ्नो विचार यसरी पोखेका छन्- 'कुनै फलेकमा आफ्ना अनेकन अनुभूतिलाई आकार दिएर कलात्मक ढङ्गले अभिव्यक्त गरिन्छ भने त्यो चित्रकला हो, यो आफैं मौन भाषा बोल्छ।'

यिनलाई नेपाली कलाजगत्का महान् सर्जक भन्दा अतिरञ्जित नहोला। यिनका सादगी जीवनमा ऊर्जा-स्पर्श देखाइरहन मिल्ने एकखालको सुन्दर स्पर्श छन्। सानोमा भ्वायलिन र बाँसुरी पनि मीठो ढङ्गले बजाउन सक्ने यिनी भ्वायलिन र बाँसुरीमा टिक्न सकेनन्। तर छेस्काले भित्तामा कोरेर चित्र बनाउने यिनी चित्रकारितामा नै रमाए। कलामा पहिचान देखाउन सफल कलाकार के.के. कर्माचार्यले एउटा पत्रिकामा अन्तर्वार्ताको क्रममा आफू कस्तो खालको कलाकार हो भन्ने यसरी चिनाएका छन्- 'मलाई व्यापारिक हिसाबले नाम र दाम कमाउने रुचि पनि छैन, रहर पनि छैन। हिजोआज हामी कलाकारहरू धनी मानिसको हातको कठपुतलीजस्तै बनेका छौं। सुन र हीराजस्ता धातुहरूभन्दा पनि महँगो बनेको छ हाम्रो कलाकारिता। रङ्गको एउटै आयाम नबुझ्ने मानिस पनि ठूला-ठूला लिलामीमा भाग लिन्छ र कलाकृतिहरूको मूल्य किटान गर्छ। यसरी ठूलो धनराशी खर्च गरेर ल्याएको कलाकृतिलाई ऊ अँध्यारो गोदाममा थन्क्याइदिन्छ। अब त्यो कलाकृतिको महत्व नै के रह्यो र ?'

के.के.को भनाइले बोल्छ, उनी बिकाउ माल हुन चाहँदैनन्। कलालाई बिकाउ मालमात्र सम्झिने कलाकारहरू पनि होलान्। तिनीहरूभन्दा अलिक भिन्न देखिँदो कलाकार के.के. कर्माचार्यसँगको मेरो सम्पर्क पनि धेरै पहिलेदेखि नै हो। भेट्दा जहिले पनि आफ्नै दाजुभाइजस्तो देखिँदा यिनी कहिल्यै पनि तडकभडक र उत्ताउलो मनस्थिति बोकेर यताउता भौंतारिएर हिँडेको देखिँदैन। कलामा नै जीवन सुम्पेर आफूलाई कलाकारका रूपमा चिनाएर यिनी 'धन्य' का कलाकार बनेका छन्। कलाकार के.के.ले कलाप्रति देखाइरहेको तत्परता र सिर्जनशीलता उल्लेखयोग्य मात्र छैन, उच्चकोटीको छ। कलायात्रामा अझ सुन्दरता थपिँदै जाओस्, शुभकामना छ।

पुस्तक चर्चा

## 'त्यो एउटा बिहान' मा इल्या

शरद श्रेष्ठ

वि.सं. २०६० मा 'मन मनै त हो' कथासङ्ग्रह प्रकाशित गराएर कथाकारका रूपमा नेपाली साहित्यमा देखा पर्दै आएकी इल्या भट्टराई नियात्रा र कथालेखनमा आफूलाई चिनाउन सफल छन्। कथामा गहनता खोज्न जानेकी यिनका अन्य प्रकाशित कृतिहरूमा अनि...(२०६२), नि:शब्द प्रश्नहरू (२०६३), कसले के बुझ्यो (बालकथा-२०६६), जीवनका रङ्गहरू (२०६८) र २०७४ मा 'त्यो एउटा बिहान' प्रकाशित छन्। पछिल्लो कथाकृतिमा १५ वटा कथाहरू प्रकाशित छन्।

पहिलो कथा 'त्यो एउटा बिहान'मा इस्तानबुलमा बिताइएका क्षणहरूलाई कथामा उनेर आफ्नो कथा-शिल्पको चातुर्यता कथामा उन्न यिनी सफल छन्। बोस्पोरस समुद्रमा जोजेफको मृत्यु भएको दुर्दान्तमय कथामा फातिमाको दु:खको कथा आँसुले लेखेको कथाजस्तै लाग्यो। नयाँ नेपालको थिति नबसेको गन्जागोल परिस्थितिका परिदृश्यहरूमा नेताहरू पुन: राजा हुन खोजेको आभास सन्त्रास मिस्सिएको घटना-प्रसङ्गहरू छन् यस 'आजको दिन' कथामा र अंग्रेजी भाषाको फोबिया बढ्दै गएको सन्दर्भ 'म दु:खी छु' मा पोखिएको छ। महिलाहरूको जीवन धेरै सङ्कटमा अल्झिएको व्यथा-प्रसङ्गहरू एकजना रङ्गकर्मी महिलाले भोगेका जीवनका व्यथाहरू 'जीवनको अर्थ खोज्दै' कथामा व्यक्तिएको छ। 'फेरि तिमी याद आयो' कथामा प्रेमका तरङ्गहरू व्याप्त छन्।



यस कथासङ्ग्रहमा सम्लग्न अन्य कथाहरू 'आमा अर्थात् सरोजा बेन', 'कतै उनी उही होइनन्...', 'इलेक्ट्रा कम्पलेक्स', 'स्टडी अस्तव्यस्त' जीवन त्रासहरू कथाकै भाषा र शैलीमा पोखिएका छन्। सरल छन् सबैजसो कथाहरू। बाङ्गोटिङ्गो जीवनका मर्महरू पोख्न दिएकै कारणले कथाहरू पढौं-पढौं लाग्ने खालका छन्। पात्र-पात्राहरूको मनमा अल्झिएका कुराहरूलाई कथामा पोख्न लगाएका छन्।

यसरी नै 'त्यो मान्छे खराब हो', 'जीवन एउटा सम्झौ ता नै त रहेछ', 'बेनाम सम्बन्ध', 'आज म उन्मत्त छु' र 'म के गरुँ' कथाहरूमा खराब मान्छेको कथा, जीवनले गर्नुपर्ने सम्झौताका प्रसङ्ग, बेनाम सम्बन्धका परिकथाहरू, उन्मुक्त हुँदाका मनहरू, दोधारे मनका उत्कण्ठाहरू यी माथि उल्लेख भएका कथाहरूमा पोखिएका छन्। इल्या 'त्यो एउटा बिहान' कथासङ्ग्रहमा जीवनका विविध आयामहरूलाई कथावस्तुका रूपमा पोख्न सफल छन्। नियात्रामा जस्तै कथामा पनि इल्याले अझ आफूलाई तिखार्दै जान सकून्, नयाँ कथासङ्ग्रहको लागि बधाई छ।

## लोभी-पापीको जगत्



राम महर्जन
की.न.पा.-९, नगाउँ

मानव चेतनशील प्राणी भएर पनि
कीट पतङ्ग पशु पक्षी र जनावरसरि
अमानवीय व्यवहार गर्न अघि सर्छन्
यही हो मानवको कमजोरी

त्यसैले मानवहरू आफूलाई चाहिने
सुख शान्ति धन दौलत पाउन
हरदम हरपल लागिपर्छन्
के राम्रो के नराम्रो नसोची

सबै किसिमका प्राणीहरू
आ-आफ्नै जातिसँग भरसक
मिलेर बस्छन् सुरक्षाको लागि
यो उनीहरूको बाध्यता हो

तर पनि मानिस-मानिसहरूबीच
झैझगडा वादविवाद चल्छन्
आ-आफ्नो इच्छा आकांक्षा र स्वार्थ
पूरा गर्नमै ज्यान खतरामा परे पनि

हरप्राणी अमर अजम्बरी छैनन्
जानै पर्छ एकदिन यो जगत् छोडेर
अचेतन प्राणीहरूलाई त थाहा छैन
थाहा भए पनि चेतनशील प्राणी पनि त्यस्तै

राजनीतिज्ञहरू आपसमा तँछाड मँछाड
कमाउँछन् व्यापारीहरू कालोबजारी गरेर
लोभ गर्छन् लोभीहरू पापै गरेर
कमाउँछन् अधर्मीहरू हत्या हिंसा गरेर

सही सलामत छैन कि यो जगत् नै
झन्-झन् पापकर्म बढ्दै छन्
तल्लीन छन् अधर्मीहरू स्वार्थ पूरा गर्नमै
मतलब छैन दु:खीहरूको दु:खसँग।

पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

भदौ २ देखि ८ गतेसम्म

**मेष** — यो साता तपाईंका लागि मिश्रित फलदायक छ। निर्णय क्षमतामा कमी आउला। के गर्ने, के नगर्ने भन्नेमा अरूको सहायता आवश्यक पर्न सक्छ। साताको मध्यभाग आइतबार र सोमबार चिन्ता, थकावट, विवादको समाना गर्नुपर्ला। रोगव्याधि, चोटपटकको भय छ। मंगलबारदेखि समय शुभ छ। स्वास्थ्यलाभ, गरेका कामको उपलब्धि, आर्थिक लाभ हुनेछ। इज्जत-प्रतिष्ठामा वृद्धि होला।

**वृष** — तपाईंका लागि यस हप्ताका धेरैजसो दिनहरू शुभ छन्। आँटेको र अधुरा काम पूरा होलान्। एकपछि अर्को गर्दै सफलताका सिँढीहरू उक्लिने सम्भावना छ। भोजनादि खाद्यान्न सामग्री प्राप्ति होला। साथीभाइ, इष्टमित्रसँग भेटघाट हुने र सो भेटघाटबाट राम्रै उपलब्धि होला। मंगलबारदेखि बिहीबारसम्म भने बढी नै परिश्रम गर्नुपर्ला। आर्थिक नोक्सानी हुने र तनाव सृजना हुने देखिन्छ।

**मिथुन** — तपाईंका लागि यो साताका दिनहरू धेरै शुभ फलदायक देखिन्छन्। सानै प्रयासबाट नचिताएका ठूला काम बन्नेछन्। कतैबाट धन, पुरस्कार, उपहार, मिष्ठान्न भोजन प्राप्ति हुने सम्भावना छ। पारिवारिक वा साथीभाइसँग राम्रै जमघट होला। आर्थिक लाभ हुनेछ। वैदेशिक होस् वा स्वदेशमै भए पनि रोमान्टिक यात्रा हुन सक्छ। साताको अन्त्य शुक्रबार भने स्वास्थ्यमा समस्या आउन सक्छ।

**कर्कट** — साताको शुरूको दिन शनिबार केही खर्च र सामान्य स्वास्थ्य समस्या आउने सम्भावना छ। तर बाँकी दिनहरू भने धेरै लाभदायक छन्। इच्छित कार्यहरू पूरा हुँदा मन प्रफुल्लित हुनेछ। व्यापार, ठेक्कापट्टा वा गरिरहेको व्यवसायले सफलताको सिँढी चढ्नेछ। आम्दानीका स्रोतहरू बढ्नेछन्। नेतृत्व क्षमतामा वृद्धि हुँदा अरूहरू नतमस्तक हुनेछन्। इज्जत-प्रतिष्ठा नयाँ उचाइमा पुग्नेछ।

**सिंह** — तपाईंका लागि यो साता मिश्रित फलदायक छ। के गर्ने, के नगर्ने भनेर निर्णय लिन नसक्ने अवस्था आउन सक्छ। साताको मध्यभाग आइतबार र सोमबार इष्टमित्रसँग विवाद पर्ला। रोगव्याधि, दुर्घटना, चोटपटकको भय छ। मंगलबारबाट भने समय शुभ छ। आफ्नो सेवा वा व्यवसायबाट आर्थिक लाभ हुनाले आर्थिक समस्या समाधान हुनेछ। बौद्धिक क्षमताको प्रयोगबाट राम्रै काम होला।

**कन्या** — धेरैजसो दिन तपाईंका लागि शुभ छन्। आँटेको काम पूरा होला। विद्यार्थीलाई विद्या, व्यापारीलाई फाइदा र राजनीतिज्ञलाई सफलता प्राप्त होला। भोजनादि सामग्री भित्रिने सम्भावना छ। साथीभाइ, इष्टमित्रसँग भेटघाट हुने र सो भेटघाटबाट राम्रै उपलब्धि हासिल होला। तर मंगलबारदेखि बिहीबारसम्म भने आर्थिक नोक्सानी हुने र अलि बढी नै परिश्रम गर्नुपर्ने देखिन्छ।

**तुला** — यो साता तपाईंका लागि धेरै उपलब्धिमूलक छ। गरेका काम सफल हुने, कहीँ वंशवृद्धिको सम्भावना, रिसाएका व्यक्तिहरू खुसाएर नजिकिन खोज्ने, मुद्दामामिला भएमा विजयको सम्भावना, पठनपाठनमा सफलता, राम्रै आम्दानी हुने प्रबल सम्भावना, साथीभाइ-इष्टमित्रबाट सहयोग, नेतृत्वदायी भूमिकामा सफलता हुनेछ। तर शुक्रबार भने स्वास्थ्य समस्या, कार्य बाधा हुने सम्भावना छ। सतर्क रहनुहोला।

**वृश्चिक** — साता धेरै शुभ फलदायक देखिन्छ। आज शनिबार पेटको समस्या, दौडधुप भए पनि बाँकी सबै दिन उपलब्धिमूलक छन्। कतैबाट धन-पैसा प्राप्तिको योग छ। यसले गर्दा आर्थिक समस्या समाधान हुनेछ। कुनै प्रतियोगिताहरूमा भाग लिएको भए जित्ने सम्भावना अधिक छ। प्रेमप्रसंगले पूर्णता पाउनेछ। जीवनसाथीको सहयोगले ठूलै काम बन्ला। आफन्तबाट सहयोग पाइनेछ।

**धनु** — तपाईंका लागि यस साताको आइतबार र सोमबार त्यति राम्रो देखिँदैन। रोगव्याधि, चोटपटकको सम्भावना छ। तर बाँकी दिनहरू धेरै शुभ छन्। कहीँ-कतैबाट आर्थिक लाभ होला। खाद्यान्न, उपहारादि वस्तु प्राप्ति होला। बौद्धिक एवम् कूटनीतिक क्षमताको विकास होला। बुद्धि विवेकले ठूलै काम बन्ला। कार्य सफल, सुख-सन्तोष होला। व्यापारी भएमा राम्रै फाइदा होला।

**मकर** — तपाईंका लागि यो साताका शुरूका दिनहरू शुभ फलदायक देखिन्छन्। उपलब्धिमूलक कार्यमा लगानी हुने, आम्दानी बढ्नाले घरयासी आवश्यकताका वस्तुहरूको अभाव हट्ने, पारिवारिक सुख-सन्तोष हुनेछ। इज्जत-प्रतिष्ठा, मान-सम्मान बढ्नेछ। मंगलबारबाट भने स्वास्थ्यमा समस्या आउने सम्भावना छ। पारिवारिक विवाद होला। अनावश्यक झमेला आइलाग्नेछ। बिहीबारसम्म धैर्यताको खाँचो छ।

**कुम्भ** — यो साता तपाईंका लागि धेरै राम्रो देखिन्छ। तपाईंको यश-ऐश्वर्यमा वृद्धि हुनेछ। पढाइ-जागिरमा उच्च मूल्यांकन हुने देखिन्छ। राजनीतिमा सफलता, व्यवसायबाट उच्च आम्दानी, राज्यबाट लाभ हुनेछ। थालनी गरिएका अधुरा काम पूरा हुनेछन्। नेतृत्व क्षमतामा वृद्धि हुने, बोली बिक्ने, सानै प्रयासबाट पनि कार्य सफल हुने देखिन्छ। शुक्रबार भने चोटपटकको सम्भावना भएकाले सतर्कता रहनुहोला।

**मीन** — तपाईंका लागि यो हप्ता सुख-समृद्धिदायक छ। राज्यद्वारा दिइने सेवा-सुविधा प्राप्त हुने, राजनीतिक सक्रियता बढ्ने, व्यापार-व्यवसायमा लागेकाहरूलाई यथेष्ट फाइदा हुने, शारीरिक एवम् मानसिकरूपमा स्वस्थ भइनेछ। त्यस्तै बोलीबचनमा सरस्वती बस्नाले बोलेको लाग्ने, आर्थिक लाभ हुनाले व्ययभार थेग्न सहज हुने, सुख-सन्तोष हुनेछ। तर आज शनिबार भने केही अस्वस्थता र तनाव होला।

महासंघका पूर्वसभापति डा.सुरेश आचार्यले लोकतन्त्रमा समेत सार्वजनिक सरोकारका विषयमा व्यंग्य गर्न गाइजात्रा कुर्नुपर्ने अवस्था आएको धारणा राख्नुभयो।

# ६ वर्षपछि प्रहरी महानिरीक्षकले बढाए सक्रियता

नेपाल समाचारपत्र

काठमाडौं

प्रहरी, सेनाजस्ता सुरक्षा निकायमा अनुशासन, चुस्तता, कार्यालय व्यवस्थापन, वैज्ञानिक अभिलेख व्यवस्थापन, अपरेसनल गतिविधिको सक्रियतालगायतका लागि निरीक्षण महत्त्वपूर्ण हुने गर्दछ।

सुरक्षा संगठन चलायमान, योजनाबद्ध तरिकाले सञ्चालन, सुदृढ र जनशक्ति सक्षमताका लागि राम्रोलाई प्रोत्साहन र नराम्रोलाई कारबाही गरी तत्काल सुधार गर्न निरीक्षण आवश्यक हुन्छ। अन्य देशका सुरक्षा निकायमा पनि संगठनलाई व्यावसायिक र जीवन्त राख्न यस्ता निरीक्षण हुने गरेको पाइन्छ।

अन्तर्राष्ट्रिय मान्यताअनुरूप हुने आन्तरिक निरीक्षण प्रहरी प्रधान कार्यालयमा विगत ६ वर्षदेखि हुन नसकेको परिप्रेक्ष्यमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले यसको शुरुआत गर्नुभएको छ। प्रहरी कार्यलाई चुस्तदुरुस्त राख्न संगठन प्रमुखबाट प्रत्यक्ष निरीक्षण तथा निर्देशन हुनुपर्ने मान्यताअनुरुप प्रहरी प्रधान कार्यालयका विभिन्न विभाग, महाशाखा, शाखालगायत उपत्यका तथा उपत्यकाबाहिरसमेत विभिन्न प्रहरी कार्यालयको निरीक्षण शुरुआत उहाँले गर्नुभएको हो।

प्रहरी महानिरीक्षक खनालले हालसालै मात्र प्रहरी प्रधान कार्यालय परिसरभित्रका सम्पूर्ण कार्यालय, विपद् व्यवस्थापन महाशाखा, सामाखुसी, महानगरीय प्रहरी वृत्त, बालाजु, महानगरीय प्रहरी वृत्त, सिंहदरबार, संगीत विद्यालय महाराजगन्ज, सशस्त्र प्रहरी गण नम्बर १ नक्साल, नेपाल प्रहरी विद्यालय सामाखुसी, नेपाल प्रहरी विद्यालय साँगा काभ्रे, इलाका प्रहरी कार्यालय टाँडी, चितवनको वडा प्रहरी कार्यालय नारायणगढ, चितवन जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुर, चितवनलगायत नेपाल प्रहरी अस्पतालसमेतको निरीक्षण गरी प्रहरी कर्मचारीलाई उच्च मनोबलका लागि अभिप्रेरित गर्नुका साथै निर्देशन दिएर प्रहरी सक्रियता अझै बढाउने कार्यको शुरुआत गर्नुभएको हो।

प्रहरीलाई शान्ति सुरक्षामा ध्यान दिन, नागरिकलाई सुरक्षित समाजको अनुभूति गराउन र भ्रष्टाचारमा शून्य सहनशीलता अपनाई नागरिक केन्द्रित काम गर्न निरीक्षण र निर्देशनले मद्दत पुऱ्याउने देखिन्छ । वर्षाको समयमा हुने बाढी पहिरोलगायतका प्रकोपका बेला उद्धार कार्य तथा विपद् व्यवस्थापनमा अझै चुस्त हुन सोही कार्यको लागि गठित विपद् व्यवस्थापन महाशाखाको निरीक्षण भएबाट विपद्को बेला तत्काल खटिन सक्रियता बढ्ने अपेक्षा गर्न सकिन्छ। साथै नजिकै आउन लागेका चाडपर्वमा कुनै विकृति विसंगतिजन्य कार्य तथा अवाञ्छित गतिविधि हुन नदिने गरी सबै प्रहरी एकाइलाई तयारी राख्नु निरीक्षणको अभिप्राय हो।

संगठनको उद्देश्यप्रति गम्भीर भई जिम्मेवारी पूरा गर्न, व्यावसायिकरूपमा निर्भिक, इमानदार, कर्तव्यनिष्ठ भई काम गर्न निरीक्षणले सघाउ पुऱ्याउने देखिन्छ। प्रहरीले सम्पादन गरेका कामको प्रतिबिम्व कार्यसम्पादनको आधार बनाइने र त्यसको प्रत्यक्ष असर वृत्तिविकासमा पर्ने अनुभूति भएबाट यसको प्रत्यक्ष असर प्रहरी कार्यमा पर्ने र सकारात्मक नतिजा आउने आशा गर्न सकिन्छ। साथै शान्ति सुरक्षा र कानुन कार्यान्वयनमा कुनै सम्झौता गर्न नहुने, सेवाग्राहीसँगको व्यवहारमा सुधार ल्याउनुपर्ने, गैरकानुनी क्रियाकलाप भए कानुनबमोजिम कारबाही गर्नुपर्ने तथा कानुनविपरित काम गरे प्रहरी कर्मचारीसमेत सजायको भागिदार भइन्छ भन्ने सचेतना थपिएको छ।

निरीक्षणको उद्देश्यबारे प्रकाश पार्दै नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शैलेस थापा क्षेत्री भन्नुहुन्छ- 'सम्पूर्ण प्रहरी कर्मचारीलाई नजिकबाट बुझ्ने, उनीहरूको कामको स्तर हेर्ने, कुनै त्रुटि भए हटाई तत्काल सुधार गर्ने उद्देश्यले संगठन प्रमुखबाट निरीक्षण भएको हो।'

प्रहरी वरिष्ठ उपरीक्षक थापाको कथन छ- 'कानुन कार्यान्वयन, अपराध अनुसन्धान तथा रोकथाम, कानुनी राज्यको स्थापना, मानवअधिकारको सम्मानजस्ता प्रहरीका मुख्य जिम्मेवारी पूरा गर्न कार्यालय व्यवस्थापन र कर्मचारीको सक्रियता त्यतिकै चुस्त हुनुपर्छ। संगठन प्रमुखको निरीक्षण यसैको एउटा शुरुआत हो।'

निरीक्षणबारे आफ्नो धारणा राख्दै महानगरीय प्रहरी वृत्त बालाजुका प्रमुख प्रहरी नायव उपरीक्षक चिरञ्जीवी कोइराला भन्नुहुन्छ- 'संगठन प्रमुखको प्रत्यक्ष निरीक्षण र निर्देशनले तल्लो तहसम्मका प्रहरी कर्मचारीमा उत्साह अभिवृद्धि हुनुका साथै प्रहरीको काम कारवाहीप्रति स्पष्ट मार्ग निर्देशन प्राप्त भएको तथा समयानुकूल अगाडि बढ्न र प्रहरी कार्यमा अझै सक्रिय हुन प्रेरणा मिलेको छ।'

समस्यालाई जति सूक्ष्म ढंगबाट बुझ्न सक्यो नेतृत्व त्यति नै असल हुन्छ भन्ने भनाइसँग निरीक्षण मेल खाएको देखिन्छ। यो आन्तरिक सुदृढीकरणको पहल पनि हो। प्रहरी पहिला आफू राम्रो हुनुपर्छ। प्रहरीलाई राम्रो बनाउने एउटा अभियानका रूपमा निरीक्षणलाई लिन सकिन्छ। प्रभावकारी निरीक्षण तथा अनुगमन, सुदृढ नेतृत्व र व्यवस्थापनको महत्त्वपूर्ण पाटो हो। जसलाई आगामी दिनमा समेत निरन्तरता दिनु जीवन्त संगठनका लागि अपरिहार्य छ।

# स्थापित मान्यतालाई व्यवस्थित गर्न देवानी संहिता : *प्रम ओली*

नेपाल समाचारपत्र

काठमाडौं



प्रधानमन्त्री केपी शर्मा ओलीले समाजमा विकसित र स्थापित मान्यतालाई व्यवस्थित गर्न मुलुकी देवानी र मुलुकी अपराध संहिता जारी गरिएको बताउनुभएको छ।

कानुन मन्त्रालयले शुक्रबार सिंहदरबारमा आयोजना गरेको मुलुकी देवानी संहिता तथा मुलुकी अपराध संहितालगायतका कानुन लागू हुने दिनको अवसरमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्री ओलीले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपालका केही मान्यता बदलिएकाले त्यसै बेलादेखि मुलुकी ऐनलाई संशोधन गर्ने काम शुरू भएको बताउनुभयो। 'अहिले जारी भएको संहिता नयाँ मुलुकी ऐनजस्तै हो', प्रधानमन्त्री ओलीले भन्नुभयो- यसलाई रुपान्तरित व्यवस्थापिका संसद्ले पारित गरेर २०७४ असोजमा सम्माननीय राष्ट्रपतिज्यूबाट लालमोहर लगाइएको हो।'

प्रधानमन्त्री ओलीले कतिपयले यो संहिता वर्तमान सरकारले बनाएर अहिले जारी गरेकोजस्तो प्रचार गर्नु आश्चर्यपूर्ण भएको बताउनुभयो। 'संहिता निर्माणका क्रममा छलफलमा बसेकै साथीहरू अहिले विरोधमा उत्रिएको देख्छु', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'यसबाट त्रसित हुनुपर्ने केही छैन। यसले समाजलाई मर्यादित बनाउन खोजेको छ। गल्ती नगर्नेहरूले डराउनु पर्दैन।'

प्रधानमन्त्री ओलीले संहितामा कमीकमजोरी केही भएमा संशोधन गर्न सकिने बताउनुभएको छ। 'यस संहितालाई कार्यान्वयन गर्न सरकार दृढ छ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'यसका लागि सरकारका सबै निकाय क्रियाशील छन्।' यस कानुनको परिपालानाका लागि अझ व्यापक प्रचारप्रसार गर्न प्रधानमन्त्री ओलीले सबैलाई आग्रह गर्नुभएको छ।

# प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग बाझिएका कानुन परिवर्तन गर्न जोड

काठमाडौं, (नेस)

नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालको संयुक्त आयोजनामा शुक्रबारदेखि लागू भएको मुलुकी (फौजदारी) संहिता २०७४ र मुलुकी (देवानी) संहिताका केही प्रावधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग बाझिने देखिएकाले सो सम्बन्धमा सरोकारवाला निकायसँगको छलफल कार्यक्रम आयोजना गऱ्यो।


कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले मुलुकी संहितामा विभिन्न सकारात्मक विषय रहे पनि संहिताको दफा-२१ देखि दफा ३०६ भित्रका २ सयभन्दा बढी प्रावधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचन गर्न प्रयोग हुने खतरा देखिएको बताउनुभयो।

उहाँले संविधानसँग बाझिएका र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डविपरीतका दफा सच्याउन महासंघले निरन्तर दबाबकारी भूमिका निर्वाह गर्ने बताउनुभयो।

प्रेस काउन्सिल नेपालका कार्यबाहक अध्यक्ष किशोर श्रेष्ठले समाजमा हुने गलत गतिविधिलाई नियन्त्रण गर्न सरकारले कानुन ल्याएको भन्दै पत्रकारले त्यसमा शंका नगर्न आग्रह गर्नुभयो।

महासंघका पूर्वसभापति डा.सुरेश आचार्यले लोकतन्त्रमा समेत सार्वजनिक सरोकारका विषयमा व्यंग्य गर्न गाइजात्रा कुर्नुपर्ने अवस्था आएको धारणा राख्नुभयो। उहाँले प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने कानुन स्वीकार्य नहुने भन्दै संशोधनका लागि दबाब सिर्जना गर्नुपर्ने बताउनुभयो।

प्रेस काउन्सिलका पूर्वअध्यक्ष बोर्णबहादुर कार्कीले देवानी तथा फौजदारी संहिता-२०७४ ले प्रेस स्वतन्त्रतामा संकुचन भए त्यसमाथि संशोधन गर्न सकिने धारणा राख्नुभयो। उहाँले कानुनलाई गतल व्याख्या गर्न नहुने बताउनुभयो। केन्द्रीय अनुसन्धान ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक ठाकुर ज्ञवालीले भदौ १ गतेबाट लागू भएको कानुन राजपत्रमा प्रकाशित भएर लागू भएका कारण त्यसलाई सबैले पालना गर्नुपर्ने धारणा राख्नुभयो।



**राष्ट्रिय जनावर बदल्न माग गर्दै सिंहदरबारअगाडि एक व्यक्तिले नग्न बनेर प्रदर्शन गरेका छन् । 'जनावर सबै एक हुन्, कानुन सबैलाई लागू गर, नत्र मुलुकी ऐन संशोधन गर र राष्ट्रिय जनावर बदली गर' लगायतका माग राखेर बिकिन लिम्बूले नग्न भएर प्रदर्शन गरेका छन् ।**

*तस्वीर : उजोल डंगोल/काठमाडौं*

# चम्पक विद्यापीठमा कविता प्रशिक्षण

भक्तपुर, (नेस)

चम्पक विद्यापीठ सेकन्डरी स्कुल, चाँगुलेले कविता लेखन प्रशिक्षण कार्यक्रम गरेको छ।

निम्न माध्यमिक तहदेखि माध्यमिक तहसम्म अध्ययनरत विद्यार्थीलाई साहित्य तथा कविता लेखनबारे जानकारी दिन प्रशिक्षण दिइएको हो। विद्यार्थीमा रहेको सिर्जनात्मक क्षमता र प्रतिभालाई वृद्धि गर्न प्रशिक्षण दिइएको विद्यालयका प्रिन्सिपल रमेश सुवालले जानकारी दिए। 'विद्यार्थीमा कविता लेखनको सीप विकास गर्न तथा उनीहरूलाई कविता लेख्ने तरिकाबारे जानकारी दिन प्रशिक्षण दिइएको हो' -प्रिन्सिपल सुवालले भने।

प्रशिक्षणमा सञ्चारकर्मी एवं स्रष्टा हरिसुन्दर छुकांले कविता लेखनका विषयमा कक्षा सञ्चालन गरेका थिए। सो क्रममा उनले विद्यार्थीले कविता लेख्नुका महत्त्व, तरिका र कारणबारेमा बताउँदै कविताले पठनपाठनमा पनि सहयोग पुग्ने बताए।

कविता लेखन र पठनले विद्यार्थीलाई अध्ययनशीलमात्र नभएर विद्यार्थीको सोच्ने शक्तिमा विकास गर्न सहयोग पुग्ने उनले बताए। विद्यार्थीलाई प्रयोगात्मकरूपमै कविता लेखनको कक्षा सञ्चालन गर्दै उनले विभिन्न कविता वाचन पनि गरेका थिए।

कविता लेखन सम्बन्धमा विद्यालयका विद्यार्थीलाई दिइएको प्रशिक्षणमा कविता लेखनले विद्यार्थीलाई पुगेको लाभका विषयमा पनि चर्चा भएको थियो।

# राप्रपाको जनजाति विभागमा लालध्वज

काठमाडौं, (नेस)। राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले केन्द्रीय सदस्य लालध्वज लामालाई आदिवासी तथा जनजाति विभागको प्रमुखको जिम्मेवारी दिनुभएको छ।

राप्रपा प्रचार विभाग प्रमुख मोहन श्रेष्ठले जानकारी दिएअनुसार अध्यक्ष थापाले रामेछापका लामालाई आदिवासी तथा जनजाति विभागको प्रमुखमा शुक्रबार मनोनित गर्नुभएको हो। राप्रपा अध्यक्ष थापाले शुक्रबार नै वरिष्ठ अधिवक्ता राजु बस्नेतलाई राष्ट्रिय प्रजातान्त्रिक कानुन व्यवसायी संगठनको अध्यक्षमा मनोनयन गर्नुभएको छ।

# निधि भारततर्फ

काठमाडौं, (नेस)। भारतका पूर्वप्रधानमन्त्री स्वर्गीय अटल बिहारी बाजपेयीको अन्त्येष्टिमा भाग लिन नेपाली कांग्रेसका कार्यबाहक सभापति विमलेन्द्र निधि दिल्ली जानुभएको छ।

भारतीय जनता पार्टीका संस्थापक नेतासमेत रहेका बाजपेयीको अन्त्येष्टिको कार्यक्रममा भाग लिन सभापति शेरबहादुर देउवाले पार्टीका तर्फबाट प्रतिनिधिका रूपमा दिल्ली पठाएको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभएको छ। कांग्रेस सभापति देउवा सिंगापुर रहेकाले कांग्रेसको कार्यबाहक सभापतिको जिम्मेवारी पाउनुभएको छ। स्वर्गीय बाजपेयीप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गर्न कार्यबाहक सभापति निधि शुक्रबार बिहान जेट एयरको उडानद्वारा भारतको दिल्ली प्रस्थान गर्नुभएको मुख्य सचिव पौडेलले बताउनुभएको छ।

# प्रतिनिधिसभामा १७ गते सभापति चुनिने

काठमाडौं, (नेस)

प्रतिनिधिसभाको विषयगत समितिले भदौ १७ गते सभापति चयन गर्ने सभामुख कृष्णबहादुर महराले शुक्रबारको संसद् बैठकमा जानकारी दिनुभएको हो। यसअघि भदौ ५ गते सभापति छान्ने जनाइएको थियो।

प्रतिनिधिसभामा १० वटा समिति रहेका छन्। सभापतिलाई राज्यमन्त्रीसरहको सुविधा दिने गरिएको छ। राष्ट्रियसभाले भदौ १३ गते सभापति चयन गर्ने जनाएको छ। राष्ट्रियसभाकी नेपाली कांग्रेसकी सचेतक सरिता प्रसाइले सहमतिमा सभापति नछानिए निर्वाचनमा भाग नलिने बताउनुभयो।

'निर्वाचनमा नजाऔं भन्ने हो, निर्वाचनमा जाँदा सभापति पाइँदैन, यो अवस्थामा भाग लिन्नौं' -प्रसाइले भन्नुभयो। ५९ सदस्यमध्ये कांग्रेसका १३ सांसदमात्र रहेका छन्।

प्रतिनिधिसभाका नेपाली कांग्रेसका प्रमुख सचेतक बालकृष्ण खाणले सहमतिमै सभापति छानिने विश्वास गर्नुभयो। 'हामी सहमतिमै सभापति चयन हुनुपर्छ भन्छौं, तर उहाँहरूसँग बहुमत भएकाले मानिरहनुभएको छैन' -खाणले भन्नुभयो।

प्रतिनिधिसभामा कांग्रेसका ६३ सांसद छन्। निर्वाचन प्रक्रियामा जाँदा प्रतिनिधिसभामा पनि कांग्रेसले सभापति पाउँदैन। संसदीय परम्पराअनुसार विपक्षीलाई सार्वजनिक लेखा समिति दिने गरिएको छ, तर विगतमा सरकार फेरबदल भइरहँदा सत्तापक्षले नै सभापति नछोडेका इतिहास पनि छन्। समितिलाई 'मिनि पार्लियामेन्ट'को रूपमा लिइन्छ। समितिको बैठक बसिरहेको छ। जेष्ठ सदस्यले बैठकको सभापतित्व गर्दै आएका छन्।


सिनेमा कर्नर











अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन प्राप्ति, साथीभाइबाट सहयोग, पढाइ-लेखाइमा सफलता।
**वृष** : आर्थिक लाभ, प्रतिस्पर्धीमाथि विजय, गरेका कार्यमा सफलता।
**मिथुन** : धन प्राप्ति, कार्यसिद्धि, सुख-सन्तोष, मानसिक प्रफुल्लता।
**कर्कट** : स्वास्थ्य गडबड, विनाउपलब्धिको दौडधुप, परिवारिक विवाद।
**सिंह** : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सानै प्रयासमा प्रगतिको अवसर।
**कन्या** : धनलाभ, राम्रो कामको थालनी, विजय, सुख-सन्तोष।
**तुला** : मिष्ठान्न भोजन, आर्थिक लाभ, पुरस्कार प्राप्तिको सम्भावना।
**वृश्चिक** : स्वास्थ्य समस्या, पारिवारिक विवाद, चोटपटकको सम्भावना।
**धनु** : विविध लाभ, भोजभतेर एवं पैसा प्राप्तिको सम्भावना छ।
**मकर** : सन्तुष्टि, गरेका काममा सफलता, शारीरिक तन्दुरुस्ती।
**कुम्भ** : सरकारी निकायबाट लाभ, व्यापारिक सफलता, मान-प्रतिष्ठा।
**मीन** : रोगव्याधिको भय, धनहानि, सानो कुरामा पनि विवाद, तनाव।



# प्रदेश-३



तालिममा सहभागीले पनि नेपाली प्रविधिको विकासमा चीनले सहयोग गरे नेपाली अनुसन्धानकर्ताबाट उन्नत बीउको उत्पादन वृद्धि गर्न सकिने बताएका छन्।

# मकैको उत्पादकत्व बढाउने उपाय सिकाउँदै चिनियाँ अनुसन्धानकर्ता

कृष्ण आचार्य, चितवन

नेपालमा हाइब्रिड मकैसम्बन्धी उन्नत प्रविधि भित्र्याउन सके उत्पादन र उत्पादकत्व बढाउन सकिने अनुसन्धानकर्ताले बताएका छन्।



चीनको युआन लङपिङ हाइपेक कम्पनी प्रालि र नेपाल सरकारको सहकार्यमा आयोजना गरिएको तालिममा सहभागी अनुसन्धानकर्ताले नेपालमा हाइब्रिड मकैसम्बन्धी उन्नत प्रविधि व्यवहारमा ल्याउन सके उत्पादन र उत्पादकत्व बढाउन सकिने बताएका हुन्। नेपालमा हाइब्रिड मकैको बीउ उत्पादन कसरी बढाउने भन्ने विषयमा चिनियाँ विशेषज्ञ टोलीद्वारा नेपाली अनुसन्धानकर्ता, प्राध्यापक, बीउ कम्पनीका प्रतिनिधि र सरकारी निकायका प्रतिनिधिलाई तालिम दिइएको छ।

चिनियाँ प्रोफेसर वाङको नेतृत्वमा आएको विशेषज्ञ टोलीले नेपालका विभिन्न क्षेत्रमा पुगेर तालिम सञ्चालन गरिरहेको छ। साउन १ गतेदेखि शुरू हुने तालिम डेढ महिना सञ्चालन हुनेछ। ललितपुरको खुमलटार, क्षेत्रीय कृषि अनुसन्धान परिषद्, राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुर, लुम्बिनी सिड कम्पनी र स्याङ्जा जिल्लामा समेत अवलोकन गरी चिनियाँ टोलीले नेपालमा प्रविधिलाई कसरी विकास गर्न सकिन्छ भनेर अध्ययन गरिएको राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरका संयोजक डा. केशवबाबु कोइरालाले जानकारी दिए। ३५ जना सहभागी तालिममा चीनले प्रयोग गरेको प्रविधि, त्यहाँ विकसित जात र आगामी दिनमा नेपालमा संयुक्तरूपमा गर्न सकिने कामका विषयमा छलफल गर्ने उनले बताए। नेपालले सामान्य लगानी र जनशक्ति मात्रै बढाए चीनसँगको सहकार्यमा उन्नत जातको मकैको बीउ उत्पादनमा ठूलो उपलब्धि हासिल गर्न सकिने उनको भनाइ छ।

नेपाल र चीनबीच मकैको हाइब्रिड बीउ उत्पादनमा भएको तालिमबाट आगामी दिनमा नेपालमा प्रविधिको विकासमा सहकार्य गर्न सकिने सम्भावना देखेको चिनियाँ प्रोफेसर सि सङ वाङले जानकारी दिए। उनले अनुभव आदानप्रदानका लागि तालिम फलदायी हुने विश्वास व्यक्त गरे। तालिममा सहभागीले पनि नेपाली प्रविधिको विकासमा चीनले सहयोग गरे नेपाली अनुसन्धानकर्ताबाट उन्नत बीउको उत्पादन वृद्धि गर्न सकिने बताएका छन्।

चीनमा हाल वार्षिक २ सय १६ दशमलव ५ मिलियन टन मकै उत्पादन हुने गरेको छ। अत्याधुनिक प्रविधिका कारण मकै उत्पादनमा चीन विश्वकै दोस्रो स्थानमा रहेको प्रोफेसर वाङले बताए। प्रतिहेक्टर ५ मेट्रिक टन मकै उत्पादन हुने चीनका विभिन्न क्षेत्रमा मकै जोनसमेत तोकिएको छ। नेपालमा भने वार्षिक करिब २२ लाख मेट्रिक टन मात्रै मकै उत्पादन हुने गरेको छ।

राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरले बर्सेनि प्रजनन् र मूल गरी ५२ टन मकैको बीउ उत्पादन गर्दै आएको छ। अनुसन्धान कार्यक्रमले अहिलेसम्म ३२ जात सिफारिस गरेको छ। यीमध्ये ७ वटा हाइब्रिड छन्। ३२ जातका बीउ सिफारिस गरिए पनि २६ जात प्रयोगमा छ। हाइब्रिड जात ८ देखि १० टन प्रतिहेक्टर उत्पादन हुन्छ भने खुला सेचित जातको उत्पादन औसत ४ देखि ६ टन प्रतिहेक्टर मात्र रहेको छ।

नेपालभर मकैको जात सिफारिस गरेर किसानलाई सहयोग पुऱ्याउने काम मकैबाली अनुसन्धान कार्यक्रम रामपुर चितवनले गर्दै आएको छ। चितवन जिल्ला पनि मकै उत्पादनका लागि उर्वर जिल्लामा गनिन्छ। वर्षमा ३ बाली मकै उत्पादन हुने गर्छ। जिल्लामा कुल मकै लगाइने २५ हजार हेक्टरमध्ये ८ हजार हेक्टरमा हाइब्रिड जातको मकै लगाइने गरेको छ।

## ४५ करोडमा पक्की सडक

हेटौंडा, (नेस)

मकवानपुरको भीमफेदी गाउँपालिकाअन्तर्गत भीमफेदी बजारदेखि कोगटे-इपा हुँदै काठमाडौं पुग्ने छोटो मार्गमा पक्की सडक बन्ने भएको छ।

करिब ४५ करोड लागतमा बन्ने भीमफेदी-कोगटे-इपा-देउराली रोड परियोजना निर्माण गरिएसँगै भीमफेदीबाट छोटो समयमा काठमाडौं पुग्न सकिनेछ। सडक निर्माणका विषयमा गाउँपालिका अध्यक्ष हिदम लामाले सडक परियोजना भीमफेदी गाउँपालिका र मकवानपुरकै लागि खुसीको खबर भएको बताउनुभयो।

ठेक्का पारेर सडक निर्माण अलपत्र पार्ने खेलमा केही निर्माण कम्पनी लाग्न सक्ने सम्भावनालाई औँल्याउँदै उहाँले सामाजिक सञ्जालबाट त्यस्ता नियत भएका निर्माण कम्पनीलाई कुनै प्रयास नगर्न आग्रह गरेका छन्। गाउँपालिकाको प्रत्यक्ष निगरानीमा सडक निर्माण गर्ने लक्ष्य भएको अध्यक्ष लामाले बताउनुभयो।

'झन्डै ४५ करोड लागतमा भीमफेदी-कोगटे-इपा हुँदै सबभन्दा छोटो दूरीमा काठमाडौं जोडिने पिच बाटो निर्माण गर्दै छौं, कृपया ठेक्का पार्ने, गुणस्तरीय काम र समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीले प्रयास नगर्नुहोला। गाउँपालिकाको प्रत्यक्ष निगरानी र सहभागितामा आयोजना ३ वर्षमा सम्पन्न गर्ने लक्ष्य छ' - उहाँले भन्नुभयो।

# भ्रम नछर्न मुख्यमन्त्रीको आग्रह

## मनपरी करको विषयमा स्थानीय तहलाई पत्र

नेपाल समाचारपत्र

हेटौंडा

प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले करको विषयमा अनावश्यक हल्ला फिँजाएर जनमानसमा भ्रम नछर्न आग्रह गर्नुभएको छ। मुख्यमन्त्री पौडेलले २० वर्षपछि बढेको न्यूनतम करलाई बढाइचढाइ गरेर जनतामा त्रास सिर्जना गर्ने काम गरिएको भन्दै त्यसो नगर्न अनुरोध गर्नुभएको हो।

१ सय १९ वटा स्थानीय निकायले कायम गरेको करको विवरण मगाइएकाले अब छिटै त्यसमा छानबिन हुने भन्दै मुख्यमन्त्री पौडेलले अनधिकृतरूपमा कर बढाएको पाइए उसले प्राप्त गर्ने कुनै पनि सुविधा नपाउने बताउनुभयो। मुख्यमन्त्रीले सञ्चारकर्मीसँग आग्रह गर्दै भन्नुभयो- 'प्रदेश सरकारले राम्रा र गतिला कामहरू गरेका छन्, त्यसलाई पनि फिँजाइदिनुस्।'

स्थानीय निकायमा लगाइएको करका विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आफूमातहत स्थानीय सरकारलाई करको विवरण उपलब्ध गराउन पत्र लेखेको छ। करका विषयमा स्थानीय सरकारले आफूखुसी जनतालाई असर पर्ने गरी कर निर्धारण गरेको भन्दै व्यापक आलोचना भएपछि मन्त्रालयले यस्तो पत्र लेखेको हो।

मन्त्रालयले स्थानीय तहको अधिकारमा स्थानीय सरकारले कर लगाउन र उठाउन पाउने क्षेत्र तथा शीर्षकमा भएको व्यवस्थाअनुसार स्वायत्त कर लगाउने व्यवस्था कार्यान्वयन गर्दा भएका विवरण मागेको हो।

पछिल्ला समयमा पत्रपत्रिका र सञ्चारमाध्यममा कर निर्धारण असान्दर्भिक, साविकभन्दा धेरै र आमनागरिकलाई भार पर्ने गरी भएको आलोचना भएकाले एकअर्का स्थानीय तहबीच तुलना र विश्लेषण गरी हेर्न भन्दै मन्त्रालयले विवरण उपलब्ध गराउन भनेको हो।

देवानी तथा फौजदारी संहिता कार्यान्वयनका विषयमा भएको कार्यक्रममा मुख्यमन्त्री पौडेलले यस्तो आग्रह गर्नुभएको हो। भदौ १ गते देवानी तथा फौजदारी संहिता कार्यान्वयन दिवसमा कार्यक्रम भएको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले कार्यक्रम गरी भदौ १ गतेबाट लागू हुने गरी आएका कानुनबारे जानकारी गराएको थियो।

# ५ सय ९१ विवाद समाधान

नेपाल समाचारपत्र

नुवाकोट

नुवाकोटमा सामुदायिक मेलमिलापमार्फत ५ सय ९१ वटा विवाद समाधान गरिएको छ। नुवाकोटमा दर्ता भएको ६ सय ३६ वटा मुद्दामध्ये ५ सय ९१ मुद्दा मेलमिलापमार्फत सल्टिएको प्राकृतिक श्रोत तथा द्वन्द्व रुपान्तरण केन्द्र नेपालले जनाएको छ।

केन्द्रले जनाएअनुसार दर्ता भएको ४५ वटा मुद्दा प्रहरी र अदालतमा रिफर गरी बाँकी विवाद सामुदायिक मेलमिलाप केन्द्रमार्फत सहजीकरण गरेको प्राकृतिक स्रोत तथा द्वन्द्व रुपान्तरण केन्द्र नेपालले जनाएको छ। प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपाल नुवाकोटको आयोजनामा विदुरमा भएको सामुदायिक मेलमिलापसम्बन्धी जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रममा जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख सन्तमान तामाङले समुदायमा हुने गरेको फौजदारी मुद्दाबाहेक अन्य देवानी प्रकृतिका द्वन्द्वहरूको मिलान गर्नका लागि सामुदायिक मेलमिलापको भूमिकालाई अझै प्रभावकारी र पारदर्शी बनाउन सुझाव दिए। तामाङले आगामी दिनमा प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्रमार्फत गरिएका काम पारदर्शी ढंगबाट सञ्चालन गर्दै समाजमा शान्ति र एकता कायम राख्न सुझाव दिए।

'दिगो शान्तिका लागि उन्नत सम्बन्ध' भन्ने नाराका साथ आयोजना भएको सामुदायिक मेलमिलापसम्बन्धी अभिमुखीकरण कार्यक्रममा नुवाकोटका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले समाजलाई समृद्धतर्फ रुपान्तरण गर्न स्थानीय नागरिकमा देखिएको आपसी द्वन्द्व र असहजतालाई अध्ययन गरी विवाद व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो। प्रजिअ थापाले अहिलेको समयमा प्राकृतिक स्रोत साधनमा नै द्वन्द्व सिर्जना हुने गरेकाले विधिको शासनअन्तर्गत रहेर कार्यक्रमलाई प्रभावकारी बनाउँदै राज्यको अवस्था मजबुद बनाउनुपर्नेमा जोड दिए।

त्यस्तै उक्त कार्यक्रममा प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालका कार्यकारी निर्देशक चुपबहादुर थापाले नुवाकोटका विभिन्न स्थानीय निकायमा ६३ वटा मेलमिलाप केन्द्र स्थापित भएको जानकारी गराउँदै देवानी प्रकृतिका विवादको मिलानका लागि प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नुवाकोट उत्कृष्ट संस्थाको रुपमा रहेको दाबी गरे। त्यस्तै कार्यक्रममा प्राकृतिक स्रोत तथा द्वन्द्व रुपान्तरण केन्द्र नेपालका क्षेत्रीय संयोजक सन्तोष खनालले नुवाकोटमा छलफलको माध्यमबाट द्वन्द्व र विवाद समाधानका लागि संवाद कुञ्ज स्थापना गरेको बताए। संवाद कुञ्जले रसुवा र नुवाकोटमा विवाद देखिएको विभिन्न विषयमा छलफल गरिरहेको छ। संवाद कुञ्जले नुवाकोटमा सडक विस्तार र यसले स्थानीयबासीमा पारेको प्रभाव तथा किम्ताङको याहव सामुदायिक वनसम्बन्धी समस्यामा समेत छलफलको माध्यमबाट समस्याका लागि संवाद गरिरहेको जानकारी गराए।

नुवाकोटमा केन्द्रले हाल ६३ स्थानमा मेलमिलाप केन्द्र स्थापना गरेको र बाँकी २५ स्थानमा स्थापनाको तयारी भइरहेको बताइएको छ। केन्द्रले नुवाकोटमा ७ सय ३० जना मेलमिलापकर्तामार्फत काम गरिरहेको छ।

## गाँजा निर्मुल पार्ने घोषणा

हेटौंडा, (नेस)

मकवानपुरको विकट गाउँमा स्थानीयले लगाउँदै आएको गाँजा निर्मुल पार्न त्यस क्षेत्रका जनप्रतिनिधिले लागिपर्ने घोषणा गरेका छन्।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको आयोजना तथा जिल्ला समन्वय समिति मकवानपुरको समन्वयमा 'लागुऔषध सेवन, नफालौं अमूल्य जीवन' भन्ने मूल नारासाथ लागुपदार्थ उत्पादन, ओसारपसार र दुर्व्यसन नियन्त्रणसम्बन्धी अन्तर्क्रियामा सहभागी जनप्रतिनिधिले यस्तो उद्घोष गरेका हुन्। मकवानपुरको मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेती, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल र कैलाश गाउँपालिका अध्यक्ष टंक मोक्तानले गाउँपालिकामा गाँजा र अफिम लगाउने काम हुनै नदिने बताउनुभयो।

गाँजा विस्थापित गर्न केही कार्यक्रम पनि ल्याइएको र अझै अन्य कार्यालयको सक्दो सहयोग आवश्यक परेको उहाँहरूले बताउनुभयो। त्यस क्षेत्रका स्थानीयलाई बाटोसहित विकल्प दिए गाँजा विस्थापित हुने उहाँहरूले विश्वास व्यक्त गर्नुभयो। पहिलेको तुलनामा हाल गाँजा निकै कम मात्र लगाइएको उहाँहरूले स्पष्ट पार्नुभयो।

जिल्ला समन्वय समिति प्रमुख रघुनाथ खुलालको सभाध्यक्षता तथा मकवानपुरका प्रमुख जिल्ला अधिकारी आश्मान तामाङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो। कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रहरी उपरीक्षक वृद्धिराज गुरुङले जिल्लामा लागुऔषधका विषयमा तयार पारिएको प्रस्तुतीकरण गर्नुभएको थियो।

# पुनर्निर्माणमा समस्यै समस्या

मोतीराम तिमल्सिना, काभ्रे

भूकम्पपछिको पुनर्निर्माणमा सुस्तता आएको भन्दै सरोकारवालाले सरकारको ध्यानाकर्षण गराएका छन्। राष्ट्रिय पुनर्निर्माणमा पटक-पटकको राजनीतिक नियुक्ति र नेतृत्व फेरबदल, निर्णय परिवर्तन भइरहनु, कानुनी झन्झटलगायतलाई कारण देखाउँदै पुनर्निर्माणमा ढिलाइ भएको निष्कर्ष निकालेका छन्।

राष्ट्र निर्माण मन्च नेपालले धुलिखेलमा शुरू गरेको २ दिने भूकम्पपछिको पुनर्निर्माण र स्थानीय सरकार सञ्चालन विधिसम्बन्धी तालिमका सहभागिले उक्त कुरा बताएका हुन्। स्थानीय सरकार निर्वाचित भएको १ वर्ष बितिसक्दासमेत प्राधिकरणकै फरक-फरक नीतिका कारण पुनर्निर्माण हुन नसकेको बताएको छ। 'कानुनी झन्झट धेरै भयो, वास्तविक पीडितको गुनासो अझै सुनवाइ भएको छैन', प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ का सांसद गंगाबहादुर दोङ्लेले भने- 'सुकुम्बासी, गुठी, ऐलानी तथा सगोल घर भएका तर अंशबन्डा गर्न विवाद भएका परिवारले सम्झौता भए पनि घर बनाउन सकिरहेका छैनन्।' जिल्लाको भकुण्डे, महादेवस्थानको चन्डेनी, ज्यामदीलगायतका स्थानमा पानी नभएकै कारण पुनर्निर्माण हुन सकेको छैन।

'हिउँदमा पानी अभावका कारण निर्माण गर्न नसकिएको आवास वर्षातको समयमा बाटो बन्द हुँदा निर्माण हुन सक्दैन', सांसद दोङ्लेले भने- 'लाभग्राहीले चाहेर पनि आवास निर्माण गर्न सकिरहेका छैनन्।' कानुनी झन्झटहरू हटाउन प्राधिकरणको नेतृत्व जिम्मेवार बन्न नसकेको उनले बताए। फरक-फरक कार्यालयबाट प्रदान गरिने सेवा र अनुदान प्रक्रिया लामो र झन्झटिलो भएको स्थानीय सरकारका प्रमुखले बताएका छन्। बनेपा नगरपालिकाका प्रमुख लक्ष्मीनरसिंह बादेले सर्वसाधारणले घर निर्माण गरेको महिनौं हुँदासमेत अनुदान प्राप्त गर्न नसकेको बताए। बनेपा नगरपालिकाका उपप्रमुख रेखा सापकोटाले भूकम्प पीडितको समस्यामा प्राधिकरण जिम्मेवार बन्न नसक्दा गुनासो र आरोप स्थानीय सरकारले बोक्नुपरेको बताएकी थिइन्।


कार्यक्रममा धुलिखेल नगरपालिका उपप्रमुख विमला शर्मा, धुलिखेल नगरपालिका प्रमुख प्रशासकीय अधिकृत महेश बराल, बनेपा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरे, दुई नगरपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्यहरू, न्यायिक समितिका सदस्यहरूको सहभागिता रहेको छ। जनप्रतिनिधिलाई विभिन्न क्षेत्रमा क्रियाशील विशेषज्ञ, अधिवक्ता, प्राधिकरणका प्रवक्तालगायतले विभिन्न विषयमा प्रशिक्षण दिने कार्यक्रम तय भएको संस्थाका अध्यक्ष निर्मलकुमार उप्रेतीले बताए।

कानुनी जटिलता तथा न्यायिक समितिका समस्यालाई समाधान गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालनका कार्यविधिलाई समेत जानकारी गराउन लागिएको संस्थाका कम्युनिकेसन अफिसर सुवास तिमल्सिनाले बताए। जनप्रतिनिधिले सरकार सञ्चालनको समयमा गर्न हुने र नहुने विषयमा समेत तालिमको अवधिमा थप प्रस्टता बनाउने संस्थाका सुमन न्यौपानेले जानकारी दिए। जिल्लामा ७२ हजार ४ सय २० लाभग्राहीमध्ये ६६ हजार ९ सय ९१ जनाले पहिलो किस्ता प्राप्त गरेका छन्। ३१ हजार ७ सय ४९ जनाले दोस्रो किस्ता लिएको भए पनि १४ हजार ४ सय १४ जनाले मात्रै तेस्रो किस्ता प्राप्त गरेका छन्।

# दोलखाका अधिकांश प्रहरी चौकी टहरा र भाडाको घरमा

चिरञ्जीवी मास्के, दोलखा

२०७२ सालको भूकम्पले क्षति भएका भवन अझैसम्म पुनर्निर्माण हुन नसक्दा दोलखाको अधिकांश प्रहरी चौकी भाडाको घर तथा टहरामा नै रहेका छन्।



दोलखा जिल्लामा जिल्ला प्रहरी कार्यालय १, 'क' श्रेणीको इलाका प्रहरी कार्यालय ३, 'ख' श्रेणीको इलाका प्रहरी कार्यालय ३, सीमा प्रहरी कार्यालय १ प्रहरी चौकी १० र प्रहरी पोस्ट २ गरी २० वटा प्रहरी युनिट रहेका छन्। जसमा जिल्ला प्रहरी कार्यालय चरिकोट, इलाका प्रहरी कार्यालय मैनापोखरी र सस्मा प्रहरी कार्यालय लामाबगर पक्की भवनमा रहेको छ भने प्रहरी चौकी रोल्वालिङ, प्रहरी चौकी मेलुङ र प्रहरी चौकी छोडेर टहरामा रहेका छन्। त्यसै गरी प्रहरी चौकी किरौंतीछाप टेन्टमा रहेको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ।

प्रहरी चौकी किर्ने हिमाल हाइड्रोले उपलब्ध गराएको भवनमा छ भने प्रहरी चौकी खरिढुंगा ओरियन्ट म्याग्नेसाइटले उपलब्ध गराएको भवनमा रहेको छ। इलाका प्रहरी कार्यालय जिरी, इलाका प्रहरी कार्यालय सिंगटी तथा इलाका प्रहरी कार्यालय मागापौवाको भवन निर्माण हुँदै गरेकाले अहिले भाडाको घरमा रहेको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ।

इलाका प्रहरी कार्यालय गौरीशंकर, इलाका प्रहरी कार्यालय भीमेश्वर दोलखा र प्रहरी चौकी सातदोबाटो पनि भाडाको घरमा नै रहेको जनाइएको छ। जिल्लामा रहेका अधिकांश प्रहरी कार्यालय टहरा र भाडाको घरमा रहेकाले सेवा प्रवाहमा समस्या भइरहेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक बासुदेव पाठक बताउँछन्।

आफ्नै भवन नहुँदा सेवाग्राहीलगायत घटनाका पक्ष विपक्षलाई राखेर अनुसन्धान गर्न र नियमित कार्यालय सञ्चालन गर्नसमेत समस्या हुने गरेको प्रहरी नायब उपरीक्षक पाठकको भनाइ छ। भौतिक पूर्वाधारको प्रतिकूलताका बाबजुद जिल्लामा रहेका हरेक प्रहरी युनिटले उत्कृष्ट सेवा दिँदै आएको पनि प्रहरी नायब उपरीक्षक पाठकको भनाइ छ।

# नयाँ मोडलबाट बजेट बनाए मात्र काम देखिने

नेपाल समाचारपत्र

हेटौंडा

प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले परम्परागत बजेट बनाउने तरिकालाई तोडेर नयाँ मोडलबाट बजेट बनाए मात्र गरेका काम देखिने बताउनुभएको छ।

प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा राष्ट्रियस्तरका योजना र प्रदेशस्तरका योजना अबका दिनमा कसरी सञ्चालन गर्ने भन्ने विषयमा आयोजित छलफलमा उहाँले परम्परागत बजेट छर्ने तरिका तोडेर मात्र काम गरिने बताउनुभयो।

अब केन्द्र, प्रदेश र स्थानीय तह मिलेर काम गर्नुपर्ने बेला आएको बताउनुभयो। अहिले पनि प्रेसरका भरमा बजेट छुट्याउने काम भइरहेका छन्। अब सिस्टम परिवर्तन गरेर मात्र काम सकिने बताउँदै उहाँले भन्नुभयो- 'कर्मचारीको मानसिकतामा परिवर्तन आएको छैन। कर्मचारी आफ्ना भाग खोसिन्छ कि भनेर लागेका छन्। उनीहरू हालको सिस्टमलाई परिवर्तन गर्न चाहँदैनन्। तर हामी जसरी पनि सिस्टम बदलेर काम गर्नुपर्छ भनेर लागेका छौं।'


अब ३ तहको सरकारले समन्वय गरेर आफ्ना राम्रा काम गर्ने बेला आएको उहाँले बताउनुभयो। हालको जनशक्ति र रकमले राम्रा काम गर्न सकिने उहाँको भनाइ छ। प्रदेश सरकारले बजेटलाई आवश्यकता र प्राथमिकताका आधारमा छुट्याएर काम गरेको उहाँको दाबी छ।

प्रदेश सभामुख सानुकुमार श्रेष्ठले संघीय सरकार र प्रदेश सरकारले गाउँपालिका र नगरपालिकाले जसरी काम गर्ने गरी बजेट छुट्याएको बताउनुभयो। अब १ वर्षमा गरिने काम र ५ वर्षमा गरिने काम छुट्याएर काम गर्नुपर्ने बताउँदै उहाँले भन्नुभयो- 'अब एकीकृत बस्ती निर्माण गरे मात्र विकास गर्न सकिन्छ। एउटा सानो गाउँमा र बस्ती नभएको स्थानमा पानी, बत्ती पुऱ्याएर साध्य नलाग्ने भएकाले सबै सुविधा एकै स्थानमा दिने गरी काम गरिनुपर्छ।'

प्रदेशका भौतिक योजना तथा निर्माणमन्त्री केशव स्थापितले अब स-साना योजनामा पैसा छरेर भन्दा पनि ठूला योजनाका निम्ति काम गरिनुपर्ने बताउनुभयो। कार्यक्रममा राष्ट्रिय योजना आयोग उपाध्यक्ष डा. पुष्प कँडेलले प्रदेशबाट आएका सुझावका आधारमा काम गर्न तयार रहेको बताउनुभयो।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा. खिमलाल देवकोटाले प्रोजेक्ट बैंक बनाएर काम गरिनुपर्ने बताउनुभयो। कार्यक्रममा प्रदेश उपसभामुख राधिका तामाङ, आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुंगेल, उद्योग, वातावरण, पर्यटन तथा वनमन्त्री अरुण नेपाल, आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेल, प्रमुख सचिव आनन्दराम ढुंगाना, राष्ट्रिय योजना आयोग सदस्य डा. रामकुमार फुँयाल, विभिन्न मन्त्रालयका सचिवलगायतको सहभागिता थियो।

उहाँले नगरपालिकाले कर सम्बन्धमा गरेका निर्णय र कर पुस्तिकासमेत सार्वजनिक नगरी वेभसाइडमा छ भनी गैरजिम्मेवार जवाफ दिने गरेको बताउनुभयो।




## । संक्षेप समाचार

### धारिलो हतियार प्रयोग गरी हत्या

विराटनगर, (नेस)

एक सातापछि अस्ट्रेलिया जान लागेकी एक युवतीको उनकै प्रेमीले हत्या गरेका छन्। मोरङको ग्रामथान गाउँपालिका-३ सिद्राहामा २३ वर्षीया युवतीको धारिलो हतियार प्रयोग गरी वीभत्स हत्या भएको हो। शुक्रबार विराटनगरबाट पूर्वतर्फ घुम्न जाने क्रममा शिखा घिमिरेको उनकै प्रेमी ३० वर्षीय दिनेश भट्टराईले हत्या गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। भट्टराईले घरेलु हतियार प्रहार गरेर घिमिरेको हत्या गरेका हुन्।

### क्षतिपूर्ति माग

सल्यान, (नेस)

सल्यानको विभिन्न क्षेत्रमा मकै र तरकारी बाली जंगली जनावरले नष्ट पारेपछि किसानले तरकारी र अन्नबालीको क्षतिपूर्ति माग गर्दै निवेदन दिएका छन्। जिल्लाका विभिन्न स्थानमा बँदेल, दुम्सी, बाँदरलगायतका जनावरले मकै, कोदो, धान, तरकारीलगायतका बालीमा क्षति पुर्‍याएको किसानको गुनासो छ। जिल्लाका १५ जनाभन्दा बढी किसानले क्षतिपूर्तिको माग गर्दै कृषि शाखा कपुरकोटको कृषि प्राविधिक शाखामा निवेदन दिएका हुन्।

जिल्लाका विभिन्न स्थानमा बँदेल, दुम्सी, बाँदरलगायतका जनावरले मकै, कोदो, धान, तरकारी बालीमा क्षति पुर्‍याएको किसानले बताएका छन्। वर्षभरि खाने अन्न जनावरले नष्ट पारेपछि किसानले स्थानीय तह तथा सम्बन्धित कृषि कार्यालयमा क्षतिपूर्ति खोज्दै निवेदन पेस गरेका छन्।

### गाँजासहित दुई पक्राउ

बारा, (नेस)

इलाका प्रहरी कार्यालय सिमराले बिहीबार अवैध लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ।

सिमराबाट मोटरसाइकलमा गाँजा लिएर वीरगन्जतर्फ गइरहेका वीरगन्ज महानगरपालिका-३१ बस्ने सुरेन्द्र महतो र वीरगन्ज उपमहानगरपालिका-२८ बस्ने दीपलाल सहनीलाई ना४४प ६२६ नम्बरको मोटरसाइकलबाट गाँजा ओसारपसार गरिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय सिमराको गस्ती टोलीले दिउँसो करिब ३ बजे जितपुरसिमरा उपमहानगरपालिका-७ जितपुरबाट पक्राउ गरेको हो। उनीहरूका साथबाट ४ केजी गाँजा बरामद भएको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी निरीक्षक सुवास हमालले जानकारी दिए।

### डायलासिस सेवा शुरू

राजविराज, (नेस)

यहाँस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा शुक्रबारदेखि 'डायलासिस' सेवा शुरू गरिएको छ।

उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले 'डायलासिस' सेवाको एक कार्यक्रमका बीच उद्घाटन गरेका छन्। यसअघि यहाँका मृगौलापीडित ठूलो रकम खर्चेर उपचारका लागि धरान, विराटनगर र भारतको दरभंगा, पटनासम्म पुग्ने गरेका थिए। डायलासिस सेवाको उद्घाटन गर्दै स्वास्थ्यमन्त्री यादवले सगरमाथा अञ्चल अस्पतालबाट अपवादबाहेक बिरामी रिफर गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने र अन्य जिल्लाका बिरामी उपचारका लागि सप्तरी आउने गरी अस्पतालको स्तरोन्नति गरिने बताए।

### 'युवालाई देशमै रोजगार दिनुपर्छ'

लमजुङ, (नेस)

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेलले युवालाई देशमै रोजगार सिर्जना गर्नुपर्नेमा जोड दिएका छन्। उनले जिल्ला युवा समितिले आयोजना गरेको युवा सीप तथा नेतृत्व विकाससम्बन्धी ३ महिने अर्थात् ३ सय ९० घन्टे एड्भान्स ब्युट्रीपार्लर तालिमको समापन समारोहमा यस्तो बताएका हुन्।

उपाध्यक्ष ढुङ्गेलले देशका ५ सय वटा समूहका ३५ युवाले शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण लिएको बताए। उनले राम्रा उद्यमीलाई पुरस्कृत गर्नेसम्मको वातावरण हुनुपर्ने बताए। आफू र राष्ट्रका लागि केही गर्न सक्ने युवाले व्यवसाय गर्नुपर्ने बताउँदै युवालाई शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण उपलब्ध गराउने नीतिको शीघ्र कार्यान्वयन हुनुपर्ने बताए।

# साँफे-मार्तडी सडकखण्ड क्षतविक्षत्

दयाराम पण्डित, बाजुरा

एक सातायता परेको अविरल वर्षाका कारण दर्जनौं सडकखण्डमा पहिरो जाँदा साँफे-मार्तडी सडकखण्ड पूर्णरूपमा क्षतविक्षत् भएको छ। पानीका कारण बडिमालिका नगरपालिका र बूढीगंगा नगरपालिकाको सीमानामा रहेको बडिमालिका प्रवेशद्वारसहित हरेडे खोला सडकखण्डको नाम निशाना छैन। ओलेनाको करिब १ सय मिटर माथिबाट पहिरो खस्दा सडक पुरिएको छ, दवारीमादेखि बल्देसम्म गएको पहिरोले सडक भासिनुका साथै पहिराले सडक पुरिएको छ। उता त्रिवेणी नगरपालिकाको पैमाबाट पहिरो खस्दा बूढीगंगा नदी थुनिँदै गएको छ।

सदरमुकाम मार्तडीदेखि चौराटी खेतको ३ किलोमिटर सडक भासिएको छ। बूढीगंगा नदी थुनिएमा सबैभन्दा बढी असर छिमेकी जिल्ला अछामको साँफेबगर क्षेत्रमा हुनसक्ने इन्जिनियर प्रयागराज जैशीले बताउनुभयो। बल्देदेखि मार्तडीसम्मै निर्माण गरेको मोटरबाटोको माटो अत्यन्त कमजोर छ। माटो परीक्षण नगरी निर्माण गरिएकाले वर्षात्मा जहिले पनि उक्त क्षेत्रमा समस्या आउने इन्जिनियर जैशीले बताउनुभयो। नदीले सडकखण्डको जग भासिँदा साँफेमार्तडी सडकखण्डको एलाइन्म्यान्ट नै परिवर्तन गर्नुपर्ने साँफे-मार्तडी सडकखण्ड आयोजना प्रमुख राजेन्द्रप्रसाद दासले बताउनुभयो।

केही सातादेखिको निरन्तर वर्षाका कारण विभिन्न ठाउँमा पहिरो जाँदा पैदल आवागमन गर्न पनि निकै सास्ती भएको छ। 'छोटो तथा लामो दूरीका यातायातका साधन पनि बीच बाटोमै अलपत्र परेका छन्। यता पहिरो उता पहिरो माथि पनि पहिरोको जोखिम छ, कति बेला बस च्यापिन्छ भन्ने डर लागेको छ' -बस



चालक तेज विष्टले दुखेसो गर्नुभयो।

ठाउँ-ठाउँमा सडक अवरुद्ध हुँदा यात्रुले निकै सास्ती खेप्नुपरेको छ। तिपाडादेखि बल्देसम्म ४ किलोमिटर सडकमा पैदल बाटोसमेत नहुँदा यात्रुलाई थप सास्ती भएको बल नेपालीले बताउनुभयो। ४ किलोमिटर बाटोमा १ झोला बोकाउँदा ८ सय रुपियाँ तिर्नुपरेको कर्मचारी केशरी रोकायाले दुखेसो गर्नुभयो। यातायात ठप्प हुँदा सदरमुकाम मार्तडीमा दैनिक उपभोग्य सामानको पनि अभाव हुन थालेको उद्योग वाणिज्य संघ प्रतिनिधि तुला रोकायाले बताउनुभयो।

त्यस्तै नेपाल खाद्य संस्थान शाखा कार्यालय मार्तडीमा पनि २ सय ५० क्विन्टल चामल र ५० क्विन्टल गहुँ मात्र मौज्दात रहेको शाखा प्रमुख मेखराज ओझाले बताउनुभयो। '३ सय क्विन्टल खाद्यान्न गोदाममा मौज्दात राख्नै पर्ने व्यवस्था छ' -शाखाप्रमुख ओझाले भन्नुभयो। जिल्लामा सरकारले तोकेको ७२ आइटम औषधि छैन तर, सामान्य औषधिको भने अभाव नरहेको जिल्ला स्वास्थ्य कार्यालय बाजुराका निमित्त कार्यालय प्रमुख रामचन्द्र यादवले बताउनुभयो।

पत्रकार र सुरक्षा निकायबाट सडक अवस्था बुझ्न छुट्टाछुट्टै स्थलगत अनुगमन गरिएको छ। त्यस्तै प्रमुख जिल्ला अधिकारी चेतराज बरालको नेतृत्वमा गएको सुरक्षा निकायको टोलीले सडकखण्डको स्थलगत अनुगमन गरी जिल्ला प्रशासन कार्यालय बाजुरामा सर्वपक्षीय बैठक डाकेको थियो। बैठकमा सुझाव संकलनसहित बजारमा देखिने कृत्रिम अभाव हुन नदिन सबैलाई सचेत गराएको छ।

# पहिरोका कारण बाढीको जोखिम कायमै

किरन धामी, दार्चुला

भारतीय खोतिला पहिरोका कारण जिल्ला सदरमुकाम खलंगामा बाढीको जोखिम कायमै रहेको छ। २०७० सालमा महाकालीमा बाढी आएपश्चात् नदी किनारमा पक्की तटबन्ध बने पनि पहिरोका कारण बाढीको जोखिम हट्न सकेको छैन। पहिरो आएको अढाई वर्ष हुँदा समेत व्यवस्थापन हुन नसक्दा महाकाली नदी किनारका बस्तीलाई खतरामा पारेको छ।

पहिरो हटाउन भारतीय पक्षले आनाकानी गरिरहेका कारण खलंगाबासी बाढीको जोखिममा बस्दै आइरहेका छन्। नेपालमा पक्की तटबन्धको काम अन्तिम चरणमा पुगेपछि भारतीय पक्षले पहिरो व्यवस्थापन गर्ने भन्दै सुरसार गरिरहेको छ।

पहिरोको शुक्रबार भारतीय भू-गर्भविद्को टोलीले स्थलगत अनुगमन गरेको छ। पहिरोको नेपाल र भारतीय प्राविधिकले स्थलगत अनुगमन निरीक्षण गरेपछि तत्काल हटाउन असम्भव रहेको भारतीय पक्षको भनाइ रहेको महाकाली नदी नियन्त्रण आयोजनाका इन्जिनियर नारायणकाजी श्रेष्ठले जानकारी दिए। 'पहिरो महाकालीमा फाल्न सकिँदैन, अन्य ठाउँमा फाल्नलाई सम्भव छैन' -भारतीय प्राविधिकलाई उद्धृत गर्दै इन्जिनियर श्रेष्ठले भने।

पहिरो हटाउनु नै दुवै देशका लागि सुरक्षित मानिएको भए पनि भारतीय पक्षले बेला-बेला अनुगमन मात्रै गर्ने भएकाले पहिरो हटाउने कार्य अझै शुरू हुन सकेको छैन। यसअघि पनि नेपाल-भारतका अधिकारीले उक्त पहिरोलाई हटाउने बारेमा बेला-बेला अनुगमन र निरीक्षण गरेका थिए। पिथौरागढ जिल्लाको धार्चुला तहसिलअन्तर्गत पर्ने खोतिला क्षेत्रमा गएको उक्त पहिरो हटाउन नसकिए बाढीको जोखिम कायमै रहने उनको भनाइ छ।

पहिरो व्यवस्थापन गर्न नेपालका तर्फबाट विकल्पसहित उक्त टोलीलाई सुझाव दिएको इन्जिनियर श्रेष्ठले जानकारी दिए। पहिरोबाट आएका ठूला ढुंगा फुटाउन र खोतिला गाउँ जाने बाटोमाथिको भागलाई कंक्रिट गर्न तथा गहिरोसम्म जरा जाने बोट बिरुवा रोप्न सुझाव दिएको उनले बताए।

भारतीय पक्षले उक्त पहिरो हटाउन ठेकेदार कम्पनी छनोट गरेको भए पनि अहिलेसम्म परिणाममुखी कार्य गर्न सकेको छैन। यसअघि भारतीय सिँचाइ विभागका प्रतिनिधिले पहिरो हटाउन जोखिम रहेको भन्दै आनाकानी गरेका थिए। १ महिनाअघि नेपाल र भारतका अधिकारीबीचको सीमा समन्वय बैठकको सहमतिअनुसार पहिरोको व्यवस्थापन गर्नेबारे प्राविधिकले स्थलगत अनुगमन तथा निरीक्षण गरेका हुन्।

वर्षात् सकिएलगत्तै खोतिला पहिरोको व्यवस्थापन गर्नेबारे २ देशका अधिकारीबीच सीमा बैठकमा पनि सहमति भएको थियो। पहिरोको अनुगमन र निरीक्षणपछि वर्षात् सकिएलगत्तै व्यवस्थापनको काम शुरू हुने अपेक्षा गरेको सहायक प्रमुख जिल्ला अधिकारी शिवराज जोशीले बताए।

# करको विरोध गर्दै कांग्रेस सडकमा

यमलाल भुसाल, बुटवल

बुटवल उपमहामनगरपालिकाले बढाएको करको विरोधमा नेपाली कांग्रेस सडकमा उत्रिएर बढाइएको कर नघटाए सशक्त आन्दोलन गर्ने चेतावनी दिएको छ।

देशका विभिन्न स्थानमा सरकारका काम कारवाहीको विरोध भइरहँदा बुटवलमा पनि सडकमा आउन नसकेको कांग्रेस शुक्रबार सडकमा उत्रिएर विरोध प्रदर्शन गरेको छ। अपराह्न १२ बजे बुटवलको अस्पताल लाइनमा भेला भएका कांग्रेसका नेता कार्यकर्ता र शुभेच्छुक नारा जुलुस गर्दै बुटवल उपमहानगरपालिका पुगेका थिए।

सडकमा केन्द्रदेखि स्थानीय तहले बढाएको करका सम्बन्धमा चर्को नारा लगाउँदै उपमहानगरपालिकाको गेटमा केहीबेर प्रदर्शन गरेपछि नेताले उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदीलाई कार्यकक्षमा गएर ज्ञापनपत्र बुझाएका हुन्।

नगरप्रमुख सुवेदीलाई ज्ञापनपत्र बुझाउँदै कांग्रेस नगर सभापति खेलराज पाण्डेले बहुमतको नाममा सहमति, सहकार्य र सरसल्लाहको संस्कृति त्यागेर उपमहानगरपालिका एकलौटीरूपमा अघि बढेको र जनताले थेग्नै नसक्ने गरी कर बढाएकाले बाध्य भएर आन्दोलनमा उत्रिएको बताउनुभयो।




उहाँले नगरपालिकाले कर सम्बन्धमा गरेका निर्णय र कर पुस्तिकासमेत सार्वजनिक नगरी वेभसाइडमा छ भनी गैरजिम्मेवार जवाफ दिने गरेको बताउनुभयो।

उहाँले ५ सय प्रतिशतसम्म कर वृद्धि भएको बताउँदै तत्काल समयसापेक्ष १० देखि १५ प्रतिशत कर वृद्धि गरी बाँकीको निर्णय फिर्ता लिन आग्रह गर्नुभयो।

उहाँले कांग्रेसको माग सम्बोधन नगरे थप आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने चेतावनीसमेत दिनुभयो।

ज्ञापनपत्र बुझ्दै नगरप्रमुख सुवेदीले दल, संघ सस्था वा नागरिक समाज कसैलाई उपेक्षा नगरिएको बताउँदै उपमहानगरपालिकाले सबैसँग मिलेर सहकार्य गरेर अघि बढ्छ, त्यसैमा बुटवलको विकास र समृद्धि सम्भव छ भन्ने नीति अंगीकार गरेको बताउनुभयो।

**अव्यवस्थित बसोवासीका हकमा नगरपालिकामा कठोर १ हजारदेखि १० हजार शुल्क तय**

उहाँले करका सम्बन्धमा बाहिर गरिएको हल्ला भएजस्तो वृद्धि नभएको र कहीं कतै नमिलेको भए दलको छलफलबाटै सच्याउन सकिनेसमेत बताउनुभयो। नगरपालिकाले साविकमा २ प्रतिशत र १० प्रतिशत कर कार्यालयले लिने गरेको घरबहाल करलाई अब स्थानीय तहले मात्र लिने गरी एकमुष्ठ १० प्रतिशत गराएको नगर प्रमुख सुवेदीले बताउनुभयो।

नगरपालिकाले करको दर नबढाएको बताइरहँदा अव्यवस्थित बसोवासीका हकमा भने नगरपालिकाले अव्यवस्थित बसोवास अभिलेखीकरण प्रमाणपत्र शुल्क १ हजार, घर टहरा भएकोमा वार्षिक २ हजार, एक तले पक्की घरको वार्षिक ५ हजार र एक तलाभन्दा बढी घरको हकमा प्रतितलाको थप २ हजारले हुन आउने गरी पूर्वाधार विकास शुल्क लिने निर्णय गरेको नगरपालिकाद्वारा प्रकाशित राजपत्रमा उल्लेख गरिएको छ।

### एक्ली पदाधिकारी घर्ती

रोल्पा, (नेस)

नेकपा एमाले र माओवादी केन्द्रको एकीकरणपछि बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रदेश ५ मा रोल्पाकी ईश्वरी घर्तीमगर एक्ली महिला पदाधिकारीको रूपमा चयन भएकी छिन्।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रदेश ५ कमिटीले घर्तीलाई सो पार्टीको रोल्पा जिल्ला सचिवको रूपमा चयन गरेसँगै उनी प्रदेश ५ कै एक मात्र महिला पदाधिकारी भएकी हुन्। नेकपा एमाले रोल्पाको सदस्यसमेत रहेकी घर्तीलाई गतवर्ष सम्पन्न प्रदेशसभा निर्वाचनमा समानुपातिक सूचीमा राखिए पनि अन्तिममा आएर नाम हटाइएको थियो।

**श्री मोरङ जिल्ला अदालत बाट जारी भएको ३५ दिने म्याद**

बिगो नं. ५१/३३९

मोरङ जिल्ला अदालतबाट जारी भएको काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वार्ड नं. १४ कुलेश्वर स्थित लेखा पान नं. ३०४२२४८४४ भएको जि.एल. सप्लायर्स..........१

मोरङ जिल्ला अदालतबाट जारी भएको काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वार्ड नं. १४ कुलेश्वर बस्ने बोलचन चित्रकारको छोरा जि.एल. सप्लायर्सको प्रोपाइटर वर्ष २८ को जितेन्द्र चित्रकार .......१

मोरङ जिल्ला अदालतबाट जारी भएको भक्तपुर जिल्ला भक्तपुर न.पा. वार्ड नं. ३ बस्ने ज्ञानमान शाक्यको छोरा वर्ष ४८ को सुवर्ण रत्न शाक्य ..........१

समेत ३ जनाका नामको ३५ दिने म्याद

उप्रान्त वादी हिमगिरी सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त संचालक महेशकुमार जाजु र प्रतिवादी तपाईंहरु समेत भएको व्यापारिक लेनदेनको बिगो मुद्दामा यस अदालत बाट राष्ट्रिय स्तरको पत्रिकाबाट जारी गर्नु भन्ने आदेशानुसार तपाईंको नामको म्याद सूचना यस राष्ट्रिय स्तरको दैनिक पत्रिकाबाट जारी गरिएको छ। सूचना जारी भई प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र फैसला बमोजिम साँवा रु १८,०७,८२६।१४ (अठार लाख सात हजार आठ सय छब्बिस रुपैंया चौध पैसा) सो को ब्याज तथा कोर्ट फि समेतको रकम अदालत खुलेको समयमा यस अदालतमा दाखिला गर्न ल्याउनु होला, पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०७५ साल श्रावण १० गते रोज ३ शुभम्......।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

नेपाल सरकार
उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय
जलश्रोत तथा सिंचाई विभाग
**कोशी पम्प, चन्द्र नहर सिंचाई व्यवस्थापन डिभिजन**
राजविराज, सप्तरी

**सूचि दर्ता गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५।०५।०२

यस डिभिजनको लागि चालु आ.व. ०७५।०७६ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामान सेवा,पटक पटक वा एकैपटक खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनी वा व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र फर्म वा कम्पनी दर्ता प्रमाण पत्र, फर्मवा कम्पनी दर्ता नवीकरण प्रमाण पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व. ०७३।७४ सम्मको कर चुक्ता प्रमाण पत्र नोटरी पब्लिकबाट प्रमाणित गराएको प्रतिलिपि संलग्न गरी रितपूर्वकको निवेदन सहित कार्यालय समय भित्र यस व्यवस्थापन डिभिजन कार्यालयमा सूचि दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल** :


१. स्टेसनरी मालसामानहरु (मसलन्द तथा विविध)।
२. छपाईसम्बन्धि कार्य।
३. काठ तथा स्टीलका फर्निचर तथा फ्लोरिङ्ग आपूर्ति र मर्मत कार्य।
४. कम्प्युटर, प्रिन्टर, फोटोकापी मेसिन,यूपिएस, आदि मेसनरी तथा ईलेक्ट्रीक सामान मर्मत तथा आपूर्ति।
५. सवारी साधान (जीप, पिकअप, मोटर साइकल, साइकल) आदिको पार्टपुर्जा आपूर्ति तथा तिनको मर्मत सम्बन्धि कार्य।
६. विज्ञापन, सूचना प्रकाशन प्रसारण सेवा।
७. टेलिफोन, नेटवर्क, ईन्टरनेट, ईलेक्ट्रीक लाईन मर्मत तथा विस्तार सेवा।
८. परामर्श सेवा खरिद सम्बन्धि कार्य (कानूनी सेवा, प्राविधिक परामर्श सेवा, जनशक्ति विकास सम्बन्धि सेवा र सिंचाई प्रणालीको मर्मत सुधार तथा क्षमता वृद्धि सम्बन्धि सेवा र नहर मर्मत सम्बन्धि Appraisal Report Preparation & Re-designing Estimate & Tender document preparation work,Partial Map preparation आदि।
९. पम्प हाउसको पम्प मेसिनहरु संचालन गर्न मर्मत सामाग्री मालसामान तथा मर्मत गरि फिटिङ्ग गर्ने कार्य सम्बन्धि सेवा।
१०. निर्माण सम्बन्धि कार्य।

डिभिजन प्रमुख

# विश्व

**दुर्घटना**

युनाइटेड एयरलायन्सको दुईवटा यात्रुवाहक विमान अमेरिकाको सिकागो शहरको ओ हेर अन्तर्राष्ट्रिय विमानस्थलमा एक आपसमा ठोकिएका छन्।



**चेतावनी**

यदि टर्कीले हिरासतमा लिएका एकजना अमेरिकी पास्चरलाई मुक्त नगरेको खण्डमा अमेरिकाले टर्कीमाथि थप नाकाबन्दी लगाइने चेतावनी दिएको छ।



2018, AUG
Saturday
18

**विश्व २ मिनेट**

**अमेरिका**

## सिखको हत्या

न्युयोर्क, (एजेन्सी)

न्युजर्सीमा एक सिखलाई उनकै पसलमा चक्कु प्रहार गरी हत्या गरिएको छ। विगत तीन हप्तामा अल्पसंख्यक सिख समुदायका सदस्यहरूलाई निसाना बनाएको यो तेस्रो घटना हो। तरलोक सिंह बिहीबार उनकै पसलमा मृत फेला परेका थिए। उनको छातीमा चक्कु प्रहारको चोट थियो। एबीसी७ एबाईल एसेक्स काउन्टीका अभियोजक कार्यालयले यसलाई हत्याको मामिला भएको उल्लेख गरेको छ। यद्यपि हत्याको कारण भने अहिलेसम्म थाहा हुन सकेको छैन। उनकी पत्नी र एक बच्चा भारतमा रहेको बताइएको छ।

**दक्षिण कोरिया**

## किमको आरोप

सोल, (एजेन्सी)

उत्तर कोरियाली नेता किम जोङ-उनले अमेरिकालाई संकेत गर्दै शत्रुतापूर्ण शक्तिहरूले नाकाबन्दी गरी कोरियाली जनतालाई बर्बाद गर्न चाहेको उनले बताए। अमेरिकाले प्रतिबन्धको माध्यमबाट परमाणु कार्यक्रमलाई लिएर प्योङयाङमाथि दबाब बनाइरहेको छ। किम र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच यसै वर्ष जुनमा सिंगापुरमा ऐतिहासिक बैठक भएको थियो। तर पनि सम्बन्ध अगाडि बढाउने दिशामा धेरै प्रगति भएको छैन। उसले अमेरिकामाथि पूर्ण परमाणु निशस्त्रीकरणका लागि 'गुन्डागर्डी' शैलीमा माग राखेको आरोप लगाएको छ।

**अमेरिका**

## थप नाकाबन्दी

वासिङ्टन, (एजेन्सी)

अमेरिकाले शुक्रबार यदि टर्कीले हिरासतमा लिएका एकजना अमेरिकी पास्चरलाई मुक्त नगरेको खण्डमा टर्कीमाथि थप नाकाबन्दी लगाइने चेतावनी दिएको छ। प्रतिबन्धित राजनीतिक समूहहरूसँग सम्बन्ध राखेको अभियोगमा झण्डै दुई वर्षदेखि एन्ड्रयु ब्रन्सनलाई बन्दी बनाइएको छ। दुवै उत्तर एटलान्टिक सन्धि संगठन (नेटो)का सदस्य राष्ट्र अमेरिका र टर्कीबीच एक अर्काका वस्तुमाथि ट्यारिफ लागू गर्ने विषयमा रहेको विवादको कारण उनको रिहाइ रोकिएको हो। यसबाट टर्कीको मुद्रा लिरासमेत प्रभावित भएको छ

**अमेरिका**

## विमान जुधे

सिकागो, (एजेन्सी)

युनाइटेड एयरलायन्सको दुईवटा यात्रुवाहक विमान बुधबार अपराह्न अमेरिकाको इलिनोइस राज्यको सिकागो शहरको ओ हेर अन्तर्राष्ट्रिय विमानस्थलमा एक आपसमा ठोकिएका छन्। तर संयोगवश यस दुर्घटनामा कोही पनि घाइते नभएको विमानस्थल सूत्रले जनाएको छ। कल साइन ६४५ बोकेको विमान गेट नम्बर सि-३० बाट ट्याक्सिङ भइरहेका बला त्यसको वायाँ पखेटा कल साइन २७४६ बोकेको अर्को विमानको वाँया पखेटामा अल्झिन पुगेको सिकागो सन् टाइम्सले जनाएको छ। संघीय उड्डयन प्रशासनका प्रतिनिधि टोनी मोलिनारोले दुवै विमानको पखेटा क्षतिग्रस्त भएको बताएका छन्।

# एक कफीबाट भूराजनीतिमा हलचल !

लसएन्जेल्स, (एजेन्सी)

अमेरिकाको एउटा बेकरीमा ताइवानी राष्ट्रपतिलाई एक कप कफीले स्वागत गरिँदा सो घटनाले भूराजनीतिक वृत्तमा हलचल पैदा गरेको छ। एकजना ताइवानी नागरिकको स्वामित्वमा रहेको ८५ सि बेकरी क्याफेको लस ऐन्जेल्स शाखामा गत आइतबार अचानक पुगेकी ताइवानी राष्ट्रपति साइ इंगवेनलाई स्वागत स्वरूप कफी पिलाइएको थियो।



तर अधिकांश चिनियाँ ग्राहकहरूले यस घटनाप्रति आक्रोस व्यक्त गर्दै चीनको मुख्यभूमिमा रहेका उक्त क्याफेका शाखाहरूलाई बहिष्कार गर्न आह्वान गरेका छन्। चीनले ताइवानलाई आफ्नै भूभाग भएको दाबी गर्दै आएको छ।

त्यसकारण ताइवानलाई स्वतन्त्र राष्ट्रको दर्जा मिल्ने खालको जुनसुकै घटनाप्रति पनि चिनियाँ जनताले तत्कालै प्रतिक्रिया दिने गरेका छन्। चीनले विश्वका अन्य मुलुकहरूले चीन वा ताइवानसँग मात्र कूटनीतिक सम्बन्ध राख्नुपर्ने दुवैसँग त्यस्तो समबन्ध राख्न नहुने अडान दोहर्‍याउँदै आएको छ।

**पर्सागढी नगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**हरपुर पर्सा, २ नं. प्रदेश नेपाल**
**प्रथम पटक प्रकाशित मिति २०७५/०५/०२ गते।**

१, यस पर्सागढी नगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा १३ (१) र (२) बमोजिम यस कार्यालयबाट आव२०७५।०७६ को २०७६ जेष्ठ मसान्तसम्मको लागि तपसिलमा उल्लेख भएका खोलाहरुबाट बिक्री तथा निकासी हुने ढुगा, गिटी,ग्रेभल, बालुवा बिक्री तथा निकासी कर संकलन ठेक्का बन्दोबस्त बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नगर कार्यपालिकाको मिति २०७५।०४।२८ को निर्णयानुसार यो सुचना प्रकाशित गरिएको छ।
२, यो सुचना प्रथम पटक प्रकाशित मितिले ३० (तीसौं) दिन भित्र तपसिलमा तोकीए बमोजिमको रकम नगदै तिरी (पछि फिर्ता नहुने गरि) यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ।
३, प्रत्येक ठेक्काको लागि अलग अलग बोलपत्र फाराम खरिद गरि ३१ (एकतिसौं) दिन दिनको १:०० बजे सम्म नेपाली नागरिकताको प्रतिलिपी तथा आफुले कबोल गरेको अंकको ५% प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक आदर्शनगरमा रहेको धरौटी खाता नं १२५०३००७११३ मा नगदै दाखिला गरेको सक्कलै बैंक भाउचर वा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखी शिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।
४, रितपूर्वक दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारामहरु सोही दिन अर्थात ३१ (एकतिसौं) औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५, बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा क्रमश: सो को भोली पल्ट बोलपत्र फाराम खरिद, दाखिला र खोलीने कार्य हुनेछ।
६, ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिन्हा वा क्षतिपूर्ति सम्बन्धि कुनै शर्त स्विकार्य हुने छैन।
७, ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ४०% प्रतिशतले हुन आउने रकम चलनपूर्जी लिने दिनमा नगदै बुझाउनु पर्नेछ। दोश्रो किस्ता बापत ३०% रकम २०७५ पुष मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता बापत ३०% प्रतिशत रकम २०७५ चैत्र मसान्त सम्म बुझाउनु पर्नेछ। ठेकेदारले पहिलो किस्ता बापतको कबोल अंकको ४०% प्रतिशत रकम दाखिला गरि बाँकी ६०% प्रतिशत रकमको २०७६ साल श्रावण मसान्त सम्म म्याद भएको नेपाल राज्यको कुनै पनि मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बण्ड पेश गरि सम्झौता गर्नु पर्नेछ।
८, एकमुष्ठ कबोल अंक बुझाएमा १०% सम्म छुट दिन सकिनेछ तर त्यस्तो छुट कार्यालयबाट कायम गरिएको न्युनतम् अंक भन्दा घटी हुने गरि छुट दिन सकिने छैन।
९, कबोल अंकको १३% मु.अ.कर र १५% अग्रिम आय कर समेत यस कार्यालयमा बुझाउनु पर्नेछ।
१०, ढुगा, बालुवा, गिटीग्रेभल बिक्रीमा प्रति घन फिट रु४/(चार) का दरले र निकासी रु१/ (एक) गर्नुपर्ने गरी बिक्री गर्नुपर्नेछ।
११, वन तथा खोलानाला प्राकृतिक धार किनारालाई तथा अन्य अवस्थाहरुलाई हानी नोक्सानी हुन नपाउने गरि सार्वजनिक स्थल, पुल, सडक कल्भर्ट, कजवे आदिको तलमाथि पाँच/पाँच सय मिटर तथा दायाँ बायाँ दश/दश मिटर छाडेर मात्र Canalize गरी Cannel भित्र परिमाणको परिधि भित्र रही खोलाको अवस्था र ढुंगा,गिटी,बालुवाको deposition को मात्रा हेरी बढीमा ०५ मिटर देखि १ मिटर सम्म मात्र गहिराई गरी बालुवा, ढुंगा, गिट्टी र ग्रेभल झिक्ने र झिकाउने बन्दोबस्त ठेकेदारले आफ्नै तर्फबाट गर्नु पर्नेछ। यसरी झिक्दा नदी कटान हुने क्षेत्रमा संकलन गर्न पाउने छैन। सो विपरित काम गरेमा त्यसको जवाफदेही ठेकेदार स्वयं हुनुपर्नेछ।
१२, कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र दिंदा कुनै किसिमको शर्तमान्य हुने छैन साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
१३, ढुंगा, गिट्टी बालुवाको उत्खनन् तथा निकासीमा एक्साभेटर, डोजर जस्ता ठुला उपकरणहरु प्रयोग गर्न पाईने छैन।
१४, प्रत्येक महिनाको ७ गतेभित्र ढुगां, गिट्टी बालुवा उत्खनन् ओसार/पसारको मासिक प्रगति प्रतिवेदन र नगदी रसिदको अर्धकट्टी समेत अनिवार्य रुपमा यस पर्सागढी नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।
१५, विशेष गरि बालुवा, ढुंगा, ग्रेभल आदि झिक्दा वातावरणीय संतुलनमा असर नपर्ने गरि र भु-बनौट एवं प्राकृतिक सौन्दर्यतामा असर नपर्ने गरि झिक्ने बन्दोबस्त ठेकेदारले मिलाउनु पर्नेछ। वातावरण संतुलन वा भु-उपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुन्जको निषेधित वन सिमाना भित्रबाट बालुवा, ढुंगा, गिट्टी ग्रेभल आदि ठेकेदारले अनुमति बेगर झिक्न पाउने छैन। वन तथा वन्य जन्तु आरक्ष र राष्ट्रिय निकुन्ज सम्बन्धि कानुनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ।
१६, जिल्ला अनुगमन समितिले स्वीकृत गरेको कार्यविधि र IEE रिर्पोटमा उल्लेख भएको शर्तहरुको पालना ठेकेदारले गर्नुपर्नेछ।
१७, अन्य विस्तृत शर्तहरु सम्झौतामा उल्लेख गरिनेछ।
१८, विस्तृत जानकारीको लागि यस कार्यालयमा बुझ्न सकिनेछ।

**तपसिल**

| आय ठेक्का नं. | विवरण | (ढुगां,बालुवा, गिटीग्रेभल) जम्मा घ.फिट | न्यूनतम कबोल अंक (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| ०५/२०७५।०७६ | सिंगाही | ८३५८५४ | ४१७९२७०।०० | ३०००।०० |
| ०६/२०७५।०७६ | करजनिया | २२०५७० | १७२५७५।००।०० | १०००।०० |

# वाजपेयीको अन्त्येष्टि, धर्मपुत्री नमिताद्धारा दागबत्ती



नयाँदिल्ली, (एजेन्सी)

पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीको नयाँ दिल्लीस्थित स्मृतिस्थलमा अन्त्येष्टि भएको छ। उनकी धर्मपुत्री नमिता भट्टाचार्यले दागबत्ती दिएकी थिइन्। भारत रत्न अटल बिहारी वाजपेयीको बिहीबार दिल्लीको अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स)मा निधन भएको थियो। उनी ९३ वर्षका थिए। वाजपेयीको अन्तिम यात्रामा राष्ट्रपति रामनाथ कोविन्द, प्रधानमन्त्री नरेन्द्र मोदी, भाजपा अध्यक्ष अमित शाह, भाजपा नेता लालकृष्ण आडवाणी, कयौं राज्यका मुख्यमन्त्री, कांग्रेस अध्यक्ष राहुल गान्धी सहभागी भएका थिए।

पाकिस्तानका कानुन मन्त्री अली जफर, अफगानिस्तानका पूर्वराष्ट्रपति हमिद कारजाई, श्रीलंकाका कार्यवाहक विदेशमन्त्री लक्ष्मण किरिएलाले पनि वाजपेयीलाई अन्तिम श्रद्धान्जली अर्पित गरेका थिए।

विहान भाजपा मुख्यालयमा उनको शव अन्तिम दर्शनका लागि राखिएको थियो जहाँ भाजपाका सबै वरिष्ठ नेता तथा कार्यकर्ता उपस्थित थिए।

कांग्रेस नेता सोनिया गान्धी र अध्यक्ष राहुल गान्धी पनि भाजपा कार्यालय पुगेका थिए। भाजपा कार्यालयमा कार्यकर्ताहरूको भीड आफ्ना नेताको अन्तिम दर्शनका लागि पुगेका थिए।

उनको अन्तिम यात्रा अपराह्न २ बजे भाजपा कार्यालयबाट शुरू भएको थियो। प्रधानमन्त्री मोदी र भाजपा अध्यक्ष अमित शाहसहित भाजपा नेता यस अन्तिम यात्रामा पैदल उपस्थित भएका थिए। वाजपेयीको अन्तिम यात्राका क्रममा सडकका दुवै तर्फ ठूलो संख्यामा नागरिकहरू उपस्थित भएका थिए।

अन्तिम यात्रामा वाजपेयीका धर्मपुत्री नमिता पनि उनको अन्तिम यात्रामा सरिक भएकी थिइन्।

## पाकिस्तानमा वाजपेयीलाई सम्झे

भारतीय पूर्वप्रधानमन्त्री वाजपेयीको निधनले भारतलाई मात्र शोकग्रस्त गरेको होइन, उसको क्षत्रीय शत्रु पाकिस्तानमा पनि उनलाई स्मरण गरिरहेको छ। पाकिस्तानी पत्रकार तथा राजनेताहरूले बिहीबार अटल बिहारी वाजपेयीको मृत्युलाई शोक व्यक्त गरेका छन्। उनीहरूले दुई देशबीच शान्ति स्थापित गर्ने उनको प्रयासलाई स्मरण गरेका छन्।


पाकिस्तानका निर्वाचित प्रधानमन्त्री इमरान खानले उपमहाद्वीपकै ठूलामध्येका एक राजनेताको निधनमा अत्यधिक शोकव्ब्यक्त गरे र भारतको यस दु:खको घडीमा आफू उसको साथमा रहेको बताए।

पीटीआई प्रमुखले वाजपेयीको मित्रता बढाउने प्रयासलाई स्मरण गर्दै भने- 'अटल बिहारी वाजपेयीको निधनले दक्षिण एसियाको राजनीतिमा एक ठूलो स्थान खाली भएको छ। पत्रकारबाट राजनेता बेनका सिनेटर मुशाहिद हुसैन सैयदले वाजपेयीको निधनलाई अपुरणीय क्षति बताए। 'उनी शान्तिका प्रतीक थिए, जसले पाकिस्तानसँग सम्बन्ध सुधार्ने प्रयास गरे।

पीपीपीका अध्यक्ष विलावल भुट्टोका सञ्चार सल्लाहकार तथा पत्रकार उमर कुरैसीले वाजपेयीलाई किन पाकिस्तानमा पनि मनपराए भन्ने लेखेका छन्। कुरैसीले ट्विटमा भने- भाजपाका भए पनि अटल बिहारी बाजपेयीलाई पाकिस्तानमा पनि मनपराएका छन्। किनभने उनी आफै मित्रताको बसमा यात्रा गरी लाहौर आएका थिए।

पत्रकार मेहर तरारले पनि अटल बिहारी वाजपेयीको लाहौरसम्मको बस यात्रालाई स्मरण गर्दै श्रद्धान्जली दिएका छन्। पीटीआईका प्रवक्ता फवाद चौधरीले ट्विट गरे- एक दिग्गज गए। उनको राजनीति विवादित रह्यो तर शान्तिको उनको इच्छा एक गर्ने खालको थियो।

**हार्दिक समवेदना**



जन्म मिति:
वि. सं. १९८८ साल फागुन
दशमीका दिन

जग माया महर्जन

स्वर्गारोहण मिति:
वि. सं. २०७५ साल
श्रावण २१ गते

यस संस्थाका सञ्चालक समिति
सदस्य श्री हकलाल महर्जन (सानु) ज्युको
पूजनीय माता जग माया महर्जनको असामयिक
निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत
आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन
प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**नेतृत्व बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
नयाँबजार, बल्ली पोखरी, रायमाझीमार्ग
१६ वडा काठमाडौं, नेपाल

{ जंगबहादुर राणाले प्रादुर्भाव गराएको छुवाछुत प्रथालाई कानुनी रूपमै अवैध ठहऱ्याउने गरी राजा महेन्द्रले २०२० सालमा नयाँ मुलुकी ऐन ल्याएर अग्रगामी तथा क्रान्तिकारी कदम चालेकाले राजा महेन्द्रको सम्मानमा आज पनि नेपाली जनताको शिर भुक्ने गरेको बताउनुभयो।



नेपाल मण्डल पर्यटन महोत्सव २०७५ को बबरमहलस्थित चित्रकला प्रदर्शनी हेर्दै। तस्वीर : उजोल डंगोल/काठमाडौं

# देवानी तथा फौजदारी संहिता प्रारम्भ उत्सव मनाइयो

दीपेन्द्र शर्मा, सुर्खेत

कर्णालीमा शुक्रबार 'देवानी तथा फौजदारी अपराध संहिता, २०७४' लागू भएको दिनलाई प्रारम्भ उत्सवका रूपमा मनाइएको छ। कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा सुर्खेतमा संहिताको ऐतिहासिक उत्सव मनाइएको हो।

विसं.२०७४ साल असोज ३० गते जारी भएको ऐन, आज भाद्र १ गते लागू भएको दिनलाई कर्णाली सरकारले गतिशील दस्तावेजका रूपमा लिएको छ।

प्रगतिशील ऐनका रूपमा आएको देवानी तथा फौंजदारी संहिताको कार्यान्वयनमा सबै लाग्न कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री दल रावलले अपिल गरेका छन्। '१६५ वर्षपछि जारी भएको यो संहिताले संघीय लोकतान्त्रिक गणतन्त्र आएको अनुभूति भएको छ, जसले कर्णालीसहित सिंगो मुलुकलाई विधिको शासनको प्रत्याभूति गराउने छ' -मन्त्री रावलले भने। कर्णालीका कुनैपनि नागरिकले कानुनी शासनको महसुस गर्ने र कोही कसैले पीडित भएर बस्नुनपर्ने मन्त्री रावलले बताए। त्यसका साथै मन्त्री रावलले सामाजिक न्यायसहितको समृद्ध कर्णाली प्रदेशका लागि संहिता कोशेढुंगा सावित हुने दाबी गरे।

एउटा आमाबाट पाँच सन्तान जन्मेको बताउँदै तिनको सफल कार्यान्वयनका लागि आजैबाट सबैलाई सूचना तथा जानकारी हुनुपर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका निमित्त प्रमुख सचिव कलानिधि पौडेलले बताए। 'संहिता आजको दिनबाट लागू भएको छ, यो म्याराथुन दौड हो', 'पूरा गर्नुपर्ने जिम्मेवारी सबैको काँधमा आएको छ' -उनले भने।

बारद्वारा संहिताको स्वागत

उच्च तथा जिल्ला अदालत सुर्खेत अन्तरगत नेपाल बार एसोसियसनले देवानी तथा फौजदारी संहिता लागू भएको यो दिनलाई सुर्खेतमा भव्य स्वागत गरेको छ।

बारद्वारा बीरेन्द्रनगरमा आयोजित स्वागत कार्यक्रममा बोल्दै उच्च अदालत बार सुर्खेतका अध्यक्ष भूषण मानन्धरले स्थानीय तहमा न्यायिक समितिको संयोजक जनप्रतिनिधिलाई बनाइएकाले उनीहरूबाट गरिने फैसलाको दुरूपयोग हुन सक्ने चिन्ता प्रकट गरे। 'अब नागरिक तहदेखि संहितालाई व्यवस्थित र मर्यादित रूपमा कार्यान्वयनमा जोड दिनुपर्छ', अध्यक्ष मानन्धरले भने, यसको अक्षरश: पालन गर्न व्यापक प्रचारप्रसारका निम्ति मिडिया तथा सम्पूर्ण सरोकारवालाहरूको भूमिका अपरिहार्य रहेको छ। संहिता लागू भएपछि कर्णालीबासीमा खुसी छाएको सुर्खेत जिल्ला अदालतका बारका सचिव रामबाबु विसीले बताए। कार्यक्रममा कानुन व्यवसायी, पत्रकार, लेखापढी व्यवसायीहरूको सहभागीता रहेको थियो।

## समाचार संक्षेप

### शुरू गरियो नयाँ संहिता कार्यान्वयन

खोटाङ, (नेस)

जिल्ला अदालत खोटाङले औपचारिक रूपले परिमार्जित मुलुकी ऐन कार्यान्वयनको प्रारम्भ गरेको छ। जिल्ला अदालतमा शुक्रबार आयोजना गरिएको कार्यक्रममा जिल्ला न्यायाधीश किशोर घिमिरेले औपचारिक रूपले मुलुकी ऐन कार्यान्वायन प्रारम्भको घोषणा गर्नुभएको हो।

कार्यक्रममा जिल्लामा मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि, फौजदारी कसुर ऐन प्रारम्भ भएको घोषणा गरिएको हो। जिल्ला अदालतको सभा हलमा आयोजित कार्यक्रममा जिल्ला न्यायाधीश घिमिरेले मुलुकी ऐन र परिमार्जित नयाँ कानुनका भिन्नताका बारेमा सहभागीलाई जानकारी गराउनुभयो। उहाँले आवश्यकताअनुसार कानुन परिमार्जन हुँदै जानेसमेत बताउनुभयो।

कार्यक्रममा सम्बोधन गर्दै उहाँले लागू भएको कानुन कार्यान्वयनका लागि सबैलाई आग्रह गर्नुभयो।

### संहिता कानुनमा उत्सुकता थपियो

काभ्रे, (नेस)

मुलुकी ऐन विस्थापित गरी जारी भएको नयाँ संहिता ऐनका बारेमा जिल्ला अदालत र सरकारी वकिल कार्यालयको कार्यालयले सरोकारवालाहरूलाई जानकारी गराएका छन्।

मुलुकी अपराध संहिता गर्ने ऐन, मुलुकी फौजदारी कार्याविधि, कसुर सजायँ निर्धारण तथा कार्यान्वयन ऐन लगायत ६ वटा संहिताका बारेमा जानकारी गराइएको थियो। कानुन कार्यान्वयनका क्रममा सरोकारवालाहरूले शुभकामना दिँदै कानुनको गलत प्रयोग नगर्न सुझाव दिए। जिल्ला न्यायाधीश अर्जुनप्रसाद अधिकारीले कानुनमा भएका फरक-फरक व्याख्या र अधिकारका बारेमा जानकारी गराएका थिए। प्रहरीले कुनै कसुरमा व्यक्ति पक्राउ गर्दा अदालतलाई जानकारी गराउनुपर्ने र प्रहरीले उजुरी नलिए सरकारी वकिल कार्यालयमा समेत उजुरी दिन सकिने व्यवस्था संहिताले गरेको छ। संहितामा केही अपराधमा सजाय बढाइएको र केहीमा घटाइएको छ।

अदालतमा पहिलो दिन खासै सेवाग्राही उपस्थित भएनन्। कानुन व्यवसायी अलमलमा देखिएका छन् भने अदालतले पूर्णरूपमा कानुन कार्यान्वयनका लागि तयार भएको बताइएको छ। श्रेस्तेदार कृष्णप्रसाद अधिकारीले अदालतले सबै खालको कानुनको कार्यान्वयन गर्न तयार रहेको बताए।

### सिफारिसले खैलाबैला

बाँके, (नेस)

कार्यदलले सिफारिस गरेको व्यक्तिसँगै पार्टी अध्यक्ष प्रचण्डको निर्देशनमा अर्का व्यक्तिको नाम जिल्ला संयोजकका लागि घुसाएपछि नेकपा बाँकेमा हलचल मच्चिएको छ। पूर्वमाओवादी केन्द्रको भागमा परेको जिल्ला संयोजकका लागि कार्यदलले अक्कलबहादुर बमको नाम सिफारिस गरेको थियो।

# देवानी संहिता लागू नहुँदै विरोधका स्वर सुनिनु राम्रो संकेत होइन : कमल थापा

काठमाडौं, (नेस)

राप्रपाका अध्यक्ष कमल थापाले आजदेखि लागू भएको नयाँ देवानी संहिताका बारेमा लागू नहुँदै असन्तुष्टि र विरोधका स्वरहरू सुनिनु राम्रो संकेत नभएको र यसबाट सामाजिक तथा सांस्कृतिक सद्भाव खलबलिन नहुनेमा जोड दिनुभयो।

राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित उत्थान संगठनले ५६औं मुक्ति दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष थापाले जंगबहादुर राणाले प्रादुर्भाव गराएको छुवाछुत प्रथालाई कानुनी रूपमै अवैध ठहऱ्याउने गरी राजा महेन्द्रले २०२० सालमा नयाँ मुलुकी ऐन ल्याएर अग्रगामी तथा क्रान्तिकारी कदम चालेकाले राजा महेन्द्रको सम्मानमा आज पनि नेपाली जनताको शिर भुक्ने गरेको बताउनुभयो। आफूलाई क्रान्तिकारी भन्न रुचाउने कम्युनिस्टहरूले समेत यस्तो कार्य गर्न आँट देखाएको इतिहास नभएको बताउँदै अध्यक्ष थापाले कागजी रूपमा मात्र नभएर सामाजिक रूपमा नै छुवाछुत प्रथाको अन्त्य हुनुपर्ने मान्यताका साथ राप्रपाले हरेक वर्ष भदौ १ गते मुलुकी ऐन दिवस मनाउँदै आएको बताउनुभयो।

कूल जनसंख्याको २० प्रतिशत हिस्सा ओगटेको दलित समुदायलाई उत्थान गर्न राप्रपा डटेर अग्रसर भइरहेकाले राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित उत्थान संगठनले दलित समुदायको घरदैलोमा पुगेर संगठनमा आवद्ध गराउन संगठनका पदाधिकारीहरूलाई अध्यक्ष थापाले आग्रह गर्नुभयो।

५६औंमुक्ति दिवस आयोजक समितिका संयोजक राम नेपालीको सभापतित्व तथा केन्द्रीय नेताहरू टंक ढकाल, राजेन्द्र लिङ्देन, विक्रमबहादुर थापा, भास्कर भद्रा, राजाराम बर्तौलालगायतको सहभागितामा सम्पन्न सो कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य गंगा विक, सांस्कृतिक संगठनका संयोजक राज सागरलगायतका वक्ताहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो।

# अस्पतालको लापरबाहीले मृत्यु भएको भन्दै नाराबाजी

काठमाडौं, (नेस)

बिरामीको मृत्युको विषयलाई लिएर चावहिलको मित्रपार्कको दीर्घायु गुरु अस्पतालमा शुक्रबार बिरामीका आफन्तले नाराबाजी र होहल्ला गरेका छन्।



भक्तपुर चाँगुनारायण नगरपालिका-७ बाँसबारीकी सम्झना काफ्ले ५ दिनअघि सामान्य वान्ता भएपछि र वाकवाकी लागेपछि दीर्घायु गुरु अस्पतालमा चेकजाँच गर्न आउनुभएको थिये। डाक्टरले अस्पताल भर्ना गरेर उपचार गर्न सल्लाह दिएको थियो।

बिहीबारसम्म सामान्य अवस्थामा रहेको बिरामीलाई शुक्रबार बिहान ११ बजे अस्पतालले मृत घोषणा गरेको थियो। बिरामीका आफन्तले अस्पतालको चरम लापरबाहीका कारण मृत्यु भएको आरोप लगाउँदै अस्पताल परिसरमा नाराबाजी गर्दै डाक्टरलाई कारबाहीको माग गरेका छन्। अस्पतालमा नाराबाजी शुरु गरेपछि अस्पताल प्रशासनले प्रहरीलाई बोलाएको थियो।

# एकै रात १९ मोबाइल चोरी

बाँके, (नेस)

नेपालगन्जमा गए राति १९ वटा मोबाइल चोरी भएको छ।

नेपालगन्ज-४, बाइपास रोडमा रहेको ताराकेशर खत्रीको ओ एन्ड के सप्लायर्सबाट १९ वटा मोबाइल चोरी भएको हो। राती साढे एक बजे सप्लायर्समा चोरी भएको खत्रीले बताएका छन्। चुक्कुल फोरेर चोरी भएको थियो।

सप्लायर्समा चोरी भएको कुरा बिहान थाहा भएको थियो। खत्रीले बिहान ५ बजे नै प्रहरीलाई खबर गरेका थिए। प्रहरीले तत्कालै चोरलाई समाप्त टोली परिचालन गरेको थियो। प्रहरीले दिउँसो नै ११ थान मोबाइलसहित दिपेश क्षेत्रीलाई पक्राउ गरेको छ। डुडुवा गाउँपालिका-५ घर रहेका क्षेत्री नेपालगन्जमा बस्दै आएका थिए।

'१९ थान मोबाइल चोरी भएकोमध्ये ११ थान भेटिएको छ, जिल्ला प्रहरी कार्यालय, बाँकेका मुद्दाफाँट इन्चार्ज रणबहादुर विष्टले भन्नुभयो, बाँकी भेटिएका छैनन्।' क्षेत्रीले ११ वटा मात्रै मोबाइल चोरी गरेको बताएका छन्। खत्रीले भने- '१९ वटा मोबाइल चोरी भएको उजुरी दिएका छन्।'

प्रहरीले शुक्रबार नै क्षेत्रीलाई ५ दिनको म्याद थपेको छ। नयाँ कानुनअनुसार जिल्ला सरकारी वकिल कार्यालयको पत्राचारपछि अदालतबाट म्याद थपिएको हो।

## सुस्तायो...

नेपाली कांग्रेसले संघीय संरचनाअनुसार पार्टी संरचना अझै निर्माण गर्न सकेको छैन। संघीय संरचनामा पार्टी संगठन निर्माणका लागि विधान संशोधन गर्ने प्रक्रिया अझै अघि बढेको छैन। विधान संशोधन तथा परिमार्जनका लागि भदौ मसान्तभित्र महासमिति बैठक आह्वान गर्ने भनिए पनि यो महिनाभित्र महासमिति बैठक बस्ने सम्भावना छैन।

पार्टीलाई प्रभावकारी ढंगले अघि बढाउन विधानमा व्यवस्था गरिएको संगठन विभाग, स्थानीय विभाग, संसदीय विभाग, तरुण विभाग, महिला विभाग, विद्यार्थी विभाग, प्रचार विभाग शिक्षा विभाग, पेशागत तथा वुद्धिजीवी विभाग, अन्तर्राष्ट्रिय सम्बन्ध विभाग, स्वास्थ्य विभागजस्ता महत्त्वपूर्ण ४२ वटा केन्द्रीय विभागहरू अझै गठन भएका छैनन्। महाधिवेशन सम्पन्न भएको दुई महिनाभित्र गठन गरिसक्नु पर्ने यी विभागहरू अर्को महाधिवेशन आउने बेलासम्म पनि गठन हुन्छ की हुँदैन भन्ने पार्टी कार्यकर्ताहरूले प्रश्न उठाउन थालिसकेका छन्।

पार्टीभित्रको केन्द्रीय विभागलाई भन्दा बढी महत्व दिइएको नीति तथा प्रशिक्षण प्रतिष्ठान १३औं महाधिवेशनदेखि निष्क्रिय छ। प्रतिष्ठानमा कार्यकारी निर्देशक छनोट गर्नेबाहेक पदाधिकारी चयन अन्य काम अघि बढ्न सकेको छैन। विधानले व्यवस्था गरेको विभिन्न केन्द्रीय समितिहरू बन्न नसक्दा पार्टी निष्कृय जस्तो देखिएको छ। नेपाली कांग्रेसको १४औं महाधिवेशन आउन अब ३० महिना बाँकी छ। कांग्रेसको १३औं महाधिवेशन सम्पन्न भएको ३० महिना पुरा हुन लागिसक्यो। २०७२ फागुनमा सम्पन्न महाधिवेशनपछि नेतृत्वमा आएका सभापति शेरबहादुर देउवाले दुई महिनाभित्र गरिसक्नुपर्ने कार्य अझै गर्न नसक्दा कांग्रेस सुस्ताउँदै गएको भन्दै पार्टीभित्र चर्को आलोचना भइरहेको छ।

संविधानको धारा २६९ मा राजनीतिक दलसम्बन्धी व्यवस्थामा कम्तीमा ५ वर्षमा एक पटक अधिवेशन गरी पदाधिकारीको निर्वाचन गर्नैपर्छ। संविधानत: विशेष परिस्थिति उत्पन्न भए ६ महिना लम्ब्याउन मिल्छ।

नेपाली कांग्रेसले बढीमा तीन वर्षभित्र महाधिवेशन गरिसक्नुपर्छ। यो अवधिमा कांग्रेसले पार्टीलाई सशक्त बनाउन गर्नुपर्ने काम धेरै छ। आन्तरिक रूपमा पार्टी संरचनालाई सशक्त बनाउने मात्र हैन तीन तहको निर्वाचनबाट गुमेको साखलाई माथि उठाउन र आमजनताको घरदैलोमा पार्टीको नीति सिद्धान्त पुऱ्याउन पनि कांग्रेसलाई यो समय प्रयाप्त छैन। आन्तरिक रूपमा सुस्ताउँदै गएको कांग्रेसलाई प्रतिपक्षबाट आफ्नो पार्टीले गरेको जनहितका कार्य तथा सत्तापक्षको कमिकमजोरी औंल्याउँदै आफ्नो पक्षमा जनमत सृजना गर्न पनि यो तीन वर्षको अवधिलाई उपयोग गर्न नसक्ने देखिन्छ।

## कोटेश्वर...

वैकल्पिक सडक सञ्चालन गरेर साना सवारीसाधन ट्याक्सी, मोटरसाइकल लगायतका सवारी साधन बालकुमारी पुलबाट चक्रपथतर्फ सञ्चालन गर्ने योजना डिभिजनले लिएको छ।

डिभिजन कार्यालयका अनुसार कोटेश्वरको टंकप्रसादको शालिकदेखि एयरपोर्टको छेउबाट पेप्सीकोला जोड्ने वैकल्पिक सडक भने तत्काल सञ्चालनमा आउने छैन। मनहरा खोलाको आँखा अस्पतालसम्मको करिब ५ सय मिटर सडक भने डिभिजन सडक कार्यालय भक्तपुरले निर्माण गर्ने भएको छ। सडक विभागले हाल ठेक्का लागिसकेको करिडोर निर्माण गरिरहेको ठेकेदार कम्पनीलाई नै उक्त सडक निर्माण गर्ने कि डिभिजन कार्यालयले गर्ने भन्ने विषयमा छलफल चलिरहेको भण्डारीले बताउनुभयो।

कोटेश्वर चोकमा आकाशे पुल नहुँदा पैदल यात्रु पनि सडक हुँदै वारपार गर्नुपर्ने भएकाले पनि अत्यधिक रूपमा ट्राफिक जाम हुने गरेको छ। सडक विभागका प्रवक्ता मुक्ति गौतमले भैरव मन्दिरबाट जडिबुटीसम्मको अन्डरपास निर्माणको काम अगाडि बढाउन जापान सरकारलाई आग्रह गरिरहेको बताउनुभयो। सरकारको नीति तथा कार्यक्रम र बजेटमा नै कोटेश्वरको ट्राफिक जाम घटाउन एयरपोर्ट मुनिबाट अन्डरपास निर्माण गर्ने उल्लेख भए पनि अन्डरपासको अध्ययन गर्न विभागले जापान सरकारसँग आग्रह गरेको छ।

## लगातार...

२०७२ सालमा आफैं प्रधानमन्त्री हुँदा 'म बनाउँछु मेरो धरहरा' अभियान चालेका प्रधानमन्त्री केपी ओलीले आफ्नै कार्यालयमा परेको उजुरी छानविन गर्न निर्देशन दिन सक्नुभएको छैन। त्यसैले लगातार चौथोपटक प्राविधिक प्रस्ताव मूल्यांकन गरी आर्थिक प्रस्ताव खोल्न सकेको छैन। यसमा राजनीतिक चलखेल बढेको आशंका गरिएको छ। सहसचिव मानन्धरले नाम तोकेर उजुरी दिएको भए छानविन गर्न सजिलो हुने बताउँदै गोप्य उजुरी दिएकाले समस्या परेको बताउनुभयो।

यसअघि नेपाल टेलिकमले धरहरा बनाउने प्रस्ताव गरेको थियो। त्यस बेला पुरातत्व विभागले व्यापारिक प्रयोजनका लागि धरहरा निर्माण गर्न लागेको आरोप लगाउँदै टेलिकमको प्रस्ताव अस्वीकार गरेको थियो। काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको धरहरा पछिल्लो समयमा विभागले कि कामपाले बनाउने भन्ने विषयमा विवाद भएपछि प्राधिकरण आफैंले बनाउने निर्णय गरेको थियो। नयाँ धरहरा भत्किएको धरहराको पूर्वपट्टि निर्माण गरिनेछ।

२०७२ सालको शक्तिशाली भूकम्पले ध्वस्त भएको धरहरालाई करिब तीन साता अघि काठमाडौं महानगरपालिकाले पालले छोपेर सुरक्षित गरेको छ। कामपाले धरहरा पुनर्निर्माण गर्न वरपरका सम्पूर्ण पसल भत्काइसकेको छ। करिब ४ अर्ब रुपियाँको लगातमा निर्माण हुन लागेको धरहरा कहिले पुनर्निर्माण हुन्छ भन्ने विषय अनिश्चित भएको छ। प्राधिकरणले करिब १ अर्ब २५ लाख रुपियाँमा धरहराको मुख्य भाग निर्माण हुनेछ। त्यसपछि हुलाक सेवा विभाग र टक्सारको जग्गा ओगटेर फाउन्डेसन, पार्क, वेसमेन्ट निर्माण गरिनेछ। करिब ४२ रोपनी जमिनमा निर्माण हुने धरहराको दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ।

अब बन्ने नयाँ धरहरा २२ तलाको हुनेछ। त्यसको उचाइ १ सय ४५ फिट हुनेछ। अपांगमैत्री धरहरामा वृद्धवृद्धाका लागि छुट्टै व्यवस्था गरिने भएको छ। दुईवटा लिफ्टसहितको नयाँ संरचनामा ८ जनालाई चढ्ने र ८ जनालाई ओराल्ने व्यवस्था हुनेछ। भऱ्याङ चढ्नेका लागि छुट्टै व्यवस्था हुनेछ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालको अभियानअन्तर्गत २०७२ फागुन ४ गते आफ्नो एक महिनाको तलब धरहरा पुनर्निर्माणका लागि उपलब्ध गराउनुभएको थियो।

अभियानअन्तर्गत धरहरा पुनर्निर्माण कोषमा करिब २५ करोड रुपियाँ जम्मा भइसकेको छ। पुन: प्रधानमन्त्री भएको करिब ६ महिना पुगिसक्दा पनि धरहरा पुनर्निर्माण कार्यले गति लिन सकेको छैन।

## विप्लवलाई...

सर्वोच्चको आदेशपश्चात छुटेलगत्तै काभ्रेको एनसेल टावर जलाएको अभियोगमा प्रहरीले नेकपाका प्रवक्ता प्रकाण्डलाई पुन: पक्राउ गरेको जनाएको छ। छुट्ने भएपछि विप्लवका कार्यकर्ताको सर्वोच्चमा घुइँचो लागेको थियो।

प्रकाण्डलाई गैरकानुनी रूपमा थुनामा राखेको भन्दै उहाँका छोरा नरेन्द्रबहादुर सिंह विकले बन्दी प्रत्यक्षीकरण रिट आइतबार दायर गर्नुभएको थियो।

आइतबार दायर भएको बन्दी प्रत्यक्षीकरण रिटमाथि सुनुवाइ गर्दै कायममुकायम प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको एकल इजलासले सर्वोच्चले ४८ घन्टाभित्र बन्दीसहित लिखित जवाफ दिन सरकारलाई निर्देशन दिएको थियो। चन्दा ऐन २०३० अनुसार काठमाडौं प्रहरीले उनीविरुद्ध कारबाही अघि बढाएको थियो। विश्वकर्मा माथि ७ करोड चन्दा असुलेको आरोप छ। विप्लव नेतृत्वको नेकपाले विनासर्त रिहा गर्न माग गरेको छ। विप्लवनिकट नेकपाका नेता कलम बडुवालले पार्टीको विषयलाई व्यक्तिकरण गरिएको भन्दै उहाँलाई तत्काल रिहा गर्न माग गर्नुभएको छ। विप्लव नेतृत्वको नेकपाले एकीकृत जनक्रान्तिलाई मूल सिद्धान्त अवलम्बन गर्दै आएको छ।

## इमरान...

पीपीपीको उक्त निर्णयलाई लिएर पार्टी अध्यक्ष बिलावल भुट्टो जरदारीले सदनमा अनुपस्थित हुनु उनको आफ्नो अधिकार भएको बताएका थिए।

# नयाँ कानुनको खुसीयालीमा ऱ्याली

घोराही, दाङ, (नेस)

नयाँ कानुनले अपराधिक मनोवृत्तिलाई कम गर्ने भन्दै दाङको तुलसीपुरमा स्वागत ऱ्याली निकालिएको छ। आइतबारदेखि लागू भएको मुलुकी देवानी र फौजदारी संहिताको खुसीयालीमा दाङको तुलसीपुरमा वृहत् ऱ्याली निकालिएको छ हो।

तुलसीपुर उच्च अदालत, तुलसीपुर उपमहानगरपालिका र दाङ देउखुरी जिल्ला अदालतको संयुक्त आयोजनामा निकालिएको ऱ्यालीमा नागरिकस्तरबाट पनि ठूलो सहभागिता थियो।

विभिन्न संस्कृति झल्कने भेषभुषा र नाँचगानसहित नयाँ मुलुकी संहिताको स्वागतमा सडकमा आएका नागरिकहरूले 'मुलुकी संहिताको पालना गरौं, सभ्य समाजको निर्माण गरौं, मुलुकी देवानी र फौजदारी संहिता सफल पारौं, कानुनी शासनलाई बलियो बनाऔं, मुलकी संहिताको पालना गरौं' लगायतका नारा लेखिएका प्लेकार्डसमेत बोकेका थिए।

# अर्थ

जलविद्युत् तथा यातायात पूर्वाधार विकासमा लगानी गरेको एमसीसी कम्प्याक्ट कार्यक्रम पाउने नेपाल दक्षिण एसियामै पहिलो मुलुक हो भने उक्त रकम नेपालले हालसम्म पाएको सबैभन्दा ठूलो अनुदान रकम हो।




## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ २, अगस्ट १८, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १११।९५ | ११२।५५ |
| युरो १ को रू. | १२७।५६ | १२८।२४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।४० | १४३।१६ |
| स्विस फ्रन्क १ को रू. | ११२।४४ | ११३।०४ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।३६ | ८१।८० |
| क्यानाडियन डलर १ को रू. | ८५।१२ | ८५।५७ |
| सिङ्गापुर डलर १ को रू. | ८१।४७ | ८१।९१ |
| जापानी यन १० को रू. | १०।१३ | १०।१९ |
| चिनियाँ युआन १ को रू. | १६।२८ | १६।३६ |
| साउदी अरब रियाल १ को रू. | २९।८५ | ३०।०१ |
| कतारी रियाल १ को रू. | ३०।७५ | ३०।९१ |
| थाई भाट १ को रू. | ३।३७ | ३।३९ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।४८ | ३०।६४ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२६ | २७।४१ |
| दक्षिण कारियन वन १०० को रू. | ९।९५ | १०।०० |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।१६ |
| डेनिस क्रोनर १ का रू. | १७।१० |
| हङकङ डलर १ का रू. | १४।२६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# मिलेनियम च्यालेन्ज दोस्रो चरणमा

**हेमन्त जोशी, काठमाडौं**

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत् नेपालमा चलिरहेका परियोजनाको काम दोस्रो चरणमा प्रवेश गरेको छ। पहिलो चरणमा आयोजना छनोटको काम सम्पन्न भई दोस्रो चरणमा परामर्शदाता छनोट, डिजाइन, मुआब्जा वितरण, ठेक्कापट्टालगायतका काम शुरू गरिएको मिलेनियम च्यालेन्ज नेपालको कार्यालयले जनाएको छ।

अमेरिकी सरकारअन्तर्गतको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत अमेरिकाले नेपाललाई उपलब्ध गराएको अनुदान रकमबाट निर्माण गर्न लागिएको ४ सय केभी अन्तर्देशीय प्रसारणलाइन निर्माण र ५ वटा सडकखण्ड स्तरोन्नतीको कामका लागि दोस्रो चरणको काम शुरू गरिएको हो। उक्त परियोजनाको संचरनागत निर्माणको काम भने सन् २०१९ बाट शुरू गर्ने लक्ष्य लिइएको छ। सो परियोजनाका राष्ट्रिय संयोजक तुलसीप्रसाद सिटौलाका अनुसार दोस्रो चरणअन्तर्गत प्रसारणलाइन कहाँबाट जाने, विद्युत् पोल तथा ट्रान्समिटर, सवस्टेशन राख्नुपर्ने ठाउँको पहिचान गर्ने काम चलिरहेको छ।

'डिजाइन कन्सल्टेन्ट'का रूपमा क्यानेडियन कम्पनी स्टानटेकले काम गरिरहेको छ भने निर्माणको क्रममा सुपरिवेक्षणको काम पनि यही कम्पनीले गर्नेछ। डिजाइनको काम सकेलगत्तै परामर्शदाता कम्पनीले बुझाउने प्रतिवेदनका आधारमा ठेक्का पट्टाको काम अगाडि बढाइने संयोजक सिटौलाको भनाइ छ। परियोजनामा आर्थिक कारोबार र नियम कानुन लगायतका काम हेर्ने 'फिस्कल एजेन्ट' र आवश्यक सामान खरिदका लागि नियुक्त गरिने 'प्रोक्युरमेन्ट एजेन्ट' छनोट भई सम्झौताको काम पनि टुङ्गिसकेको छ। यी दुवै एजेन्टका रूपमा अमेरिकन कम्पनी 'काड्नो इमर्जिङ कन्सल्ट्यान्ट' छनोट भएको छ।

> सडक स्तरोन्नति र प्रसारणलाइन निर्माणको काम सन् २०१९ बाट शुरू गरिने गरी तयारी भइरहेको छ। यस अवधिभित्रमा ठेक्कापट्टा, जग्गा अधिग्रहण, परामर्शदाता छनोटलगायतका प्रक्रियागत काम सक्ने लक्ष्य एमसीसीको छ।

'हामीले प्रसारणलाइन निर्माणका लागि मात्रै चार/पाँचवटा ठेकेदार कम्पनी नियुक्त गर्ने गरी तयारी गरिरहेका छौं। एकै कम्पनीलाई कामको जिम्मा दिँदा ढिलो हुने भएका कारण पनि कामको बाँडफाँडका लागि धेरै ठेकेदार नियुक्त गर्नुपरेको हो।' नेपाल समाचारपत्रसँग कुरा गर्दै सिटौलाले भन्नुभयो।

सडक स्तरोन्नतीको काम भने प्रसारणलाइन निर्माणको कामभन्दा चाँडै सम्पन्न विस्वास लिइएको छ। 'हामीले सडकतर्फ हेटौडा-पथलैया सडक खण्डको 'पाइलटिङ' को काम शुरू भएको छ। यो एक वर्षभित्रै सक्छौं। यही पाईलटिङका आधारमा बाँकी ३ सय किलोमिटर सडक कालोपत्रे गरिनेछ। यस अर्थमा सडकको काम चाहि छिटो सकिन्छ।' उहाँले भन्नुभयो।

केही समयभित्रै आवश्यक जनशक्ति पूर्तिका लागि पनि एसीसीले तयारी गरिरहेको छ। 'अर्को हप्ता हामीले २२ जना कर्मचारीको लागि विज्ञापन निकाल्ने गयारी गरिरहेका छौं। मिलेनियम च्यालेन्ज कर्पोरेसनअन्तर्गत रहेर 'मिलेनियम च्यालेन्ज अकाउन्ट' (एमसीए) का नाममा छुट्टै कार्यालय स्थापना गर्ने र बाँकी काम एमसीएले नै गर्नेछ।'- सिटौलाको भनाइ छ।

एमसीसी परियोजनाअन्तर्गत लप्सीफेदीदेखि दमौली, दमौलीदेखि सुनवल नाका र गल्छी-हेटौडा गरी कुल ३ सय किलोमिटर प्रसारणलाइन निर्माण गरिनेछ। त्यसैगरी सडकतर्फ मेची हाइवे, कोसी हाइवे, सगरमाथा हाइवे, पथलैया-हेटौडा-भिमफेदी सडकखण्ड र अमेलिया-तुलसीपुर सडकखण्डको गरी कुल ३ सय ५ किलोमिटर सडक स्तरोन्नती गरिनेछ। ४ सय केभी क्षमताको प्रसारणलाइनमा ३ वटा सवस्टेसनहरू राखिनेछन्। धादिङको रातोमाटे, तनहुँको दमौली, र नवलपरासीको रामनगरमा सवस्टेसन निर्माणका लागि प्रारम्भिक रूपमा ठाउँ तय भएका छन्। सोही परियोजनाभित्र रहेको बुटवल-गोरखपुर अन्तर्देशीय प्रसारणलाइनलाई भारतसँगको द्विपक्षीय विद्युत् व्यापारका लागि पनि महत्त्वाकांक्षी परियोजनाका रूपमा हेरिएको छ। सडक स्तरोन्नती र प्रसारणलाइन निर्माणको काम सन् २०१९ बाट शुरू गरिने गरी तयारी भइरहेको छ। यस अवधिभित्रमा ठेक्कापट्टा, जग्गा अधिग्रहण, परामर्शदाता छनोटलगायतका प्रक्रियागत काम सक्ने लक्ष्य एमसीसीको छ।

यी परियोजना आगामी ५ वर्षभित्रमा निर्माण सम्पन्न गरिसक्ने गरी नेपालले एमसीसीसँग सम्झौता गरेको छ। उक्त अवधिमा निर्माणको सबै काम नसक्दा अनुदान रकम नपाउने सम्झौतामा उल्लेख छ। अमेरिकी सरकारले आर्थिक रूपमा कमजोर मुलुकका लागि पूर्वाधार निर्माण र विकास र गरिबी निवारणमा सघाउन सन २००४ मा एमसीसीको स्थापना गरेको हो। अघिल्लो वर्ष भदौ २९ गते नेपाल र एमईसीसीबीच सम्पन्न भएको उक्त अनुदानसम्बन्धी सम्झौता नेपालले प्राप्त गरेको अहिलेसम्म कै ठूलो अनुदान रकम तथा दक्षिण यसियाली मुलुकमै एमसीसीले पहिलोपटक उपलब्ध गराएको हो।

नेपाल सरकार र एमसीसीबीच सन २०१६ जुलाईमा प्रँरम्भिक अध्ययन कार्य सपन्न गर्नका लागि १० अर्व रुपियाँबराबरको सहमति भएको थियो। शुरूवाती चरणमा काठमाडौं तराई जोड्ने फास्ट ट्र्याक निर्माणका लागि एमसीसीमार्फतको अनुदान भित्राउने भनिए पनि अन्तिम समयमा प्रसारणलाइन निर्माण र सडक स्तरोन्नतीका लागि टुङ्गो लागेको थियो। निजी क्षेत्रको लगानी प्रोत्साहन र विस्तार गर्न तथा क्षेत्रीयस्तरमा अन्य मुलुकसँग व्यापार विस्तारका लागि उक्त कार्यक्रमले बढावा दिने अपेक्षा गरिएको छ। कुल ५० अर्व रुपियाँ एमसीसीको अनुदानमा १३ अर्व रुपियाँ सरकारले थपेर कुल ६३ अर्ब रुपियाँ ती दुई परियोजनाका लागि छुट्याइएको छ।

देशकै ठूलो ढल्केबर सबस्टेसन सञ्चालनमा

# माथिल्लो तामाकोशीको बिजुली निर्यात गर्न बाटो खुल्यो



**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालमा हालसम्मको ठूलो स्वचालित २२०/१३२ केभी ढल्केबर सबस्टेसनको बिहीबार राती ११ बजे चार्ज गरी सञ्चालनमा आएको छ। देशभित्रको विद्युत् प्रसारण प्रणालीलाई सुदृढीकरण तथा नेपाल र भारतबीचको विद्युत् व्यापारका लागि धनुषामा निर्माण गरिएको ढल्केबर सबस्टेसन सञ्चालन (चार्ज)मा आएको हो।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार सबस्टेसन चार्ज भएपछि भारतबाट पहिलोपल्ट २२० केभी प्रसारण लाइनबाट विद्युत् आयात शुरू भएको छ। यसअघि ढल्केबर सबस्टेसन निर्माण सम्पन्न नभएकाले १३२ केभीमार्फत् विद्युत् आयात भइरहेको थियो।

'ढल्केबर सबस्टेसन सञ्चालनमा आउनु आन्तरिक प्रसारण प्रणाली सुदृढीकरण र दुई मुलुकबीचको विद्युत् व्यापारका लागि एउटा कोशेढुंगा हो,' उहाँले भन्नुभयो- 'ढल्केबरमै ४००/२२० केभीको अर्को सबस्टेसन निर्माण गरिरहेका छौं, यसको काम पनि डेढ वर्षभित्रमा सक्नेछौं।' विद्युत् आदान प्रदानका लागि ढल्केबर-मुजफ्फपुर ४०० केभी क्रसबोर्डर प्रसारणलाइन यसअघि नै निर्माण सम्पन्न भइसकेको छ।

सबस्टेसन चार्ज भएपछि नेपाल र भारतबीच थप विद्युत् आयात/निर्यातका लागि पूर्वाधार तयार भएको प्राधिकरणका प्रवक्ता एवम् विद्युत् व्यापार विभाग प्रमुख प्रबल अधिकारीले जानकारी दिनुभयो। स्वचालित भएकाले काठमाडौंको स्यूचाटारमा रहेको प्राधिकरणको भार प्रेषण केन्द्रबाटै सबस्टेसनको सञ्चालन र अनुगमन गर्न सकिने छ। सबस्टेसनमा १६०/१६० एमभीए, २२०/१३२ केभीका दुई वटा ट्रान्सफर्मर रहेका छन्।

'सबस्टेसन सञ्चालनमा आएपछि हिउँदको बढी विद्युत् माग हुने समय (पिक) मा भारतबाट थप विद्युत् आयातका लागि पूर्वाधार तयार भएको छ, ४५६ मेगावाटको माथिल्लो तामाकोसीको निर्माण सम्पन्न भएपछि नेपालमा वर्षायाममा विद्युत् बढी हुन गएको खण्डमा निर्यात गर्नका साथै उक्त लाइनमार्फत इनर्जी बैंकिङ गर्न समेत बाटो खुलेको छ,' प्रवक्ता अधिकारले भन्नुभयो। ढल्केबर-मुजफ्फपुर प्रसारणलाइन बिहीबार ६ बजेसम्मको लागि सट डाउन लिइएकोमा आवश्यक सम्पूर्ण कार्य सकिएको हुँदा निर्धारित समयबाटै विद्युत् आयातको निरन्तरता भएको अधिकारीले बताउनुभयो। उहाँका अनुसार त्यहाँबाट करिब एक सय मेगावाट विद्युत् आयात भइरहेको छ।

प्राधिकरणले गत हिउँदमा ढल्केबर-मुजफ्फपुर क्रसबोर्डर प्रसारणलाइनमार्फत पिक समयमा दैनिकरूपमा १२० मेगावाटसम्म विद्युत् आयात गरेको थियो। अब थप करिब १५० मेगावाट विद्युत् आयात गर्न सकिने प्राधिकरणले जनाएको छ। मुलुकभित्रको प्रसारण प्रणाली सुदृढीकरणका लागि हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइनको निर्माण भइरहेको छ।

यसअघि ढल्केबरमा सबस्टेसन बनाउन समय लागेपछि भारतको मुजफ्फपुर बिन्दुमा दुई वटा ट्रान्सफर्मर भाडाका राखी विद्युत् आयात गरिएको थियो। ढल्केबर सबस्टेसन चार्जभएसँगै भारतको पावर ग्रिडसँग भाडामा लिएर राखिएका ट्रान्सफर्मर अब राख्नु नपर्ने प्रवक्ता अधिकारीले बताउनुभयो। नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा प्रसारणलाइन तथा सब स्टेसनको निर्माण गरिएको हो।

प्राधिकरणले सेन्ट्रल चाइना पावर ग्रिड (सीसीपीजी)सँग १२ जुन २०१४ मा हेटौंडा, ढल्केबर र इनरुवामा सबस्टेसन बनाउन ठेक्का सम्झौता गरेको थियो। तर, सन्तोषजक रूपमा काम नगरेपछि प्राधिकरणले सीसीपीजसँगको ठेक्का २२ सेप्टेम्बर २०१७ मा तोडेको थियो। त्यसपछि ढल्केबर सबस्टेसनको बाँकी रहेको काम गराउन टेण्डर गरी जनबरी २०१८ मा ठेक्का सम्झौता गरेको थियो। भारतीय ठेकेदार कम्पनी टेलमोसले ६ महिनामा काम सक्ने गरी ठेक्का पाएको थियो।

# उच्च अदालतमा बैंकिङ कसुरका मुद्दाको ओइरो

काठमाडौं, (नेस)

विराटनगरस्थित उच्च अदालतमा चालू आर्थिक वर्षको पहिलो महिनामै बैंकिङ कसुर मुद्दाको ओइरो लागेको छ। गत वर्षमा १८ वटा मात्र बैंकिङ कसुरका मुद्दा दर्ता भएको अदालतको बाणिज्य इजलासमा चालू वर्षको साउन महिनामै ४५ वटा बैंकिङ कसुर मुद्दा दर्ता भएका छन्।

उच्च अदालत विराटनगरका प्रवक्ता राजकुमार दाहालका अनुसार गत वर्ष बाणिज्य अदालतमा १८ वटा मुद्दा दर्ता भएका थिए भने चालू वर्षको साउनमै ४५ मुद्दा दर्ता भइसकेका छन्। अदालतमा दर्ता भएका बैंकिङ कसुर मुद्दा ६७ पुगे पनि गत वर्ष एउटा पनि फछ्र्याैट हुन सकेका थिएनन्। अवैध वित्तीय कारोबारमा प्रहरीले र बैंक ठगी अपराधमा बैंकले कडाई गर्न थालेसँगै उच्च अदालत विराटनगरमा बैंकिङ कसुरको मुद्दा पनि ओइरो लाग्न थालेको उच्च अदालत विराटनगरका प्रवक्ता दाहालले बताउनुभयो।

उहाँले बैंकिङ कसुरका मुद्दा जिल्ला अदालतलाई हेर्ने अधिकार छैन र यस्ता कसुरका मुद्दा उच्च अदालतको बाणिज्य इजलासले मात्र हेर्नुपर्छ। १ नम्बर प्रदेश भरिका बैंकिङ कसुरका मुद्दा उच्च अदालत विराटनगरमा मात्र दर्ता हुन्छन्।

हाल उच्च अदालत विराटनगरमा कम्पनी दर्ता गराएर वित्तीय कारोबार गर्ने, दाखिला गर्नुपर्ने रकम हिनामिना गर्ने, किर्ते गरेर खराब कर्जा प्रवाह गर्ने र लिनेलगायत बैंकिङ कसुरका मुद्दा दर्ता भएका छन्। हाल उच्च अदालत विराटनगरमा एपेक्स बैक, बाणिज्य बैक, सेञ्चुरी बैंकसँग सम्बन्धितसहित अवैध वित्तीय कारोबार गर्नेका विरुद्ध बैंकिङ कसुरका मुद्दा विचाराधीन छन्।

# सिटिजन्स बैंकको ब्रान्ड एम्बेसडरमा ज्ञानेन्द्र मल्ल

**नेपाल समाचारपत्र**

काठमाडौं



सिटिजन्स बैंक इन्टरनेसनलले राष्ट्रिय क्रिकेट टिमका उपकप्तान ज्ञानेन्द्र मल्ललाई ब्रान्ड एम्बेसडर घोषणा गरेको छ। बैंकले आफ्नो ब्रान्ड प्रवर्द्धनका लागि मल्ललाई एक वर्षका लागि अनुबन्ध गरेको हो।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारीले ज्ञानेन्द्र मल्ललाई ब्याट हस्तान्तरण गरी बैंकको ब्रान्ड एम्बेसडर भएको कुरा औपचारिक रूपमा घोषणा गर्नु भएको छ। नेपालका 'सुपरस्टार' खेलाडीलाई बैंकसँग आबद्ध गराउन पाउँदा बैंकको लोकप्रियता तथा व्यावसायिकता अभिवृद्धिमा मद्दत पुग्ने विश्वास बैंकका प्रमुख कार्यकारी अधिकृत भण्डारीले व्यक्त गर्नुभयो।

यसैबीच सिटिजन्स बैंकले नयाँ बचत योजना 'मेरो सिटिजन्स बचत खाता' सञ्चालनमा ल्याएको छ। बैंकले शुक्रबार पत्रकार सम्मेलन बैंकका प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारी र ब्रान्ड एम्बेसडर ज्ञानेन्द्र मल्लले संयुक्त रूपमा मेरो सिटिजन्स बचत खाता योजना सार्वजनिक गर्नु भएको हो।

न्यूनतम मौज्दात रुपियाँ खाता खोल्न मिल्ने मेरो सिटिजन्स बचत खातामा निःशुल्क अन्तर शाखा कारोबार, निःशुल्क सिटिजन्स स्मार्ट (मोबाइल) बैंकिङ सुविधा, अनलाइन कारोबार गर्न सुरक्षित प्रविधिमा निःशुल्क दर्ता, निःशुल्क भिसा डेबिट कार्ड, लकरको वार्षिक शुल्कमा ५० प्रतिशत छुट, विदेशी मुद्रामा ड्राफ्ट/स्विफ्ट जारी गर्दा ५० प्रतिशत छुट, निःशुल्क आस्वा सेवा जस्ता अनेकन आकर्षक विशेषता उपलब्ध छन्।

त्यस्तै दैनिक मौज्दातमा ७ प्रतिशत ब्याज गणना गरी त्रैमासिकरूपमा भुक्तानी गर्नु यस योजनाको प्रमुख विशेषता रहेको बैंकले जानकारी दिएको छ।

२०७५, भदौ
शनिबार
२

यसअघि राजस्व अनुसन्धान विभागले ४ अर्ब १ करोड ३६ लाख कर छली गरेको अभियोगमा तीनवटा फर्मलाई नियन्त्रणमा लिएको थियो। नियन्त्रणमा लिइएका फर्ममध्ये शिव इन्टरप्राइजेज र मण्डला इन्टरप्राइजेजविरुद्ध जिल्ला अदालत रुपन्देहीमा मुद्दा दर्ता गरिएको छ।

अर्थ

# ‘५६ लाख घरधुरीमा जलविद्युत्‌को शेयर पुग्छ’



नेपाल समाचारपत्र

काठमाडौं

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले विद्युत् क्षेत्रमा निजी क्षेत्रको एकाधिकारको अवस्था सिर्जना हुन नदिन नेपाल विद्युत् प्राधिकरण सशक्त र प्रतिस्पर्धी हुनुपर्ने बताउनुभएको छ।

प्राधिकरणको ३३औं वार्षिकोत्सवका अवसरमा शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री पुनले विद्युत् विकासका लागि प्राधिकरणभित्रको जनशक्ति परिचालनमा ध्यान पुऱ्याउने र उनीहरूलाई आफ्नो जिम्मेवारीप्रति जवाफदेही बनाएर प्रतिस्पर्धी कम्पनीका रूपमा अगाडि बढाउनुपर्ने बताउनुभयो।

‘केही समयपछि प्राधिकरणभन्दा निजी क्षेत्रले बढी विद्युत् उत्पादन गर्छ। सरकारले पनि उनीहरूकै कुरा सुन्नुपर्ने अवस्था आउँछ। प्राधिकरण सरकारी कम्पनी पनि भएका कारण निजी क्षेत्रसँग प्रस्पिर्धी हुनुपर्छ। त्यसको वातावरण तपाईहरूले तयार पार्ने हो।’ प्राधिकरणका कर्मचारीलाई निर्देशन दिँदै मन्त्री पुनले भन्नुभयो।

‘तपाईहरू यो संस्था मेरो हो र यसको मालिक पनि म आफैं हो भन्ने सोचका साथ काम गर्नुहोस्। कर्मचारीले पाउने सेवा सुविधा, बोनसमा आस राख्ने होइन। जसले श्रम गर्छ, त्यसले मुनाफा पाउँछ। काम चाहि नगर्ने तर सेवा सुविधामात्रै चाहियो भनेर कराउने ट्रेड युनियनलाई पनि पहिले आफू जिम्मेवार भएर काम गर्न आग्रह गर्दछु,’ उहाँले भन्नुभयो। आयोजना निर्माण गर्दा सस्तो र प्रतिस्पर्धी आयोजनाहरू बढी प्राथमिकतामा राखिने मन्त्री पुनको भनाइ छ। ‘५६ लाख घरधुरीमा विद्युत् आयोजनाको शेयर पुऱ्याइन्छ। जलविद्युत्‌मा लगानीले जनताका लागि बुढेसकालमा सहयोगसिद्ध हुनसक्छ,’ मन्त्री पुनले भन्नुभयो। प्राधिकरणका कर्मचारीको मात्रै लगानी रहेनगरी ६० मेगावाट उत्पादन क्षमताको मोदी जलविद्युत् आयोजना निर्माण गर्न सकिने उहाँको भनाइ छ।

सोही कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव अनुप कुमार उपाध्यायले विद्युत् क्षेत्रका अबका क्रियाकलाप उत्पादित विद्युत्‌लाई कसरी खपत गर्ने र बजार खोज्ने भन्नेतर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो। ‘हरेक नागरिकलाई २ वर्षभित्र गुणस्तरीय सेवा पुऱ्याउने सरकारको लक्ष्य छ। उत्पादन बढाएर विद्युत् निर्यात गर्नेलगायत सरकारले लिएका दीर्घकालीन नीतिलाई तपाई सहयोग गर्नुहोस्।’ सचिव उपाध्यायले भन्नुभयो।

गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले लोडसेडिङको अन्त्यपछि प्राधिकरणका सामु नियमित, भरपर्दो, गुणस्तरीय र सुरक्षित विद्युत् आपूर्ति गर्नुपर्ने चुनौती रहेको बताउनुभयो। प्राधिकरणको वार्षिक प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा उक्त संस्थाले १ अर्ब १ करोडभन्दा बढी खुद मुनाफा कमाएको देखिएको छ। गत आर्थिक वर्षमा राष्ट्रिय ग्रिड प्रणालीमा प्राप्त कुल ऊर्जामध्ये प्राधिकरणबाट उत्पादन भएको ३२ दशकलव ७१ प्रतिशत, भारतबाट आयात भएको ३६ दशलमव ५८ प्रतिशत र निजी क्षेत्रबाट ३० दशमलव ७१ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७३/७४ मा प्राधिकरणको कुल विद्युत् ग्राहक संख्या ३२ लाख ६० हजार रहेकोमा गत आर्थिक वर्षमा ३५ लाख ५० हजार पुगेको छ। जसमध्ये गार्हस्थ वर्गमा ३३ लाख ३० हजार अर्थात् कुल ग्राहक संख्याको ९३ दशमलव ८३ प्रतिशत रहेका छन्। राष्ट्रिय प्रसारण प्रणालीबाट विद्युत् उपभोग गर्ने जनताको संख्या ७० प्रतिशत पुगेको छ भने विद्युत् चुहावट नियन्त्रण भई २० दशलमव ४५ प्रतिशत रहेको छ। प्राधिकरणको विद्युत् खरिद समेतको कुल सञ्चालन खर्च आर्थिक वर्ष २०७३/७४ मा ४५ अर्ब ५७ करोड रुपियाँ बराबर रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा करिब १७ प्रतिशतले वृद्धि भई ५२ अर्ब ६२ करोड रुपियाँ पुगेको छ।

नयाँ नियुक्ति भएका कर्मचारीका लागि तलबभत्ता तथा विद्युत् खरिदमा भएको वृद्धिका कारण सञ्चालन खर्च बढेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको भनाइ छ। एक वर्ष अवधिमा प्राधिकरणले निजी क्षेत्र र भारतबाट विद्युत् खरिदवापत कुल आयको ५५ दशमलव ९१ प्रतिशत अर्थात् ३३ अर्ब ८१ करोड रुपियाँ भुक्तानी गर्नुपरेको छ। राष्ट्रिय प्रसारणलाइनमा उपलब्ध विद्युत्‌को कुल परिमाणमध्ये खरिद ऊर्जाको परिणाम ६७ दशलमव ३० प्रतिशत भई विद्युत् बिक्रीबाट प्राप्त रकमको ६१ दशमलव ५४ प्रतिशत भुक्तानी गरिएको छ। गत आर्थिक वर्षमा निजी क्षेत्र र भारतबाट खरिद भएको ऊर्जाको थप परिणाम एवम् वार्षिक मूल्यवृद्धिका कारण विद्युत् खरिदको लागत १९ दशलमव ३६ प्रतिशतले वृद्धि भएको छ। अन्य सञ्चालन खर्चतर्फ उत्पादनमा १ अर्ब ७७ करोड, रोयल्टीमा १ अर्ब ३५ करोड, प्रसारणमा १ अर्ब ९९ करोड, वितरणमा ७ अर्ब ८२ करोड, प्रशासनतर्फ १ अर्ब ७१ करोड, दीर्घकालीन ऋणको ब्याज भुक्तानीमा ४ अर्ब ८ करोड, कर्मचारीको निवृत्तिभरण, उपदान, औषधोपचारलगायत सुविधाका लागि २ अर्ब ५० करोड रुपियाँ छुट्याइएको छ।

कार्यकारी निर्देशक घिसिङका अनुसार प्राधिकरणका भावी योजनामा उत्पादन तथा बिक्री बढाउने, सञ्चालन, सम्भार तथा प्रणाली चुहावट घटाउने र अतिरिक्त आय वृद्धि गर्नेजस्ता रणनीतिक योजना अगाडि बढाइएका छन्।

## विश्व बजार

# सडक सफा गर्दागर्दै भ्याकुम क्लिनरको आविष्कार



काठमाडौं, (नेस)

‘तपाई कहिल्यै सफलताबाट सिक्न सक्नुहुन्न। असफलताबाट सिक्नुहोस र त्यसको आनन्द उठाउनुहोस। असफलताबिना कोही उपलब्धि छैन।’ यो भनाइ बेलायती अर्बपति उद्यमी जेम्स डायसनको हो। जेम्स एक सफल उद्यमीका रूपमा मात्र नभई संघर्षको पर्यायका रूपमा पनि चिनिन्छन्।

जेम्सको जन्म सन् २ मे १९४७ मा भएको हो। कलाशास्त्रमा स्नातक गरे पनि उनले पत्ता लगाएको ‘भ्याकुम मेसिन’का कारण उनलाई एक कुशल इन्जिनियरका रूपमा चिनिन्छ। जेम्स बेलायतको क्रोमर, नोरफोरमा जन्मेका थिए। उनले ग्रेसहाम्स स्कुलबाट उच्च शिक्षा अध्ययन गरेका थिए। ५ वर्षको उमेरमा नै आमा गुमाएका जेम्सले १६ वर्षको उमेरमा आफ्ना बाबु पनि गुमाए। जब उनका पिताको क्यान्सरका कारण मृत्यु भयो त्यसपछि उनले आफ्नो वास्तविक जीवनमा आईपर्ने समस्याका बारेमा एक पछि अर्को पाठ सिक्न थाले।

‘मेरो बुबाको मृत्युपछिका दिनले मलाई जीवनको लामो दूरीको दौडमा पाइला चाल्न सिकायो। हरेक दिन आईपर्ने समस्याले मलाई नयाँ समाधानको पनि पाठ सिकाएर जान्थे।’ बीबीसी वर्ल्डले तयार पारेको ‘टुमरोज वर्ल्ड’ कार्यक्रममा जेन्सले भनेका छन्।

उनले १९६५ देखि १९६७ सम्म २ वर्ष ब्याम सअ् स्कुल अफ आर्टस्‌मा इतिहास विषय पढेर बिताए। त्यसपछि उनले ‘रोयल कलेज अफ् आर्टस्’मा फर्निचर र इन्टेरियर डिजाइनको कोर्स पढ्न शुरू गरे। सोही कलेजबाट उनले स्नातक उतीर्ण गरे। कला विषय अध्ययन गरे पनि जेम्सलाई केही नयाँ कुरा तयार पार्ने र त्यसको उपयोगिताका बारेमा परीक्षण गर्ने निकै सोख थियो। उनको पहिलो अनुसन्धानका रूपमा भने ‘बलब्यारो’ रहेको थियो। बलब्यारो उनले गाडीको टायरको विकल्पमा तयार पारेका थिए। जसको उद्देश्य थियो बलजस्तै गोलो वस्तुको सहायताबाट अर्को वस्तुलाई गुडाउनु। तर, उनको त्यो खोज स्थलमार्गका लागि सुहाँदो नदेखिए पनि जलमार्गका लागि डुंगामा भने प्रयोग हुन थाल्यो।

रोयल कलेज पढ्दै गर्दा उनले सडक सफाईको काम गर्थे। हरेक बिहान ३/४ बजे उठेर ८/९ बजेसम्म सडक सफा गर्नु उनको दैनिकी थियो। रहेक दिन सडक सफाई गरेर फर्किदा उनी आफू भने पुरै धुलाम्मे हुन्थे। सोही कारण नै उनलाई धुलो सफा गर्ने कुनै मेसिन निर्माणको हुटहुटी चल्न थाल्यो। उसको नतिजाका रूपमा निस्कियो ‘इलेक्ट्रिक भ्याकुम क्लिनर।’

> ‘जेम्सले १९८३ मा ‘जी फोर्स’ नामबाट आधिकारिक रूपमा कम्पनी दर्ता गराएर उत्पादन थालनी गरे। तर, कुनै पनि उत्पादक तथा वितरकले उनको उत्पादनलाई बजारीकरणका लागि सहयोग गरेनन्। भ्याकुम क्लिनरको उपयोगिता बताउँदै उनी आफैं घर घरमा गए।’

सन् ७० को दशकको मध्यतिर उनले ‘साइक्लिङ टेक्नोलोजी’को आधारमा रही सामान्य भ्याकुम क्लिनर बनाए। तर, त्यसको व्यावसायिकरण भने निकै ढिलो मात्र भयो। सन् १९८२ मा उनले आफ्नो कमाई र आफ्नो श्रीमतीको कमाइलाई आफैंले अनुसन्धान गरेको भ्याकुम क्लिनरको अवधारणा विकासमा लगानी गर्ने सोच बनाए। जेम्सले १९८३ मा ‘जी फोर्स’ नामबाट आधिकारिक रूपमा कम्पनी दर्ता गराएर उत्पादन थालनी गरे। तर, कुनै पनि उत्पादक तथा वितरकले उनको उत्पादनलाई बजारीकरणका लागि सहयोग गरेनन्। भ्याकुम क्लिनरको उपयोगिता बताउँदै उनी आफैं घर घरमा गए। एक-एक मेसिनको बिक्रीका लागि आफैंले ग्राहकको दैलो चहारे। जुन लगावले उनलाई विश्वभर आफ्नो उत्पादनको बजार बिस्तार गर्न मात्र सहयोग गरेन विश्वलाई एक नयाँ वस्तुका बारेमा पनि परिचित गरायो।

भ्याकुक क्लिनरको विश्व बजारीकरणमा भने जेम्सले सन् १९९१ मा जापानमा आयोजना भएको ‘इन्टरनेसनल डिजाइन फेयर प्राइज’ जितेपछि सम्भव भयो।

हाल उनी डायसन कम्पनीका मालिक पनि हुन्। चर्चित अमेरिकी पत्रिका फोर्ब्सका अनुसार ७१ वर्षीय जेम्सको सम्पत्ति ५ दशमलव २ अर्ब अमेरिकी डलर छ भने विश्वका अर्बपतिको सूचीमा ३ सय २१औं स्थानमा छन्।

*(विभिन्न अन्तर्राष्ट्रिय समाचार एजेन्सीको सहयोगमा)*

# पौने ३ अर्ब राजस्व छलीविरुद्ध मुद्दा दायर

काठमाडौं, (नेस)

राजस्व अनुसन्धान विभागले हिमालयन कार्गोका सञ्चालक विनोदकुमार गुप्ताविरुद्ध कर छलीको मुद्दा दर्ता गरेको छ। विभागले बिगो र जरिवानासमेत २ अर्ब ७२ करोड १२ लाख ३८ हजार ७ सय ६० रुपियाँ र तीन वर्षसम्म कैद गर्न माग दाबी गर्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हो।

उक्त विगोसहितको विषयमा राजस्व छली प्रकरणको सम्भवत सबैभन्दा ठूलो मुद्दा हो। गत जेठ २७ मा नोभा ब्रान्डको घिउ र पाउडर दूध लिएर काठमाडौं आएका करिब डेढ सय ट्रक नागढुंगामा पक्राउ परेपछि विभागले अनुसन्धान गरेको थियो। अनुसन्धानका क्रममा भारतीय नागरिक गुप्ताले नेपाली महिला मधुकुमारीसँग विवाह गरेको र उनको नाममा कम्पनी स्थापना गरी १० वर्षदेखि कुनै कर नबुझाई ५४ करोड ४२ लाख रुपियाँ छली गरेको अनुसन्धानबाट देखिएको विभागले जनाएको छ।

आर्थिक वर्ष २०६५/६६ देखि २०७४/७५ सम्म गुप्ताले वार्षिक पाँच हजारको दरले साना करदाताका रूपमा कर बुझाउँदै आएका थिए। विभागले गुप्ता दम्पत्तीलाई मुख्य अभियुक्त बनाएर मुद्दा दायर गरेको हो। विभागले गुप्ताको नामा रहेको १५ करोडभन्दा बढी नगद र एक अर्बभन्दा बढीको स्थिर सम्पत्ति रोक्का गरेको छ।

गुप्ताले नक्कली भन्सार प्रज्ञापनपत्र बनाई सामान चोरी पैठारी गरेको तथा नक्कली भ्याट बिल बनाएको अनुसन्धानमा देखिएको छ। राजस्व छलीमा प्रकरणमा नेपालगन्ज भन्सार प्रमुख जनार्दन आचार्य, भन्सार अधिकृत वटुकृष्ण अधिकारी, भन्सार जाँचकी बसन्तकुमार सुवेदी, कम्प्युटर अपरेटर चनद्रबहादुर क्षेत्री, भन्सार सहायक जीतबहादुर श्रेष्ठ र रामबहादुर थापाविरुद्ध पनि विभागले मुद्दा दायर गरिएको छ।

# कर विवाद समाधान गर्न दुईवटा समिति गठन

काठमाडौं, (नेस)

करका विषयमा देखिएको विवाद समाधानका लागि सरकारले दुई वटा छुट्टाछुट्टै समिति गठन गरेको छ। हाल स्थानीय तह तथा प्रदेश सरकारले आ-आफ्नै तरिकाले विभिन्न वस्तु तथा सेवाको उपयोगमा कर लगाउन थालेपछि जताततै विरोध भइरहेको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले संघीय मामिलमा तथा सामान्य प्रशासन मन्त्रालयका सचिव दिनेशकुमार थपलियाको संयोजकत्वमा विवाद समाधान समिति गठन गरेको हो। राजस्व सचिव शिशिरकुमार ढुंगाना र वित्त आयोगका सचिव बैकुण्ठ अर्याल सदस्य रहेको उक्त समितिले हाल संघ, प्रदेश र स्थानीय तहबीच उत्पन्न कर विवाद र अहिले उठेका करका दरसम्बन्धी विषयलाई सम्बोधन गरी सरकारलाई सुझाव दिनेछ।

त्यसैगरी अर्थ मन्त्रालयले राजस्व महाशाखा प्रमुख हरिशरण पुडासैनीको संयोजकत्वमा निजी क्षैत्रलाई समेत समेटेर अर्को समिति पनि गठन गरेको छ। उक्त समितिले तीनवटै तहमा दोहोरो पर्ने गरी कर निर्धारण गरिएका व्यवसायीको दाबीमाथि छानविन गरेर सरकारलाई सुझाव दिनेछ। यी दुईवटै समितिले बुझाएको प्रतिवेदनका आधारमा सरकारले करसम्बन्धी अहिले देखिएको विवाद समाधान गर्ने सरकारको भनाइ छ।

PRESS RELEASE

# अग्नि मोटोइन्कले थ्री ह्वीलर्स ल्यायो



काठमाडौं, (नेस)

महिन्द्रा टु ह्वीलर्स नेपालको लागि आधिकारिक बिक्रेता अग्निमोटो इन्कले शून्य उत्सर्जन गर्ने नयाँ विद्युतीय सवारी ई-अल्फा थ्री ह्वीलर्स तराई क्षेत्रको, बुटबल, भैरहवा, लाहान तथा विराटनगरमा प्रस्तुत गरेको छ।

ई-अल्फा मिनिले विभिन्न शहरमा बसोबास गर्दै आएका नेपाली जनतालाई आबद्ध गर्नेछ। यो एकपटक चार्ज गरेपछि ८५ किलोमिटरसम्म गुड्न सक्दछ। २५ किलोमिटर प्रतिघण्टाका दरमा कुद्न सक्ने क्षमता यसमा छ। हजार वाटको मोटर तथा कन्ट्रोलर भएको यस सवारीमा ४८ भोल्ट १२० एएचको ब्याट्री लाग्दछ।

ई-अल्फा मिनिमा आकर्षक भित्री डिजाइन रहेको छ, रुवस्ट बडी, फुल क्यानोपी, स्टाइलिस ब्याक ड्यासबोर्ड, चुस्त सस्पेन्सन, सिफ्टिङ क्लच तथा चेसिस र ठूलो बस्ने क्याविन रहेको छ। यसमा यात्रुलाई सहजता एवं चालकलाई सुविधा मिल्ने छ। यसमा धेरै भारबहन क्षमता अधिकतम सुविधा रहेको छ। अन्य प्रतिस्पर्धी सवारीको तुलनामा यस चढ्न र चलाउनअझ बढी सहजतामिल्ने छ।

सबै नयाँ इ अल्फामा कम्पनीले २ वर्षको वारेन्टी, ब्याट्रीमा ६ महिनाको वारन्टी तथा ६ महिनासम्म नि:शुल्क सर्भिसिङ उपलब्ध गराएको छ।

# ओम बैंकद्वारा कम्प्युटर प्रदान

काठमाडौं, (नेस)

ओम डेभलपमेन्ट बैंकले कास्कीको भुम्दीस्थित ओखलेडाँडा भुम्दीकोट माध्यमिक विद्यालयलाई डेक्सटप कम्प्युटर प्रदान गरेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष क्याप्टेन डिलकाजी गुरुङ र प्रधानाध्यापक मधुप्रसाद बराललाई बैंकका बिरौटा शाखाका शाखा प्रबन्धक विजय ढकालले उक्त कम्प्युटर हस्तान्तरण गरेका हुन्। सो विद्यालयमा हाल कक्षा १ देखि १० सम्म गरी १६५ जना विद्यार्थी अध्ययनरत छन्।

बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विभिन्न संघ संस्थालाई यसैगरी विभिन्न आर्थिक तथा भौतिक सहयोग गर्दै आइरहेको बैंकका प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीले बताउनुभयो।

बैंकले असार मसान्तसम्म २१ अर्ब ४५ करोड निक्षेप संकलन गरी १८ अर्ब ३६ करोड कर्जा लगानी गरेको छ भने शाखा संख्या ५३, ग्राहक संख्या करिब २ लाख ५० हजार, एटीएम संख्या १९ रहेको र विकास बैंकमध्ये शाखारहित बैकिङ सेवा प्रदान गर्ने पहिलो विकास बैंक हो।

# ‘माइलो’ इनर्जी ड्रिंक पिउँदा विद्यार्थीको स्वास्थ्यमा समस्या



नेपाल समाचारपत्र

विराटनगर

भारतको नेश्ले इण्डिया कम्पनीले उत्पादन गरेको ‘माइलो’ इनर्जी ड्रिंक पिउँदा विराटनगरको एक स्कुलका दर्जन बढी विद्यार्थीमा स्वास्थ्य समस्या देखिएको छ। इनर्जी ड्रिंक पिएका कयौं विद्यार्थीमा वान्ता र बेहोस हुने समस्या देखिएको छ।

विराटनगरको वडा नम्बर २ स्थित बूढानिलकण्ठ सेकेण्डरी इंग्लिस स्कुलमा सो कम्पनीको उत्पादनको प्रचार गर्न पुगेका प्रतिनिधिले दिएको माइलो इनर्जी ड्रिक पिउँदा विद्यार्थीको स्वास्थ्यमा समस्या देखिएको हो।

विद्यालयले ब्रान्ड प्रमोसनका लागि छुट्याइदिएको टिफिन टाइमको समयमा सो कम्पनीका प्रतिनिधि र डिलरले दिएको माइलो पिउने बित्तिकै विद्यार्थी बालबालिकाले वान्ता गर्नुका साथै बेहोस भएका थिए। विराटनगर-२ का अभिभावक सुवासकुमार साहले इनर्जी ड्रिंक पिएपछि आफ्नो छोरी बेहोस भएको बताउनुभयो। उहाँले डेढ दर्जन बढी विद्यार्थीमा सोही प्रकारको समस्या देखिएको बताएका छन्।

विराटनगर-२ कै शान्ति तिम्सिनाले विद्यालयलाई कम्पनीले प्रयोगशालास्थल बनाउन नहुने बताउनुभयो। विद्यार्थीले बान्ता गर्दै बेहोस हुन लागेको खबर पाएर आत्तिदै स्कुल पुगेका अभिभावकले आ-आफ्ना बालबालिकालाई उपचार गर्न भन्दै विराटनगरकै विराट अस्पताल लिएर गएका थिए। घटनाको सूचना पाएर पुगेको प्रहरीले नेश्ले इण्डियाका विराटनगर डिलर महेन्द्रकुमार अग्रवाललाई नियन्त्रणमा लिएको छ।

अग्रवालले विद्यार्थी बालबालिकाले खाली पेटमा जुस पिएका कारण समस्या देखिएको हुन सक्ने दाबी गरेका छन्। यता, बुढानिलकण्ठ सेकेण्डरी इंग्लिस स्कुलका प्रिन्सिपल मणिराज भट्टराईले इनर्जी ड्रिंक पिएका केही विद्यार्थीमा वान्ता गर्ने समस्या देखिए पनि कुनै पनि विद्यार्थी बेहोस नभएको दाबी गरेका छन्। अभिभावकले फुड प्वाइजन भएको आशंकामा आफ्ना बालबालिका लिएर अस्पताल गएको उहाँको भनाइ छ।

केही दिन अधिमात्र मोरङकै एक विद्यालयको पानी ट्यांकीमा बिष मिसाइएका कारण दर्जनौं विद्यार्थी बिरामी भएको घटना सेलाउन नपाउँदै विराटनगरको यो घटनाले अभिभावकलाई झस्काएको छ। पछिल्लो समय जंक फुड उत्पादन गर्ने कम्पनीले विद्यालयलाई नै पहिलो बजारका रूपमा टार्गेट गर्ने गरेका छन्। जसले गर्दा विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असरसमेत परिरहेको छ।

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com




# एसियाली खेलकुद आजबाट शुरू हुँदै




नेपाल समाचारपत्र

काठमाडौं

एसियाली खेलकुदको १८औंसंस्करण आजबाट इन्डोनेसियाको जाकार्ता र पलेङबाङ गरी दुई शहरमा शुरू हुँदै छ।

शनिबार सेन्ट्रल जाकार्ताको गेलोरा बुङ कार्नो रंगशालामा उद्घाटन नेपाली समयअनुसार साँझ ६ बजेर १५ मिनेटमा हुनेछ। भाद्र १७ गतेसम्म हुने प्रतियोगिताको उद्घाटन इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले गर्नेछन्। इन्डोनेसियाको मिडियाले जनाएअनुसार उद्घाटन समारोहलाई हेर्न ७६ हजार दर्शक आउनेछन्। उद्घाटन समारोहमा स्थानीय चर्चित कलाकारले आ-आफ्नो प्रस्तुति गर्नेछन्।

उद्घाटन समारोहमा नेपालबाट केवल ८० जनाले सहभागिता जनाउनेछन्। नेपाली टोलीको नेतृत्व खेलकुद मन्त्री जगतबहादुर विकले गर्नुहुनेछ। नेपालको झण्डा १०औं दक्षिण एसियाली खेलकुदमा स्वर्ण जितेका भारोत्तोलन खेलाडी कमलबहादुर अधिकारीले बोक्नेछन्।

उक्त एसियाली खेलकुदमा ४५ देशका ११ हजार ५ खेलाडीले सहभागिता जनाउनेछन्। जसमा ४० खेलका ४ सय २० इभेन्टमा हजारौं खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। इन्डोनेसियाले दोस्रो पटक एसियाली खेलकुद आयोजना गर्ने अवसर दोस्रो पटक जुरेको छ। यसअघि इन्डोनेसियाले सन् १९६२ मा चौथो एसियाली खेलकुद आयोजना गरेको थियो।

इन्डोनेसियामा हुने एसियाली खेलकुदमा सबैभन्दा बढी खेलाडी आयोजक राष्ट्रले ९ सय ५१ जना खेलाडीलाई मैदानमा उतारेको छ। त्यसपछि एसियाली खेलकुदमा सबैभन्दा बढी स्वर्ण पदक जितेको राष्ट्र चीनले ८ सय ५१ खेलाडी सहभागी गराएको छ। त्यस्तै थाइल्यान्डले ८ सय १६, दक्षिण कोरियाले ८ सय ७, चाइनिज ताइपेईले ५ सय ७२ खेलाडीलाई प्रतिस्पर्धा गराइनेछ।

नेपालले भने १ सय ८५ खेलाडीलाई सहभागिता गराउनेछ। २९ खेलमा प्रतिस्पर्धा गर्ने नेपालका लागि पुरुष खेलाडीमा १ सय २९ जना र महिला खेलाडीमा ५६ जना रहेका छन्। नेपालले हालसम्म १ रजत र २२ कांस्य गरी २३ पदक जितेको छ। जसमध्ये तेक्वान्दोले सबैभन्दा बढी १ रजत र १३ कांस्य पदक बटुलेको छ।

# सीपीएलमा छक्काको वर्षा



लन्डन, (एजेन्सी)

क्यारिबियन प्रिमियर लिग (सीपीएल) अन्तर्गत सेन्ट लुसिया स्टार्स र ट्रिनबागो नाइट राइडर्सबीचको खेलमा चौका र छक्काको वर्षा भएको छ।

सेन्ट लुसियाका डेरेन सामी नेसनल क्रिकेट स्टेडियममा उपस्थित हजारौं दर्शकले चौका र छक्का बर्संदा आनन्द उठाए। खेल दौरानमा कूल ३६ छक्का प्रहार भएका थिए। पहिलो ब्याटिङ गरेको सेन्ट लुसिया स्टार्सका ब्याटसम्यानले १६ छक्का हाने भने नाइट राइडसले १८ छक्का प्रहार गरेको थियो। यसमध्ये डेरेन ब्राभो एक्लैले १० छक्का प्रहार गरे।

लुसिया स्टार्सको तर्फबाट एन्ड्रे फ्लेचर र डेविड वार्नरले ब्याटिङको थालनी गरेका थिए। अन्तर्राष्ट्रिय क्रिकेटमा एक वर्षका लागि निलम्बनमा परेका अस्ट्रेलियन वार्नरले दर्शकलाई ज्यादै मनोरन्जन दिए। उनले ५५ बलमा ४ चौका र ३ छक्का हान्दै ७२ रन बनाएका थिए। त्यस्तै फ्लेचरले १४ बलमा १७ रन जोडे।

वार्नरले रहकीम कोर्नवेल र कीरोन पोलार्डसँग साझेदारी गर्दै खेल अगाडि बढाए। कोर्नवेलले ५ छक्का र २ चौकासहित ५३ रनको योगदान दिए भने पोलार्डले २३ बलमा ७ छक्का र १ चौकाको सहयोगमा ६५ रन बनाएका थिए। छक्का र चौकाले गर्दा टोलीले २० ओभरमा २ सय १२ रनको ठूलो योगफल तयार गरेको थियो।

ठूलो लक्ष्य पाएको ट्रिनबागो नाइट राइडर्सका लागि कोलिन मुन्रोले ४ चौका प्रहार गरे। तर उनी २५ रनमै पवेलियन फर्कनुपर्‍यो। त्यसपछि १० ओभरमा टोलीको लागि जित्न १ सय ५० रनको आवश्यक भएको थियो। तब ब्रेन्डन म्याकुलुम र डेरेन ब्राभोले आक्रमक ब्याटिङ प्रस्तुत गरे। म्याककुलुमले ४२ बलमा ३ चौका र ६ छक्का प्रहार गर्दै ८६ रन बनाएका थिए। ब्राभोले ३६ बलमा ६ चौका र १० छक्का हानेर ९४ रन बनाउँदै टोलीलाई जित दिलाएका थिए।

## धरहरा

# संघीयता र कर



दुखले आर्ज्याका मुलुकलाई टुक्राटुक्रा पार्नेहरूको पनि टुक्राटुक्रा होस् भन्दै बुढा पृथ्वीनारायण शाहले के श्राप मात्र दिएका थिए संघीयता पक्षधर भनिएका मनुवाले भटाभट कर बढाएपछि बुढाले दिएको श्राप लागे जस्तो छ। यो भनाइ धरहराको होइन है पाठकवृन्द। राजतन्त्र फ्याँकेर गणतन्त्र ल्याउनेहरूलाई खिसीटिउरी गर्दै गरेको एउटा दृष्यको मात्र यहाँ बयान गरिएको छ। हुन पनि उनीहरूले भनेजस्तै भएको छ मुलुकमा जताततै, जेसुकैमा पनि कर लगाएर स्थानीय निकायले आतंक मच्चाउन थालेपछि हिजो तीनहातमाथि उफ्रेर संघीयता ल्याउनेहरूलाई समेत नेताहरूले हावा-कावा खेलाउन थालेपछि संघीयता बिरुद्ध नारालाग्न थालेको छ। हैन स्थानीय निकायका मास्टरहरुले पनि के गरेका हुन् कुन्नी आफूचाहीं मोजमस्तीमा रमाउन गरिब जनतालाई करको भारी बोकाउने उनीहरूको रणनीतिलाई जडसूत्रवादी चिन्तनभन्दा फरक नपर्ला। आफ्नो क्षेत्रमा उत्पादनशील कामको सृजना गर्नुपर्ने निकाय भटाभट कर बढाएर संघीयता असफल बनाउने राणनीतिमा रहेका छन्। पूर्व राजावादीले स्थानीय तहका जनप्रतिनिधिलाई घुस खुवाएका रहेछन् कि भन्ने निष्कर्षमा धरहरा पुगेको छ।

# क्याम्पस क्रिकेट शुरू

काठमाण्डौ, (नेस)

राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन त्रिचन्द्र क्याम्पस इकाई समितिको आयोजनामा काठमाडौंमा अन्तर क्रिकेट प्रतियोगिता शुरू भएको छ। उपत्यकाका १४ वटा क्याम्पसका टोलीहरूको सहभागिता रहेका छन्। संगठनका अध्यक्ष महेशबहादुर सिंहले बलिङ र राप्रपा सहायक महामन्त्री राजाराम बर्तौलाले ब्याटिङ गरी शुभारम्भ भएको खेल प्रतियोगिता ३ दिनसम्म चल्ने संगठनका प्रवक्ता छत्र कठायतले जानकारी दिए।

# महिलाभलिबलमा सात टोली

पोखरा, (नेस)

पोखराको लामाचौरमा हुने राष्ट्रिय महिला भलिबल प्रतियोगितामा सात टिम सहभागी हुने भएका छन्। हिन्दू महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा हुने प्रतियोगिता यही भदौ २५ गतेदेखि हुन लागेको हो। लामाचौरमा रहेको इन्द्रराज्य लक्ष्मी माविको खेल मैदानमा हुने प्रतियिगितामा डिफेन्डिङ च्याम्पियन सशस्त्र प्रहरीबल (एपीएफ), न्यु डायमन्ड एकेडमी, नेपाल पुलिस क्लब, नेपाल आर्मी, जाउलाखेल भलिबल प्रशिक्षण केन्द्र, पोखराको टप्स इङ्लिस बोर्डिङ स्कुल र चितवनको चितवन टाइगर्स सहभागिता हुनेछन्। यो प्रतियोगितामा पश्चिमाञ्चलको टिम भने सहभागी भएको छैन।

पश्चिमाञ्चलका मुख्य खेलाडीद्वय नेपाली राष्ट्रिय भलिबल कि उपकप्तान मञ्जु गुरुङ र अरूणा शाही घाइते भएको कारण देखाउँदै पश्चिमाञ्चल सहभागी नभएको नेपाल भलिबल संघका केन्द्रीय उपाध्यक्ष यम गुरुङले बताए। पछिल्लो समय पश्चिमाञ्चलको महिला भलिबल निकै नै खस्किदै गएको छ। नयाँ खेलाडी उत्पादनको कमिले गर्दा पश्चिमाञ्चल महिला भलिबल ओरालो लाग्दै छ।

'यो लाजको विषय हो, हामीसँग राष्ट्रिय स्तरको खेलाडी छैन त्यसैले पश्चिमाञ्चलको टिम समावेश गर्न सकेनौ।' -उपाध्यक्ष गुरुङले बताए। प्रतियोगिताको प्रथम हुनेले नगद एक लाख ५ , द्वितीय हुनेले ६५ हजार ५, तृतीय हुनेले २५ हजार ५ र चौथो हुनेले १५ हजार ५ रुपियाँका साथै सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिता तथा महोत्सव सञ्चालन गर्न करिब ४० लाख १५ हजार ६ सय खर्च लाग्नेछ।

# सिटीका ब्रुएने घाइते

लन्डन, (एजेन्सी)

वर्तमान इंग्लिस प्रिमियर लिग च्याम्पियन म्यानचेस्टर सिटीका मिडफिल्डर केभिन डे ब्रुएने घाइते भएका छन्।

घुँडामा चोट लागेका ब्रुएने केही समय मैदानबाहिर बस्नुपर्ने भएको छ। बुधबार अभ्यासका क्रममा डी ब्रुएनेलाई चोट लागेको थियो। उनको स्वास्थ्यको पूर्ण मूल्यांकन आगामी केही दिनमा हुने बताइएको छ। अहिले नै उनी वैशाखीको सहारामा हिँड्डुल गरिरहेका छन्।

उनी दुईदेखि तीन महिना मैदान बाहिरै रहनेछन्। उनको घुँडाको ल्याटरल लिगामेन्टमा चोट लागेको बताइएको छ। बेल्जियन खेलोडीलाई सन् २०१६ मा चोट लाग्दा नौ हप्तासम्म मैदानबाहिर बस्नुपरेको थियो।




सिटीले आफ्नै अभ्यास मैदानमा डी ब्रुएनेको स्वास्थ्य परीक्षण गराइरहेको छ। उनलाई बार्सिलोनामा रहेका डा. रामोन कुगातकहाँ उनलाई पठाउने बताइएको छ। कुगातले सिटीका घाइते खेलाडीको उपचार गर्ने गरेका छन्।

सिटी अघिल्लो सिजनको प्रिमियर लिग च्याम्पियन बन्दा ब्रुएने सिटीको वर्ष खेलाडी बनेका थिए। डी ब्रुएने नहुँदा सिटीले प्रिमियर लिग उपाधि रक्षा गर्ने आशामा ठूलो झट्का लागेको छ।

# थापाथली चेस पार्कलाई उपाधि

नेपाल समाचारपत्र

काठमाडौं

तुल्सीलाल स्मृति चौथो राष्ट्रिय क्लब टिम बुद्धिचाल प्रतियोगिताको उपाधि थापाथलित चेस पार्कले जितेको छ। शुक्रबार सम्पन्न फाइनल खेलमा थापाथलीले ललितपुर स्पोर्टस क्लबलाई २.५- १.५ अंकले पराजित गर्‍यो। जसमा आशिष फुँयाल र फिडेमास्टर बिलमलाल श्रेष्ठबीचको खेल बराबरी भयो ललितपुरका सजिन महर्जनले राजन पुरीलाई हराए। तर थापाथलीका शुशील चौधरीले जनार्दन श्रेष्ठ र क्षितिज भण्डारीले बद्रिलाल नेपालीलाई हराएर टिमलाई उपाधि दिलाएका हुन्। उपाधिसँगै थापाथलीले नगद १ लाख पचास हजार र दोस्रो हुने ललितपुरले रु. ७५ हजार पाए।

**सवारी चालकका लागि स्वर्णिम अवसर**

**यस कामना न्यूज पब्लिकेशन्स्का लागि एकजना सवारी चालकको आवश्यकता परेकोले इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क राख्न सकिनेछ।**

**सुविधा**

१) घरमा बस्ने व्यवस्था। पानी -बिजुली नि:शुल्क।
२) कम्तिमा मासिक **रु १५०००/-** तलब।
३) श्रीमती हुनेलाई घरमा काम गर्ने अवसर।
४) भान्छा र बगैंचामा काम गर्ने अनुभव भएकालाई बिशेष प्राथमिकता दिइनेछ।
५) सवारी चालकको हकमा गाडी सम्बन्धि प्राविधिक ज्ञान भएकालाई विशेष प्राथमिकता दिइनेछ।
६) सवारी चालकका एकजना बच्चालाई कक्षा १० सम्मको छात्रवृत्ति।

**सम्पर्क फोन: ४-२६११७९**
**भीमसेनस्थान, काठमाडौं।**

# सेरेनाले खराब हारको कारण बताइन्



लन्डन, (एजेन्सी)

सेरेना विलियम्सले गत महिना जोहाना कोन्टाविरुद्ध खेल खेल्न केही मिनेट अघि उनकी सौतेली बहिनीका हत्यारा छुटेको बताएकी छन्।

सेरेनाकी बहिनीकी हत्यारालाई क्षमादान दिइएको असर उनीमाथि परेको उनले बताइन्। गत महिना सान जोसेमा भएको सिलिकन भ्याली क्लासिक टेनिसमा उनी कोन्टासँग ६-१, ६-० ले पहिलो चरणमा हारेकी थिइन्। यो उनको करियरमा अहिलेसम्मकै सबैभन्दा खराब प्रदर्शन बनेको थियो। उनले एक गेम मात्रै जितेकी थिइन्।

सन् २००३ मा सेरेनाकी बहिनी यटुन्डे प्राइसको ३१ वर्षको उमेरमा हत्या भएको थियो। २३ पटक ग्रान्डस्लाम जितेकी सेरेनाले टाइम म्यागेजिनलाई शुक्रबार बताइन- 'मेरो दिमागबाट यो घटनालाई हटाउन सकेको छैन।'

रोबर्ट म्याक्सफिल्डलाई अप्रिल २००६ मा १५ वर्षका लागि जेल चलान गरिएको थियो। त्यतिबेला सेरेना पनि उपस्थित थिइन्। रोबर्टले लस एन्जेल्सस्थित कम्पटनमा प्राइसलाई मारेका थिए।

कोन्टासँग हारेपछि गएको मंगलबार सिनसीनाटी टेनिसमा पनि सेरेना पराजित भइन्। उनलाई चेक खेलाडी किटोभाले दोस्रो चरणमा पराजित गरेकी थिइन्। वर्षको अन्तिम ग्रान्डस्लाम युएस ओपन आयोजना हुन २ साताभन्दा कम समय रहेको छ। सेरेना युएस ओपनमा सातौं उपाधि जित्न कोसिस गर्न तयार भएको बताएकी छिन्। यसै वर्ष जुलाईमा भएको विम्बल्डनमा सेरेना फाइनलमा पराजित भएकी थिइन्।

# हेटौंडामा खुला फुटसल

हेटौंडा, (नेस)

पूर्वफुटबल खेलाडी वीरेन्द्र राईको स्मृतिमा हेटौंडामा फुटसल प्रतियोगिता हुने भएको छ।

२ वर्षअघि हृदयघातका कारण निधन भएका हेटौंडा-२ निवासी राईको स्मृतिमा एफसी मल्टिभिजनले हेटौंडा-४ मा रहेको फुटसल सेन्टरमा प्रतियोगिता गर्ने भएको हो। प्रतियोगिताबारे पत्रकार सम्मेलनमार्फत् जानकारी दिँदै मल्टिभिजन अध्यक्ष विकेशलाल श्रेष्ठले राईले खेलकुद क्षेत्रमा पुर्‍याएको योगदानको कदर र सम्मान गर्दै खेलाडीहरूको हौसला बढाउन प्रतियोगिता गर्न लागिएको बताए। मल्टिभिजन सचिव गणेशदर्पण अधिकारीले भदौ ७, ८ र ९ गते सञ्चालन हुने प्रतियोगितामा करिब २० टिमको सहभागिता हुने जानकारी दिए।

प्रतियोगितामा ७७ वटै जिल्लाबाट सहभागी हुन पाउने छन्। भदौ ५ गतेसम्म प्रतियोगिताका लागि सहभागिता जनाउन पाइनेछ भने दर्ता शुल्क ५ हजार तोकिएको छ।

अध्यक्ष श्रेष्ठका अनुसार प्रतियोगितामा करिब २ लाख ५० हजार रुपियाँ खर्च हुने अनुमान छ। प्रतियोगिताका विजेता र उपविजेताले क्रमश: नगद ५० र २५ हजार रुपियाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने छन्। यसअघि प्रतियोगिता गुगल स्पोर्टस् हाउसले आयोजना गरेको थियो।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ